माघ ४, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

## माघ १

# आशा र आशंका

- खाग तस्करीमा दुई विदेशी कुटनीतिज्ञ
- क्यान मेलामा सूचनासँगै मनोरञ्जन
- के गर्दैछन् राजा ?

मूल्य रु. २५






तेज बस्नेत




वर्ष ३, अंक १३९, पुस २८–माघ ४, २०६३

**आवरण :** माघ १ मा जारी हुने अन्तरिम संविधानले प्रसस्त आशासँगै उत्तिकै आशंकाहरू पनि लिएर आउने छ । माओवादीलाई संसद् र सरकारमा लिएर जाने यो संविधानसँग संविधानसभाको चुनाव गराउने महत्त्वपूर्ण जिम्मेवारी त छँदैछ, शक्ति र पदको प्रयोग माओवादीले कुन रूपमा गर्ने हुन् भन्ने उत्सुकता र आशंका पनि योसँगै जन्मिनेछन् २८

## ख्वास्स

अविन श्रेष्ठ
www.abin.com.np




काँ, काँ, काँ जान लाग्या ? ह्वाँको पो चक्काजाम सकियो त, त्यसपछि त हाम्रो शुरू भैहाल्यो नि !


## क्यान इन्फोटेक

राजधानीमा बाह्रौंपटक आयोजना भएको क्यान इन्फोटेकले सूचनामात्र पस्किएको छैन, सँगै मनोरञ्जन पनि बाँडिरहेको छ ३७

## रिपोर्ट

कालिकोटको दु:ख : न बाटो, न प्रविधि १८
साँच्चि नै ज्यानमारा हुन्छ चालक ? १८
पेशाकर्मीहरू चुनावी मैदानमा उत्रिए २६

## शिक्षा

सरकारी उदासीनताकै कारण तहसनहस भयो प्राज्ञिक क्षेत्र २४

## अन्तर्वार्ता

मातृका यादव : जनतान्त्रिक मुक्तिमोर्चा भारत र दरबारको खेल हो ३४

## यातायात

सिन्डिकेटको जालो कसैले तोड्न सकेनन् ३६




**रंग :** पूर्वदेखि पश्चिमसम्म संगीत यात्रामा निस्केको नेपथ्यको टोली जहाँ पुग्छ, उत्तिकै माया पाउँछ ५६


| | |
|---|---|
| सम्पादकीय | ५ |
| चसक | ६ |
| डाँक | ८ |
| टिपोट | ११ |
| मुलुक | १२ |
| साहित्य | ५१ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय
राष्ट्रिय साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# तराईं हिंसा र चुनौती

## सम्पादकीय

**सरकार–माओवादीबीच** जारी शान्ति प्रक्रिया अनेक आशंका र विवादलाई पछाडि छोड्दै अगाडि बढिरहँदा मुलुकका विभिन्न भागमा हिंसाको वातावरण झन् उग्र हुनु चिन्ताको विषय हो। एघार वर्षको द्वन्द्व र हिंसाको माध्यमबाट राजनीति संचालन गरेको माओवादीलाई प्रतिस्पर्धात्मक प्रजातान्त्रिक बहुदलीय व्यवस्थामा भित्र्याउने प्रयासका साथ भइरहेको शान्तिवार्ता निश्चय पनि स्वागतयोग्य कदम हो। मुलुकभित्र र अन्तर्राष्ट्रिय जगत्बाट त्यो शान्ति प्रक्रियाले पूर्ण अनुमोदन हासिल गरेको छ।

तर माओवादी हिंसाले पाएको अनुमोदनको अरू संगठित र राजनीतिक हिंसालाई प्रोत्साहित नगर्ला भन्न सकिन्न। राज्य र उसका संयन्त्रहरू असंगठित तर जनताका उचित मागहरूप्रति संवेदनशील नदेखिएमा त्यस्ता मागहरूले संगठित हिंसाको रुप लिन सक्छन्। अर्थात् अर्को शब्दमा आउँदा केही दिन वा वर्षहरूसम्म हिंसा नेपालको राजनीतिक र राष्ट्रिय सामाजिक जीवनको नियति नै नबन्ला ? भन्ने प्रश्नलाई माओवादी सहितको आउँदो सत्ताले गम्भीरताका साथ लिनु आवश्यक छ।

जनतान्त्रिक तराई मोर्चा (गोइत र ज्वालासिंह)ले झन्डै विगत एक महिनादेखि हिंसा र तराई बन्दका विभिन्न कार्यक्रमहरू घोषित गर्दै आफ्नो शक्ति स्थापित गर्ने वा त्यसको आभास सर्वत्र गराउने माओवादी शैली अपनाउँदै आएका छन्। तराई र विभिन्न जनजातिहरूका उचित माग वा उनीहरूका हक हित संरक्षणसम्बन्धी बुँदाहरू अन्तरिम संविधानमा नपरेको उनीहरूको ठहरले यो हिंसाले अझ बढी उग्ररुप नलेला भन्न सकिन्न।



हिंसाको राजनीतिक नाइके शक्ति माओवादीसँग वार्ता चलिरहेको यो अवस्थामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समानान्तररुपमा तराई मुक्तिमोर्चासँग पनि वार्ता गर्ने साहस राख्लान् भन्ने सोच व्यवहारको हिसाबले सम्भव नदेखिने वर्तमान सत्तापक्षको मान्यता छ। तर, हिंसाले निरन्तरता पाइरहेमा अहिलेको शान्ति प्रक्रियाको उपलब्धि सीमित हुनेछ। अर्को शब्दमा माओवादी सत्तामा आउनु प्रजातान्त्रिक शक्तिको विजय मानिए पनि मुलुकमा हिंसाको प्रकोप नघट्ने वा समाप्त नहुने अवस्था रहिरहेमा त्यसले मुलुकको राजनीतिक स्थिरता र प्रगतिको चाहना पूरा हुन दिनेछैन।

त्यसैले सरकारका अंगका रुपमा र एउटा राजनीतिक शक्तिका रुपमा माओवादीले सामना गर्ने राजनीतिक र नैतिक चुनौती सावित हुनेछ, यो खास गरी। न्यायका लागि हतियार उठाउनु जायज हो भन्ने माओवादीको तर्ककै पृष्ठभूमिमा उसले अर्को हतियारधारी शक्तिसँग कसरी सामना गर्ला ? ठूलो हतियारले सानो हतियारलाई समाप्त पार्ने नीति उसले अख्तियार गरेमा त्यो मुलुकलाई हिंसाको भँगालोबाट बाहिर आउन नदिने शृंखलाको एउटा पाटो मात्र हुनेछ। माओवादीसहितको सरकारले बृहत् शान्ति प्रक्रियामा तराईका यी शक्तिहरूलाई सामेल गर्न सके त्यसले उसको प्रजातन्त्रप्रतिको जनताको आशंकालाई सकारात्मकरुपमा सम्बोधन गर्न खोजेको प्रमाणका रुपमा लिइनेछ यसलाई। कुनै राजनीतिक बहानामा हिंसा जन्माउन सकिन्छ तर राजनीतिक तरिकाले अन्तरिम सरकारले हिंसा साम्य पार्न सकेन भने माओवादीसहितको सरकारको पहिलो पराजय हुनेछ। ■




## समय साता

**माग**
आदिवासी जनजातिद्वारा अन्तरिम संविधानमै दलीय र जातीय आधारमा समानुपातिक प्रतिनिधिको स्पष्ट किटान हुनुपर्ने माग ।

**प्रतिबद्धता**
नेपाल बार एसोसिएसनका लागि उम्मेदवारी दिएका दुई वरिष्ठ अधिवक्ता वसन्तराम भण्डारी र विश्वकान्त मैनालीद्वारा संविधानसभाको निर्वाचन सफल पारी पूर्ण संविधान निर्माण गर्नेतर्फ कानुन व्यवसायीहरूलाई सक्रिय बनाउने प्रतिबद्धता ।

**आपत्ति**
अन्तरिम संविधानमा संशोधन गर्न सुझाव दिने सर्वोच्च अदालतको अभ्यासप्रति सरकार र माओवादीको आपत्ति । पुरानो सोचलाई त्यागेर नयाँ सोचमा रुपान्तरित हुन अदालतलाई आग्रह ।

**आग्रह**
संयुक्त राष्ट्रसंघद्वारा इराकमा मृत्युदण्ड कारबाही केही समयका लागि निलम्बन गर्न इराकी सरकारसँग आग्रह ।

**बढुवा**
संसद् सचिवालय व्यवस्थापन समितिद्वारा संसद् सचिवालयका दुईजना सहसचिव मनोहरप्रसाद भट्टराई र कृष्णप्रसाद पाण्डेलाई विशिष्ट श्रेणीमा बढुवा ।

**मृत्यु**
भारतको आसाममा संदिग्ध पृथकतावादी समूहले जारी राखेको हिंसाका कारण पचासको मृत्यु, १९ घाइते ।

**मुक्त**

सशस्त्र विद्रोही समूहद्वारा चार वर्षअघि अपहृत कोलम्बियाली एक पूर्वमन्त्री फर्नान्डो अराउजो मुक्त ।

**निर्देशन**
प्रतिनिधिसभा विकास समितिको बैठकद्वारा नेपाल टेलिकमद्वारा वितरण गर्दै आएको सिडिएमए टेलिफोन सेवालाई ग्राहकको मागअनुसार देशभर वितरण गर्ने वातावरण मिलाउन सरकारलाई निर्देशन ।

**प्रस्ताव**
पूर्वी तराईमा हिंसात्मक आन्दोलन गर्दै आइरहेको जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला) समूहद्वारा आफ्ना नौबुँदे माग प्रतिनिधिसभाबाट पारित भए तत्काल वार्तामा बस्ने प्रस्ताव ।


**फिर्ता**
यातायात मजदुर संगठनहरूद्वारा अनिश्चतकालीन पूर्वाञ्चल बन्द कार्यक्रम फिर्ता ।

**रोक**
माओवादीद्वारा इलाम जिल्लाका गाविस सचिवहरूलाई नागरिकता वितरण र मतदाता नामावली संकलन बाहेकका अन्य काम गर्न रोक ।

**घोषणा**
अस्थायी शिक्षकहरूलाई छुट्टै प्रक्रियाद्वारा स्थायी गरिनु पर्ने माग राख्दै अस्थायी शिक्षकहरूद्वारा आन्दोलनका कार्यक्रम घोषणा ।

**सहमति**
प्रतिनिधिसभा प्राकृतिक साधन तथा स्रोत समितिको मध्यस्थतामा परिचयप्राप्त मुक्त कमैयालाई तत्काल पुनःस्थापना गरिने सरकारसँग सहमति ।

**बरामद**
प्रहरीद्वारा राजधानीको गौशालाबाट चीनतर्फ लगिन लागेको एक करोड बराबरको चन्दनको काठ बरामद ।




## आतंकको नयाँ रूप

*समय* (वर्ष ३, अंक १३८)मा छापिएको आवरण समाचार 'त्रस्त तराई' पढ्ने मौका पाइयो । माओवादी समस्याबाट आजित भएका सर्वसाधारणलाई यो नयाँ आतंकले फेरि त्रस्त बनाउन खाजेको छ । राजनीतिक तरलताको बेला फैलिन खोजेको यस्तो आतंकलाई समयमै सम्बोधन वा निर्मूल नगर्ने हो भने शान्तिको सपना बुन्न थालेका दुई करोड नेपालीको आशामाथि तुषारापात हुनेछ । शेर सिंह, हरि सिंह, ज्वाला सिंहका नामबाट फेरि नेपालीहरू आफ्नो बाँच्न पाउने अधिकारबाट टाढिनु नपरोस् ।

■ **अशोक वाग्ले**
सर्लाही, हाल : बौद्ध

## गैंडा आतंक

*समय* (वर्ष ३, अंक १३८)मा गैंडासम्बन्धी रिपोर्ट पढ्ने मौका पाइयो । तीन महिनादेखि गैंडा मारिएका समाचारहरू जताततै छाए, तर मार्ने काम रोकिएन । मन्त्रिपरिषद्बाट गैंडा संरक्षण सम्बन्धी विशेष ऐन पनि पारित भयो, तैपनि कार्यान्वयनको अभावमा गैंडा आतंक रोकिएन । गैंडा मारिएलगत्तै गैंडाको खागसँगै केही व्यक्ति समातिएको समाचार सार्वजनिक भएको छ । गत महिना पनि यस्तै समाचार सुनिएको थियो, तर गैंडाको खागसँगै तस्कर समातिएको दुई दिनपछि पुन: गैंडा मरेको समाचार आएको थियो । निकुञ्जमा गैंडा सकिन लागेको अवस्थामा फेरि पनि त्यस्तै घटना नदोहोरिएला भन्न सकिन्न । यस्ता बेला सबै चनाखो हुनु जरुरी छ ।

**विनोद झा**
पर्सा, हाल : मैतीदेवी
binod_j@hotmail.com

## कम्युनिष्ट आदर्श ?

*समय* (वर्ष ३, अंक १३८) मा धाममा कम्युनिष्ट पढ्ने अवसर पाइयो । मैले सुने र बुझेअनुसार कम्युनिष्टहरू धर्ममा विश्वास राख्दैनन् । तर, समयमा छापिएको तस्बिर हेर्दा लाग्यो, नेपाली कम्युनिष्टहरू खोक्रो 'कम्युनिज्म'को पछि लागेका रहेछन् । आफ्ना कार्यकर्तालाई धर्ममाथि आस्था र विश्वास नराख्न भन्ने कम्युनिष्टहरूको यो चरित्रले उनीहरूभित्र र बाहिर रहेको दोधारे प्रवृत्ति प्रस्ट पार्दैन र ?

■ **विश्वकान्त तिमिल्सिना**
सातदोबाटो, ललितपुर

## त्रासको राजनीति

*समय* (वर्ष ३, अंक १३८) पढ्ने मौका पाइयो । तराईको पीडालाई समेटेकोमा *समय*लाई धन्यवाद ! विगत केही महिनादेखि जनताले शान्तिको महसुस गरिरहेको सर्वविदितै छ । सात राजनीतिक दल र माओवादीबीचको सम्झौताले धेरै राजनीतिक निर्णय भएका छन् । त्यसपछि अन्तरिम संविधान बनिसकेको अवस्थामा र अन्तरिम सरकार बन्ने बेलामा देशको पूर्वी भागमा त्रास बढ्दो छ । तराई जनतान्त्रिक मुक्तिमोर्चाले अनाहकमा सर्वसाधारणको ज्यान लिनुका साथै लुटपाट, धम्कीजस्ता निन्दनीय कार्य गरिरहेको छ । यस्तो भइरहनु शान्तिप्रक्रियामा काँडा घोचेसरह हो । यो समूहलाई वार्ता प्रक्रियाबाट सही बाटोमा तत्कालै ल्याउन जरुरी देखिएको छ, तर यसको पहल कतैबाट हुने छाँट देखिएको छैन । तराई जनतान्त्रिक मोर्चाले पुस २८ देखि तराई बन्दको घोषणा गरेको छ । सद्भावनाले केही दिनअघि गरेको नेपाल बन्दले भड्किएको हिंसाजस्तै नहोला भन्न सकिन्न । त्यसैले समयमै सरकारले यतातिर ध्यान दिन जरुरी छ ।


■ **डिबी रक क्षेत्री**
चौरी, कैलाली

## हतियारको सन्त्रास नहोस्

परिवर्तनको नयाँ मोडलमा देश र आफ्नो सुन्दर भविष्य पर्खिरहेका जनताको आकांक्षामा पुन: तुषारापात भएको छ । जनआन्दोलनमा उत्सर्ग भावनाको सम्मान सरकार र माओवादी दुवैले गरेका छैनन् । साना समस्यालाई बढाएर निहुँ निकाल्नु सरकार र माओवादी दुवैको नियमितता देखिन्छ । के जनताको बलिदानीको अर्थ छैन ? परिवर्तनका संवाहक जनताले दशक बिताएको द्वन्द्वपछि पनि अवस्था उस्तै रहनु दुःखद कुरा हो । हतियार व्यवस्थापनका लागि माओवादीलाई ब्यारेकमा राखिसकेपछि अब त्यो सन्त्रास जनतामा फैलन नदिन माओवादी जिम्मेवार बन्नुपर्छ । दलहरूले त्यही हतियारको बहानामा माओवादीलाई सरकारमा सामेल गराउन ढिला गर्नुहुन्न । नत्र बीचमा रहेको यो शंकाले भविष्यमा अझै समस्या निम्त्याउँछ । एकातिर जनताले दल र माओवादी दुवैलाई खबरदारी गरिरहेको अवस्था अर्कोतर्फ माओवादी खुला राजनीतिक प्रतिस्पर्धामा उत्रिएको समय सबैले यो देश समृद्ध बनाउन चाहेको हो भने बुझेर आपसी अविश्वास अन्त्य गर्दै तत्काल अग्रगामी बाटो तय गर्नुपर्छ । जनतालाई द्वन्द्वको समाप्ति र परिवर्तनको संकेत दिलाउनुपर्छ ।

■ **राधेश्याम गजुरेल 'ज्वालामुखी'**
बेल्कोट-६, तिगाउँ, नुवाकोट
gajurelrs@hotmail.com

## सद्दामको अवसानपछि



*समय* (वर्ष ३, अकं १३८)को शून्य समय पढेँ । इराकमा आणविक हतियार भएको भन्दै शक्तिशाली रुपमा आक्रमणमा होमिएको अमेरिका सद्दामलाई दिएको फासीपछि थकित र हारेको अवस्थामा देखिएको छ । त्यतिमात्र होइन, इराकमा आक्रमणको निहुँ झिक्न 'आणविक हतियार रहेको' आरोप उहिल्यै असत्य भइसकेको थियो । हठी र महत्त्वाकांक्षी देखिएको अमेरिका इराकमा भने नराम्रोसँग असफल भएको स्वयं राष्ट्रपति बुसले पनि बताइसकेका थिए । सद्दामलाई दिएको मृत्युदण्डपछि अमेरिका झन् असफल भएको प्रमाणित भएको छ ।

■ **राजीव शाही**
अनामनगर -११ काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोन: ४४४३८८८/२११२०९४**

# माइक्रोसफ्टका नेपाली ज्ञाता



आफ्नो मुलुकको उन्नतिमा विशिष्ट योगदान पुऱ्याउने पाँच विदेशी नागरिकलाई चीन सरकारले सन् २००६ मा सम्मान दियो। तीमध्ये छानिएको थियो, एक नेपाली अनुहार पनि। अल्प विकसित देश नेपालको नागरिकले विश्वको शक्तिशाली देश चीनको अर्थतन्त्रमा पुऱ्याएको खास योगदान धेरैका लागि 'आश्चर्यजनक' थियो। तर, 'ग्रेटर चाइना रिजन'का लागि माइक्रोसफ्ट कम्पनीको 'स्ट्रयाटेजी प्रोजेक्ट' हेर्ने अशोकराज पाण्डेले विशाल चीनको विकासमा योगदान गर्ने थोरै विदेशी नागरिकको पंक्तिमा आफूलाई उभ्याएका थिए।

काठमाडौं ज्ञानेश्वरका पाण्डे सन् १९७७ मा चीन पुगेका थिए, 'इलेक्ट्रिकल इन्जिनियरिङ' पढ्न। ६ वर्षको अध्ययनपछि उनी नेपाल त फर्किए तर बस्न सकेनन्। विद्युत् इन्जिनियरका रुपमा कुलेखानी दोस्रो जलविद्युत् परियोजनामा काम गर्दा उनको हैसियत सामान किन्नका लागि माग फाराम भर्ने इन्जिनियरमा सीमित पारिदिए, जापानी इन्जिनियरहरूले। 'केही गरौं भन्ने उत्साह पूरा नहुने देखेपछि एक वर्षपछि म चीन फर्किएँ', पाण्डे भन्छन्, 'त्यो वातावरणमा एक वर्षभन्दा बढी बस्नै सकिनँ।'

मुलुक छाड्नु परे पनि उनी भाग्यमानी सावित भए। सम्भवतः 'हाइड्रोलिक इन्जिनियरिङ'मा 'एमएस' गर्न बोलाइने उनी पहिलो नेपाली थिए, तर फर्केर उनी कहिल्यै खोलामा बाँध बाँध्न वा सुरुङ खन्न जानु परेन। नाटकीय रुपमा उनको करियर सूचना प्रविधि क्षेत्रमा सुरु भयो। १९८५ मा फ्रान्सको कम्प्युटर उत्पादक कम्पनी 'बुल'सँग आबद्ध भएपछि उनी सूचना प्रविधि तालिमका लागि लन्डन, फ्रान्स, स्विजरल्यान्ड र सिंगापुर पुगे। एक वर्षको तालिम पूरा भएपछि पुनः फर्किए चीनमा। पाण्डे भन्छन्, 'त्यो बेला कम्प्युटर इन्जिनियरको कमी थियो, त्यसैले पनि मलाई बोलाइएको होला।' १९९४ सम्म यो कम्पनीमा रहँदा उनी चीनका लागि यो कम्पनीको 'डेपुटी मार्केटिङ चिफ'को जिम्मेवारी सम्हालेका थिए। त्यसपछि उनी फ्रान्सकै 'डासल्ट' कम्पनीमा पुगे। जसले युद्धक विमान, टेलिकम र बैंकिङ सामग्रीहरूको उत्पादन गर्थ्यो, तर उनले यो कम्पनीमा लामो समय काम गरेनन्। चीनमा रहँदा बहुराष्ट्रिय कम्पनीको मार्केटिङमा हासिल गरेको अनुभवलाई उनले वैदेशिक व्यापारमा उपयोग गर्न चाहन्थे। १९९५ को जुलाईमा नेपाल फर्किएर पाण्डेले रासायनिक मल, कम्प्युटर जस्ता क्षेत्रको व्यापारमा हात हाले। तर, अन्तर्राष्ट्रिय व्यापार गर्ने उनको प्रयास रहरमात्रै सावित भयो। उनी भन्छन्, 'यो त्यति सजिलो थिएन। त्यसैले म व्यापारको काम छोडेर ६ महिनामै चीन फर्किएँ।'

उनले सूचना प्रविधिको क्षेत्रमा काम गर्ने एक अमेरिकी कम्पनी 'टान्दाम'मा पुनः काम सुरु गरे। त्यसपछि 'कम्प्याक' र 'एसआरए'मा क्रमशः उनी सारिँदै गए। किनभने यी तीनवटा कम्पनी क्रमशः गाभिएका थिए। यो समयमा उनी एउटा इन्जिनियर मात्रै नभएर कुशल बजार व्यवस्थापकका रुपमा समेत परिचय बनाउन सफल भए। विकासको अग्रगतिमा लम्किरहेको चीनमा बजार प्रवर्धनका लागि अमेरिकी माइक्रोसफ्ट कम्पनीलाई यस्तै व्यवस्थापक आवश्यक थियो। त्यसैले २००३ मा माइक्रोसफ्टले 'अफर' गऱ्यो यी नेपाली इन्जिनियरलाई। सुरुका तीन वर्ष पाण्डेले 'स्ट्रयाटेजी डाइरेक्टर'का रुपमा काम सम्हाले। यो जिम्मेवारीमा रहँदा उनले माइक्रोसफ्ट कम्पनीलाई चीनमा स्थापित गराए। अमेरिकी कम्पनी र चिनियाँ सरकार एवं स्थानीय सरोकारवालाहरूसँगको सम्बन्ध पनि कसिलो पारिदिए। त्यसैले पनि होला, अहिले उनको जिम्मेवारी थपिएको छ, स्ट्रयाटेजिक प्रोजेक्ट हेर्ने ग्रेटर चाइना रिजनका अधिकारीका रुपमा। विश्वको एक प्रमुख कम्प्युटर उत्पादक कम्पनी माइक्रोसफ्टमा रहेर चीनमा सूचना प्रविधिको क्षेत्रमा योगदान पुऱ्याएकै कारण सम्मानित हुने पाँच विदेशीको सूचीमा पाण्डे पनि परेका हुन्।

नेपालीभूमिमै फर्किएर यो देशको विकासमा केही गर्ने उनको चाहना अहिले पनि ज्यूँदै छ। उनी भन्छन्, 'त्यो चाहना कहिले पूरा होला मलाई पनि थाहा छैन।'

■ **मधुसूदन पौडेल/काठमाडौं**

(तस्वीरहरू: तेज बस्नेत)



# खाग तस्करीमा दुई विदेशी राजदूत

**बर्दिया राष्ट्रिय** निकुञ्जका झन्डै ८४ वटा गैंडाको सिकार र खाग तस्करीको विवाद चर्किरहेकै बेला यसले नयाँ आयाम लिएको छ। खाग तस्कर गिरोहसँग कमसे कम दुईजना नेपालस्थित विदेशी राजदूतहरूको समेत साँठगाँठ रहेको तथ्य अनुसन्धानका क्रममा खुलेको छ। ती दुई राजदूतहरूलाई खाग तस्कर गिरोहका सदस्यहरूले सुरक्षाकर्मीको मिलेमतोमा खाग बुझाएको अनुसन्धानका क्रममा खुल्न आएको छ। अनुसन्धान चलिरहेकाले त दुई विदेशी कूटनीतिज्ञको नाम अहिल्यै सार्वजनिक गर्न नमिल्ने अनुसन्धान सूत्रले बताएको छ।

साथै वर्तमान मन्त्रिपरिषद्ले सातजना कुख्यात खाग तस्करहरूलाई जेल मुक्त गर्ने निर्णय कुन आधारमा र कसको प्रभावमा गर्‍यो, यसलाई पनि सम्पूर्ण गैंडा हत्या र खाग तस्करी प्रकरणसँग जोडेर हेरिएको छ। तत्कालीन वनसचिव डा. स्वयम्भूमान अमात्यले तस्करहरूको रिहाइको विरोध गरेपछि उनलाई पदबाट हटाइएको मात्र होइन, त्यति बेलाका वनमन्त्री गोपाल राईले तस्कर रिहाइको प्रस्ताव कोइराला मन्त्रिपरिषद्बाट अनुमोदन गराएका थिए। त्यस बेला रिहाइ गरिएका सातध्ये चार पुनः पक्राउ परेका छन् भने राजदूतहरूको संलग्नताबारे थप अनुसन्धान भइरहेको सरकारी सूत्रले जनाएको छ।

## जुम्लाका विकट गाउँमा प्रहरीचौकी

**सरकार र माओवादीबीच** प्रहरीचौकी पुनःस्थापना गर्नदिने सम्झौता भएलगत्तै एक दशकदेखि प्रहरीहरूले पाइला टेक्न नपाएका जुम्लाका विकट गाउँहरूमा प्रहरीचौकी पुनःस्थापना हुन थालेका छन्। माओवादी जनयुद्धको प्रभाव बढ्न थालेपछि जुम्ला सदरमुकाम बाहिरका सबै प्रहरीचौकी हटेका थिए भने प्रहरी र प्रशासन सदरमुकाममा मात्र सीमित रहँदै आएको थियो।

सरकारले सबै क्षेत्रमा प्रहरीचौकी पुनःस्थापना गर्न आदेश जारी गरेको पत्र नपुग्दै सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी र जिल्ला प्रहरी कार्यालयका निमित्त प्रमुख जितेन्द्र बस्नेतको सक्रियतामा पाँच ठाउँमा चौकी स्थापना भएका छन्।

'हामीले माओवादीसँगको सहकार्यमा आदेश भएको केही दिनमै चौकी पुनःस्थापना गरेका छौं', अधिकारीले समयसँगको टेलिफोन सम्पर्कमा भने। जिल्लाका दुर्गम गाउँहरू हाडसिंजा, नराकोट, डिल्लीचौर, हाकु, कुडारीमा प्रहरीचौकी स्थापना भएका छन्। हाडसिंजामा १८ र अन्य ठाउँमा दसजनाका दरले दरबन्दीको पनि व्यवस्था भइसकेको बस्नेतले बताए। ■

## 'रणमैदान'मा रंगशाला उद्घाटन

**माओवादी युद्धका** बेला रणमैदानमा परिणत भएको राजमार्ग नजिक नवलपरासी रामनगर बडेरामा सहीद स्मृति रंगशाला निर्माण भएको छ। सधैं राजनीतिक रंगशालामा खेल खेलिरहेका माओवादी पश्चिम कमान्ड इन्चार्ज टोपबहादुर रायमाझी (अनिल)ले रंगशाला उद्घाटन गरेका थिए। रंगशालाको शिलान्यास एउटै समारोहमा अखिल नेपाल फुटबल संघका अध्यक्ष गणेश थापाले गरेका थिए।

माओवादीका कतिपय नेताहरूले फुटबल संघ लगायतका खेल समितिहरूलाई पुरानो सत्ताका मतियारहरूको रजाइँ हुने ठाउँ भनेर आलोचना गर्ने गरेका थिए। पूर्व गृहमन्त्री कमल थापाका भाइ भनेर समेत कतिपय माओवादी नेताहरूले आक्षेप लगाउने एन्फा अध्यक्ष थापा र माओवादी पश्चिम कमान्ड इन्चार्ज रायमाझीसहित माओवादी नेताहरूको त्यहाँ जमघट भएको थियो।

माओवादीको निगरानीमा स्थानीय खेल क्लबको संयोजनमा यो रंगशाला निर्माण भएको हो। करिब २५ लाख रुपैयाँ लागतको रंगशाला राजमार्गछेउको जंगलमा छ। जगलत काम गरेको भए आफूलाई कारबाही गर्न थापाले चेतावनी दिएका थिए।

सुनवलस्थित राजमार्गवरपर रंगशालाका अतिरिक्त सहिदस्मृति प्रतिष्ठान, सहिदस्मृति द्वार र सहिदस्मृति मार्ग पनि शिलान्यास र उद्घाटन भएका छन्। सोही दिन माओवादी नेता रायमाझी र नेतृ पम्फा भुसालले तिनको शिलान्यास र उद्घाटन गरेका थिए।

■ **दीपक ज्ञवाली/बुटवल**

## केलनको वाटर हिटर

**प्राइम ट्रेडिङ हाउसले** 'केलन क्विक इलेक्ट्रिक वाटर हिटर' नेपाली बजारमा ल्याएको छ। अमेरिकी कम्पनी केलन इन्कको नेपालका लागि आधिकारिक बिक्रेता रहेको यो ट्रेडिङ हाउसले उक्त कम्पनीद्वारा उत्पादित विद्युतीय र घरायसी उपयोगका सामग्रीहरू नेपालमा उपलब्ध गराउँदै आएको छ।

यस्तो हिटर नेपाली बजारमा पहिलोपटक ल्याइएको दाबी कम्पनीले गरेको छ। सस्तो तर गुणस्तरीय हिटरबाट नेपाली उपभोक्ता लाभान्वित हुने विश्वास गरिएको छ। आकर्षक साइजमा यो हिटर एकवर्ष वारेन्टीका साथ बजारमा उपलब्ध गराइएको छ। आधुनिक प्रविधिको यो हिटर प्रयोगमा पनि सजिलो रहेको कम्पनीले दाबी छ।




नेपालगन्जमा दुई साताअघि भएको दंगा नियन्त्रणका क्रममा परिचालित प्रहरी

# सरकारको अर्को अपरिपक्व निर्णय

**नेपालगन्जमा फैलिएको** साम्प्रदायिक हिंसा अध्ययनको लागि एकातिर सरकारले एक न्यायिक आयोग गठन गरेको छ भने अर्कोतर्फ आयोगले काम सक्नुअघि नै सरकारीस्तरबाट धमाधम निर्णयहरू भइरहेका छन् ।

पुनरावेदन अदालत बुटवलका न्यायाधीश पुरुषोत्तम पराजुलीको नेतृत्वमा गठित छानबिन आयोगले काम सक्नुअघि नै सरकारले बाँकेका प्रमुख जिल्ला अधिकारी तीलकराम शर्मा, प्रहरी उपरीक्षक रमेश भट्टराई तथा भेरी अञ्चल प्रहरी प्रमुख राजेन्द्रसिंह भण्डारीलाई काठमाडौं फिर्ता बोलाएको छ ।

आयोगले घटनास्थलमा पुगेर पीडितहरू र अन्य व्यक्तिहरूसँग भेटेर रिपोर्ट सकंलन गरिरहेकै अवस्थामा प्रमुख जिल्ला अधिकारी र प्रहरी अधिकारीहरूलाई फिर्ता बोलाउनुले सरकारले आफैं गठन गरेको आयोगको काममा हस्तक्षेप गरेको महसुस गरिएको छ । विगतका सरकारहरूझैं वर्तमान सरकारले पनि आयोगको रिपोर्ट आउनुअघि उनीहरूलाई कामबाट फिर्ता बोलाउनुलाई प्रहरीको मनोबल गिराउने अर्को निरन्तरताको रुपमा अधिकारीहरूले लिएका छन् ।

एक प्रहरी अधिकारीका अनुसार गिर्दो मनोबलको कारण समयमै उचित र कडा कदम चाल्न नसक्केको प्रहरी संगठनको सरकारको पछिल्लो निर्णयले पुन: मनोबल गिराएको छ । 'आयोगले दोषी-निर्दोषी छुट्याउनुपूर्व नै सरकारले गरेको निर्णयले भावी दिनहरूमा पनि प्रहरी कर्मचारीहरूको मन त्रस्त भइरहनेछ', एक अधिकारीले समयसँग गुनासो गरे, 'उच्च मनोबल र व्यवस्थित नियम नहुँदासम्म काम गर्न सधैं गाह्रो भइरहन्छ ।'

गृह मन्त्रालयले पराजुली आयोगको रिपोर्ट आउनुअघि नेपालगन्जमा फैलिएको दंगा नियन्त्रणमा असफल भएको आरोप लगाउँदै तीनैजना अधिकारीहरूलाई पुस २४ गते फिर्ता बोलाएको थियो । मुख्यतया माओवादी र सद्भावना पार्टीले नेपालगन्जका तीनैजना सुरक्षा प्रमुखहरूलाई कारवाही गर्नु पर्ने माग गर्दै आएका थिए ।

सुरक्षा अधिकारीहरूका अनुसार नेपालगन्जमा दंगा फैलनुअघि नै दंगाले यति ठूलो विकराल रुप लिन्छ भन्ने पूर्वानुमान गर्न नसक्नु र दंगा नियन्त्रणको लागि सहयोग मागिएको सशस्त्र प्रहरीसँग राम्रो सहकार्य हुन नसक्नुबाहेक प्रहरीको तर्फबाट अन्य कुनै गल्ती भएको छैन ।

यसैबीच नेपालगन्जमा केही व्यक्तिले दंगाको दिनमा गरिएको तोडफोडको भिडियो रिपोर्ट सार्वजनिक गरी घटनामा प्रहरी मुकदर्शक बनिरहेको दृश्य सार्वजनिक गरेका थिए, तर प्रहरीले भने अवैध रुपमा तयार गरिएका ती दृश्य रिपोर्ट प्रहरीलाई बदनाम गर्ने उद्देश्यले बनाएको जनाउँदै उक्त दृश्य-रिपोर्टमा प्रहरीले गरेका काम र मेहनतलाई पूरै बेवास्ता गरेको जनाएको छ ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# गैंडा भन्छ, मलाई बचाउनुहोस्



चितवन महोत्सवको आकर्षण बनेको गैंडाको मूर्ति

**आर्थिक कारोवारलाई** गति दिन आयोजना भएको चितवन महोत्सवमा यसपटक संरक्षणप्रतिको चासो पनि थपिएको छ। सिकारीले भटाभट गैंडा मारिरहँदा यसलाई जोगाउनु पर्छ भन्ने सन्देश व्यवसायीहरूले दिन खोजेका छन्। यसका लागि महोत्सवस्थलमा गैंडाको १५ क्विन्टलको मूर्ति खडा भएको छ।

गैंडा जोगाउन सरकारको सुरक्षा संयन्त्र निकम्मा भएको छ। तस्करहरूले दिन दहाडै गैंडालाई गोली हानेर मारिरहेका छन् र खाग लिएर उम्किरहेका छन्। साउनदेखि पुस १८ सम्म १२ वटा गैंडा मारिइसकेका छन्। सन् २००५ को गणनामा चितवन निकुञ्जमा ३ सय ७२ वटा गैंडा थिए। अहिले जुन दरमा गैंडा मारिइरहेका छन्, यही अवस्था रहने हो भने गैंडा लोप नै हुन धेरै वर्ष लाग्दैन।

'यही कुराले हामीलाई चिन्तित बनायो र जोगाउनु पर्छ भन्ने सन्देश जनमानसमा पुऱ्याउन महोत्सवका बेला केही गर्न खोजेका हौं', उद्योग वाणिज्य संघ नारायणगढका अध्यक्ष उदयकुमार श्रेष्ठ बताउँछन्। संघकै संयोजनमा २०५३ सालदेखि प्रत्येक दुई वर्षमा महोत्सव आयोजना हुँदै आएको छ। यसपटक पुस २८ गते सुरु भएर माघ ७ गतेसम्म चल्ने महोत्सवका आयोजक र सहभागीसमेत गैंडा भटाभट मरिरहेकोमा चिन्तित छन्।

'महोत्सव सुरु नभए पनि मान्छे मूर्ति हेर्न आइरहेका छन्', मूर्ति बनाउन खटिरहेका कलाकार सुवर्ण प्रधान बताउँछन्। प्रधानको टोलीमा सूर्य 'मध्यरात', प्रकाश थापा, नवीनभक्त अधिकारी र तमबहादुर पुन लगायतका कलाकारहरू मूर्ति तयार पार्न जुटेका छन्।

नारायणी नदी किनारमा चलिरहेको महोत्सव परिसरपूर्व गैंडाको मूर्ति खडा भएको छ। कलाकारहरूको मेहनत र कुशलताले गैंडामा सजीवपन झल्कन्छ। साउन्ड सिस्टमद्वारा गैंडाको मुखबाट 'मलाई बचाउनुहोस्' भन्ने आवाज पनि आइरहने बनाइएको छ।

महोत्सव हेर्न दुई लाख दर्शक आउने अनुमान आयोजकहरूको छ। आएकाको ध्यान मूर्तिमा अवश्य पर्नेछ। सजीवझैं लाग्ने मूर्तिबाट निस्कने आवाज कृत्रिम भए पनि सहभागीलाई त्यसले गैंडा जोगाउनुपर्ने रहेछ भनेर संवेदनशील बनाउने विश्वास मूर्तिकार सूर्य 'मध्यरात'को छ।

महोत्सवमा तीन सय स्टल छन्। दोहरीको रमाइलो र जेट वार्जको रोमाञ्चक जलयात्रा महोत्सवका आकर्षण हुन्। ६० लाख रुपैयाँ खर्च गरेर हुन लागेको महोत्सवमा १० करोड रुपैयाँको कारोवार हुनेछ।

■ **रमेशकुमार पौडेल/नारायणगढ** (तस्वीर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org




# मालामाल मेला

**जताततै मेला-महोत्सवको** लहर चलेका बेला बुटवलमा राष्ट्रिय औद्योगिक व्यापार मेला, कृषि एवं पर्यटन महोत्सव भएको छ। यो मेलामा ६ करोड रुपैयाँभन्दा बढीको कारोवार भएको छ। मेलामा लुम्बिनी क्षेत्र, वरपर र भारतका समेत गरी एक लाखभन्दा बढी दर्शक आएका थिए।

पछिल्ला दिनहरूमा मेलास्थलको क्षमताभन्दा बढी दर्शक आएपछि मेला अनियन्त्रित भएको थियो र पटकपटक भागदौड भएका थिए। त्यस्ता भागदौड र सुरक्षकर्मीको बल प्रयोगमा झन्डै एक दर्जन दर्शक तथा सुरक्षाकर्मी घाइते भएका थिए। मेलास्थलमा घाइते भएका दर्शकको उपचार आयोजकले नै गरेका थिए।

मेला आयोजक संयोजक नवराज श्रेष्ठका दाबीमा मेलामा लक्ष्यभन्दा बढी कारोवार भएको थियो। सोचेभन्दा बढी दर्शक आएका थिए, तर त्यस्ता दर्शक बढीमा औद्योगिक मेला हेर्नभन्दा पनि सांगीतिक कार्यक्रम हेर्न आएका थिए। पौष १४ देखि २५ सम्म चलेको मेलाका आयोजक बुटवल उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघ थिए।

मेला अवधिभर पर्यटन प्रवर्धनका कार्यक्रम पनि भए। दिनदिनै पर्यटन, कृषि, निर्यात व्यवस्थापनलगायतका विषयमा गोष्ठी पनि गरिए। दोहोरी गीत प्रतियोगिता, आधुनिक गीत, नृत्य तथा अन्य मनोरञ्जनात्मक कार्यक्रमसमेत मेलाका आकर्षण थिए। मनोरञ्जनका लागि भारतबाट महँगो दरमा पिङ, विभिन्न खेल, सर्कसहरू पनि झिकाइएका थिए जसवापत् लाखौं रुपैयाँ भारत गएको छ। कतिपय उद्योगीले स्वदेशी बजार प्रवर्धनका लागि आयोजना गरिएको मेलाबाट भारतमा लाखौं रकम जानु आपत्तिजनक भएको टिप्पणी गरेका छन्।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

# माओवादी चन्दा आतंक

**बृहत् शान्तिप्रक्रियाका** लागि अन्तरिम संविधान जारी गर्ने प्रक्रिया अघि बढिरहँदा माओवादीले भने पुरानै क्रियाकलाप जारी राखेका छन्। केन्द्रीय तहमा चन्दा आतंक रोक्न, जनसरकार भंग गर्न् प्रहरीचौकी पुनःस्थापना लगायतमा सहमति भए पनि माओवादी क्रियाकलापले पर्यटकहरूसमेत मारमा परेका छन्। शान्ति स्थापनापश्चात् पर्यटकहरूको आगमन वृद्धिसँग माओवादीको चन्दा पनि बढ्न थालेको छ। माओवादीले रसुवा पदयात्रामा जाने पर्यटकहरूसँग जबरजस्ती चन्दा असुल्न थालेपछि पर्यटकहरू आतंकित बन्न पुगेका छन्।

माओवादीले गत कात्तिक महिनादेखि रसुवाको धैबुङ गाविस-२ धारापानीमा टुरिस्ट चेक प्वाइन्ट खडा गरेर प्रतिपर्यटक दैनिक १ सय रुपैयाँ उठाउने गरेका छन्। प्रतिदिन राजधानीबाट रसुवा घुम्न जाने पर्यटक संख्या ५ दर्जनको हाराहारमा हुन्छन्। गत बिहीवार रसुवा पदयात्रामा हिँडेका जापानी पर्यटक टोलीलाई माओवादीले ३५ सय असुलेर ५ दिन घुम्ने अनुमति दियो। नेपालमा शान्ति छ भनी आएको अझै माओवादीले पार्टीको लागि कर भनेर चन्दा उठाउँदो रहेछ', जापानी पर्यक आता केयामाले भने। नेपाल तमोरमा ट्रेकिङ एन्ड टुर्स प्रालिमार्फत रसुवा हिँडेका पर्यटक टोलीलाई गाडी नं., लाइसेन्स, पास बुक, चेक गर्नेदेखि उनीहरूले अनुमति दिइएको दिनभन्दा बढी बसे छुट्टै पैसा असुलिने ट्रेकिङ प्रालिका गाइड सूर्यबहादुर तामाङले बताए।

माओवादीले चन्दा होइन 'कर' पार्टी संचालनको लागि लिइएको टुरिस्ट पोस्टका इन्चार्ज मुक्तिले भने। अन्तरिम संविधान जारी भएर पार्टी सरकारमा गइसकेपछि मात्र चन्दा कार्य रोक्ने बताए। रसुवा जिल्ला इन्चार्जले पार्टीको नीतिअनुरुप नै चन्दा उठाएको बताए। यस्ताखाले माओवादी क्रियाकलापले प्रहरी प्रशासन भने मौन छ। यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीसँग सम्पर्क गर्दा चन्दा असुली बन्द गर्न आग्रह गर्दा माओवादीले बेवास्ता गरेको बताए। माओवादीले दैनिक दसदेखि पन्ध्र हजारसम्म चन्दा संकलन हुने गरेको बताए।

■ **विष्णु तारुके/रसुवा**

# अर्यालको अन्तिम पत्र

**बिहानको योगासन** सकेपछि उनलाई आफ्नो मृत्युको आभास भइसकेको थियो, त्यसैले बसेको ठाउँबाट एक किलोमिटर टाढाको अस्पताल जान चाहेनन् उनी र जीवनको अन्तिम पत्र लेख्न थाले। यसरी जिल्ला पशुसेवा कार्यालयका वरिष्ठ पशु विकास अधिकृत इन्द्रकमल अर्याल आफ्नै कार्यालयको निवासभित्रै बसी परिवार र सहकर्मीलाई दुईवटा पत्र लेखेर संसारबाट बिदा भए। उनको अवसानले डडेल्धुरेलीमात्र मर्माहित भएनन्, देशले पनि एउटा असल पशुविज्ञ गुमायो।

गुल्मीमा जन्मेका अर्याल कपिलवस्तुमा हुर्केर चितवन हुँदै काठमाडौंदेखि फिलिपिन्ससम्म अध्ययन गरी यो क्षेत्रमा आएका थिए। काठमाडौंको मीनभवनमा पत्नी र छोराछोरीका साथ स्थायी बसोवास गर्दै आएका अर्यालले डडेल्धुराको चारवर्षे बसाइँमा जागिर मात्र खाएनन्, यहाँका वासिन्दालाई हरेक सुखदुःखमा साथ पनि दिए। त्यसैले होला, सारा डडेलधुरा सदरमुकाम उनको शोकमा ओइरिएको थियो। अघिल्लो साताको बुधवार बिहान साढे सात बजे संसारबाट बिदा लिएका अर्यालको भोलिपल्ट साँझ डडेलधुरेलीले अश्रुपूर्ण बिदाइ गरेका थिए।

उनको निधनमा देखिएको ठूलो भीडले अर्यालको लोकप्रियतामात्र देखाउँदैन, असल कर्मचारी भएमा समाजले उत्तिकै श्रद्धा र सम्मान गर्छ भन्ने पाठ पनि सिकाएको छ।

पच्चीसौं खाद्यदिवसका अवसरमा उदाहरणीय कर्मचारीका रूपमा पुरस्कार पाएका अर्याललाई स्थानीय गैरसरकारी संस्थाहरूले पनि सम्मान गरेका थिए। मिजासिलो स्वभावका कारण गाउँमा समेत भिज्न सकेका अर्यालको



बिदाइमा सयौं ग्रामीण महिला र बालबालिका आएका थिए। नियमित रामदेवको योग गर्ने अर्याललाई मुटुसम्बन्धी बिमार रहेको सहकर्मीहरू बताउँछन्। उनले लेखेका अन्तिम दुई पत्रमध्ये एकमा परिवारको हेरचाह गर्न र छोरोलाई विदेश पठाउन पत्नीलाई अनुरोध गरेका छन् भने सहकर्मीहरूलाई लेखेको पत्रमा जिल्लामा राम्रो काम गर्न आग्रह गर्दै डडेल्धुरेलीलाई सहयोगका लागि धन्यवाद दिएका छन्।

■ **श्याम भट्ट/डडेल्धुरा**

# पढाइ अधुरो रहने चिन्ता

**हिउँदमा बुङ्बुङ्ती** धुलो उड्ने, वर्षामा ग्याजग्याज हिलो हुने मधेसको एउटा विपन्न गाउँमा जन्मिएका रामानन्द खत्वेलाई भाग्यले धेरै कुरामा ठगेको छ। मधेसीहरू राज्यबाट यसै उपेक्षित छन्, त्यसमाथि रामानन्द दलित र गरिबमात्र हैन, दृष्टिविहीन पनि हुन्। उनी भाग्यमा हैन, कर्ममा विश्वास गर्छन्। उनी भन्छन्, 'म पछि गएर सांसद हुन्छु।'

पख्नोस्, रामानन्दको सांसद हुने सपनालाई पूरा नहुने महत्त्वाकांक्षा ठान्नुअघि उनको संघर्षको सानो कथा सुनौं। २३ वर्षअघि सुनसरीको भोक्राहा गाविसमा जन्मिएका रामानन्दले २०६० सालमा प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरे, ५ सय १३ अंक ल्याएर। दुई वर्षभित्रै ५१ प्रतिशत उत्तीर्णांक हासिल गरी आइएड पनि छिचोले। अहिले उनी बिएड प्रथम वर्ष पढ्दै छन्।



रामानन्द खत्वे

रामानन्दका बाबा फुदीलाल खत्वेसँग सम्पत्तिको नाउँमा ५ कट्ठा खेत छ। फुदीलालको खेतमा राम्रो उब्जनी हुँदैन। त्यसैले उनी अर्काको अधियाँ पनि कमाउँछन्। रामानन्दका भाइ २० वर्षीय सदानन्द पढ्दैनन्, आफ्ना बाबालाई खेतमा सघाउँछन्। एउटा गैरसरकारी संस्थाले विद्यालय नपठाएको भए सायद रामानन्द पनि अहिले आफ्ना बाबा र भाइजस्तै निरक्षर हुन्थे।

'धन्न मलाई एनवाइओएफ नामक संस्थाले आइएडसम्म पढायो', रामानन्द भन्छन्, 'अब कम्तीमा बिएड पास गर्ने धोको छ।' तर, यही बेला एनवाइओएफले उनको पढाइबाट हात झिकेको छ। फुदीलालले दुःख गरेर रामानन्दलाई बिएडमा भर्ना गराएका छन्। उनलाई यो तीनवर्षे स्नातक कक्षा छिचोल्ने खर्च कहाँबाट ल्याउने भन्ने समस्या छ।

राष्ट्रिय अपांग महासंघले किताब र कापी किन्ने खर्चबापत वार्षिक १४ सय रुपैयाँ रामानन्दलाई दिन्छ। त्यो पैसाले पूरै पढाइ खर्च धान्दैन। गरिबीकै कारण स्नातक तहको पढाइ सिध्याउने धोको पूरा नहुने हो कि भन्ने चिन्ताले उनलाई अचेल सताउन थालेको छ। क्याम्पस पढ्ने थोरै खत्वे युवाभित्र पर्ने रामानन्द पछि संसद्मा आफ्नो समुदायको मुद्दा उठाउन चाहन्छन्।

कविता लेख्न रुचाउने रामानन्द प्रगतिशील लेखक संघ, सेभ द अर्थसँग सम्बद्ध छन्। अपांग सेवा समिति, सुनसरीका त उनी उपाध्यक्ष नै हुन्। तराईको दलित समुदायको एउटा गरिब परिवारमा जन्मिएको, सानैदेखि आँखा नदेख्ने भए पनि धेरै पढेर 'केही गर्ने' लक्ष्य लिएको कारणले नै रामानन्दलाई इटहरीमा स्थापित आँखीभ्याल मेडिकल ट्रस्टको पुस १८ गते आयोजित उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा डाकिएको थियो।

■ **ओमआस्था राई/इटहरी** (तस्वीर पनि)




खुट्टा चिप्लियो कि ज्यान गयो । यस्तो जोखिम कालिकोटका थुप्रै ठाउँमा मोल्नुपर्छ ।

# न बाटो, न प्रविधि


आर्थिक विपन्नताका कारण यस्ता बालबालिकाहरूले दैनिक भारी बोकेर गुजारा गर्नु परिरहेको छ

■ रुद्र खड्का/कालिकोट

**पाँच वर्षअघि** नै विद्युत्‌बाट चल्ने मिल बनाउने तयारी गरेका कालिकोट रेंगिलका ताराबहादुर शाहीको योजना अहिलेसम्म सोचमै सीमित छ ।

गाउँमा मिल बनेपछि वर्षौंदेखि ग्रमीण भेकका बासिन्दाले गर्दै आएका ढिकी, जाँतोका काम मिलबाटै पूरा गर्ने सपना बनाएका शाहीले आफ्नै कारणले मिल निर्माणको कार्यमा सफलता पाउन नसकेका होइनन् । निर्माणाधीन विद्युत् उत्पादन केन्द्र बनिनसक्दै माओवादीले बन्द गरिदिएपछि गाउँमा विद्युत्‌बाट चल्ने मिल बनाउने शाहीको योजना पूरा हुन नसकेको हो ।

'विद्युत् निर्माण कार्य पूरा भएको भए एकातिर सिंगो गाउँ उज्यालो हुने थियो भने गाउँमा मिल बनाएर जनताका समस्याहरूमा सहयोग पुऱ्याउने लक्ष्य थियो', शाही भन्छन्, 'माओवादीको विकास निर्माण ध्वस्त पार्ने कार्यले सबै उपाय बन्द गरिदियो ।' सदरमुकाम मान्म खाँडाचक्रसम्म विद्युत् पुऱ्याउने लक्ष्यका साथ २०५६ सालमा काम सुरु गरिएको मुम्रास्थित साना जलविद्युत् आयोजनालाई २०५८ सालमा माओवादीले अवरोध पुऱ्याएपछि सर्वसाधारणले विद्युत्‌को सेवा त पाएनन् नै, विदेशीले दिएका विद्युत्‌का उपकरणहरू पनि काम नलाग्ने अवस्थामा पुगेका छन् । विद्युतीकरणको लागि गाडिएका खम्बा र लट्ठा उपयोगविहीन भएका छन् ।

उक्त साना जल विद्युत् आयोजनाका निमित्त प्रमुख जयप्रसाद पाण्डेका अनुसार १२ करोड रुपैयाँ खर्च गरेर बत्ती बाल्ने अवस्थामा पुग्न लाग्दा माओवादीले ५ सय किलोवाट क्षमताको विद्युत् उत्पादन केन्द्र तोडफोड गरेपछि काम रोकिएको थियो । यसैले गर्दा अहिलेसम्म सदरमुकाम र पर वरपरका वासिन्दाले बिजुली बाल्न पाएका छैनन् ।

हिंसात्मक आन्दोलनको क्रममा माओवादीले विद्युत् उत्पादन केन्द्रमा अवरोध सृजना गरेर सिंगो जिल्लाभरका बासिन्दालाई विद्युत् सेवाबाट वञ्चित मात्र गराएका छैनन्, लामो समयदेखि राज्यको अवसरबाट टाढा रहेको विकट र दुर्गम गाउँहरूमा जनताको लामो प्रयासपछि निर्माण गरिएका पुलहरू पनि ध्वस्त पार्नाले कालिकोटवासी थप समस्यामा परेका छन् ।

सदरमुकाम र ग्रामीण भेक जोड्ने कर्णाली नदीमा रहेका पाँचवटा झोलुंगे पुलहरू सेना गाउँमा पस्न पाउनु हुँदैन भन्दै माओवादीले ध्वस्त पारेपछि वर्षौंदेखि विकास निर्माणबाट वञ्चित हुँदै आएका सर्वसाधारण यतिखेर अझै समस्यामा परेका छन् । कोटबाडास्थित इलाका प्रहरी कार्यालय आक्रमणको बेला २०५७ मंसिर १४ गते पहिलोपटक मान्म खाँडाचक्र र कोटवाडा तथा बदालकोट र रकु गाविसलाई जोड्ने रेंगिलस्थित कर्णाली नदीको

फलामे पुल फालेका माओवादीले अन्य पुलहरू २०५८ सालमा ध्वस्त पारेका थिए ।

विकास निर्माणबाट पछि पर्दै आएको कालिकोटमा लाखौं रुपैयाँ खर्च गरेर बनाइएका पुलहरू माओवादीले ध्वस्त पारेपछि अहिलेसम्म थप पुलको निर्माण तथा ध्वस्त पारिएका कुनै पनि पुलहरूको मर्मत कार्य थालिएको छैन । स्थानीय धनप्रसाद सन्ज्यालका अनुसार संकटकालको अवस्थामा विकास माग गर्ने अवस्था नभए पनि संकटकाल सकिएपछि पटक-पटक माग गर्दा पनि माओवादीले क्षतिग्रस्त पारेका फलामे पुलहरू मर्मत गर्न सरकारीस्तरबाट कुनै पहल भएको छैन ।

माओवादीले पुल फालेका ती ठाउँहरूका सर्वसाधारणमध्ये रेंगिलका बासिन्दाले पुलमा काठ राखेर जसोतसो सदरमुकाम आवतजावत गर्न सक्ने बनाए पनि अन्य स्थानका पुल प्रयोगमा ल्याइएको छैन । स्थानीय विकास अधिकारी कृष्ण शर्मा पौडेलका अनुसार फालिएका ती पुलहरू मर्मत गरेर सञ्चालन गर्नुभन्दा नयाँ निर्माण गर्नु नै राम्रो हुन्छ । अन्य पुल फालिएका स्थानका सर्वसाधारण आजकल पुल नहुँदा कतै तुइनको सहायताले त, कतै काठका डुंगा बनाएर कर्णाली नदी वारपार गरिरहेका छन् ।

जिविसका अनुसार माओवादीले रेंगिल, लालीघाट, भात्तडी, जारकोटस्थित कर्णाली नदी तथा राराघाटस्थित तीला नदीमा रहेका पुलहरू क्षतिग्रस्त पारेका छन् । विसं २०३० र विसं २०४६ सालको बीचमा निर्माण गरिएका ती पुल सञ्चालन गर्न कम्तीमा साढे दुई करोड रुपैयाँ लाग्ने जनाइएको छ ।

स्थानीय बासिन्दाहरूका अनुसार २०३० सालमा निर्मित रेंगिलस्थित कर्णाली नदीमा रहेको १ सय ४५ मिटर लामो झोलुंगे पुल कर्णालीको पहिलो र सर्वाधिक राम्रो फलामे पुल हो । माओवादीले फालेका अन्य पुलहरू पनि जिल्लाका अन्य पुलहरूको तुलनामा ठूला हुन् । फालिएका पुलहरूमध्ये एउटा मात्र ७५ मिटर लामो छ भने बाँकी सबै एक सय मिटरभन्दा लामा छन् ।

माओवादीले द्वन्द्वको क्रममा हुलाक, गाविस, रेन्जपोस्ट, कृषि केन्द्रहरूसहित झन्डै ५ करोड मूल्य बराबरको ग्रामीण भेकमा रहेका सरकारी सम्पत्ति नष्ट पारेको जिविसले जनाएको छ । माओवादी त्रासका कारण भएका सरकारी कर्मचारीहरू गाउँ पस्न नसकेको र जसका कारण विसं २०५७ सालदेखि हालसम्म ग्रामीण भेकमा कुनै पनि सरकारी योजना सञ्चालन नभएको गाउँलेहरू बताउँछन् ।

'पिछडिएको क्षेत्र द्वन्द्वले अझ पछि पर्‍यो,' मेहलमुडीका बिर्ख धामी भन्छन्, 'भारत गएर ल्याएको पैसाले गुजारा गर्नुबाहेक सर्वसाधारणले कुनै पनि सरकारी योजना गाउँमा देखेनन् ।' भौगोलिक विकटता रहेको कालिकोटमा हिँड्ने बाटोको समस्या पनि त्यस्तै छ । भानाकोटदेखि मेहलमुडीसम्म ठूल्ठूला पहाड खोपेर बनाइएको सदरमुकाम र बाहिरी जिल्ला आवतजावत गर्ने एक मात्र बाटो निकै जोखिम भएको सर्वसाधारण जनता गुनासो गर्छन् ।

हिँड्दा खुट्टा चिप्ल्यो भने पनि एकैचोटि कर्णाली नदीमा पुगिने बाटोको लागि स्थानीय बासिन्दाहरूले सरकारी निकायसँग पटक-पटक माग गर्दै आए पनि जनताका मागहरू पूरा हुन सकेका छैनन् । जति पटक विकासको माग गर्दा पनि सरकारी कर्मचारीहरू द्वन्द्वको समस्या देखाउँदै जनताका मागलाई बेवास्ता गर्ने गरेको उनीहरूको दाबी छ ।

अबको सरकारले पनि समस्या समाधानको पहल गर्ला भनेर सर्वसाधारण आशावादी हुन सकेका छैनन् । लोकतन्त्रपछि स्थपना भएको जनताको सरकार र यसले बाँडेका सपनाहरू कालिकोटबासीसम्म अझै पुग्न सकेको छैन । ■

## पाँचौं निमित्त

**विकट कर्णालीको** कालिकोटलाई सरकारले कतिसम्म बेवास्ता गरेको छ भन्ने थाहा पाउन सदरमुकामस्थित जिल्ला शिक्षा कार्यालयलाई हेरे पुग्छ ।

प्रत्येक जिल्लामा राजपत्रांकित द्वितीयस्तरको जिल्ला शिक्षा अधिकारी पठाउने सरकारी नियम भए पनि कालिकोटमा भने लामो समयदेखि निमित्त जिशिअ शिक्षा मन्त्रालयले पठाइरहेको छ । शिक्षा मन्त्रालयबाट नै निमित्त जिशिअको व्यवस्था गरेर पक्षपातपूर्ण व्यवहार भोग्न सुरु गरेको कालिकोटमा यतिखेर निमित्तले पनि निमित्त दिएको पाँचौं नम्बरका व्यक्ति जिल्ला शिक्षा अधिकारीको रुपमा कार्यरत छन् ।

पाँचौं नम्बरमा निमित्त जिशिअको जिम्मेवारी पाएका गजेन्द्रकुमार जिसीका अनुसार शिक्षा मन्त्रालयले दीपा हमाललाई, हमालले मोतीप्रसाद महतारालाई, महताराले उत्तमप्रसाद आचार्यलाई र आचार्यले गजेन्द्रकुमार जिसीलाई निमित्त जिशिअको जिम्मेवारी दिएर उनीहरू सबै जिल्ला बाहिर गएका छन् । उनीहरू कहिले जिल्ला फर्कने हुन् थाहा छैन । पाँचौं नम्बरमा निमित्त जिशिअको जिम्मेवारी पाएका जिसी प्राविधिक सहायक तहका कर्मचारी हुन् । सरकारी विद्यालयहरूमा माध्यमिकस्तरका अधिकृत तहका शिक्षकहरूलाई प्राविधिक सहायकस्तरका निमित्त जिशिअले कसरी नियमित र व्यवस्थित बनाउन सक्लान् सबैले अनुमान लगाउन सकिन्छ ।



माओवादीले हटाएको रेंगिलस्थित कर्णाली नदीमा रहेको पुल । लामो समयसम्म पुलविहीन भएको यो ठाउँमा अहिले स्थानीयवासीले काठको कामचलाउ पुल बनाएका छन्



मेरा श्रीमान्‌लाई किचेर मारेः ड्राइभरले जानीजानी किचेर मारेको भनिएका प्रकाश गुरुङकी पत्नी

# ज्यानमारा हुन्छ ?

■ **ओमआस्था राई / धरान** (तस्वीर पनि)

## पूर्वमा दुर्घटना

| आ.व. | दुर्घटना संख्या | मृत्यु | घाइते |
|---|---|---|---|
| २०६०/६१ | ५०३ | १६६ | ७०८ |
| २०६१/६२ | ५०४ | १६० | ७४० |
| २०६२/६३ | ४९४ | १९१ | ८४४ |
| २०६३/६४ (मंसिरसम्म) | ३०४ | ६७ | ४३८ |

*स्रोतः पूर्व क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, इटहरी*

**विराटनगरबाट** सप्तरीको फत्तेपुरतर्फ गइरहेको को. १ ख २०२९ नम्बरको यात्रुवाहक बसको ठक्करबाट गत पुस ३ गते सुनसरी सदरमुकाम इनरुवामा ५९ वर्षीय रामलाल देवको मृत्यु भयो। क्षणभरमै हल्ला फैलियो, चालक हेमनारायण उराँवले जानी-जानी पछाडिको चक्काले किचेर देवको ज्यान लिए।

अरू के चाहियो, स्थानीय बासिन्दाले त्यही दिन इनरुवा बजार बन्द गरे। ठाउँ-ठाउँमा टायर बालेर यातायात अवरुद्ध पारे। 'हत्यारा चालक'लाई ज्यानमुद्दा लाउनुपर्ने माग गर्दै उनीहरूले जिल्ला प्रहरी कार्यालय घेराउ गरे। चालकले जानी-जानी बसका चक्काले देवको शरीर पेलेको देख्नेहरू पनि निस्किए। प्रत्यक्षदर्शीहरूको बयानका आधारमा प्रहरीले मुचुल्का तयार गर्‍यो।

चालक उराँवविरुद्ध ज्यानमुद्दा चल्ने भएपछि यातायात व्यवसायी तथा मजदुरहरू तात्तिए। उनीहरूले पुस २२ गते कोशी अञ्चल बन्द गरी उराँवविरुको ज्यानमुद्दा फिर्ता लिन प्रशासनलाई दबाब दिए। प्रशासन नझुकेपछि पुस २३ र २४ गते कोशीसँगै मेची, सगरमाथा र जनकपुर अञ्चल पनि बन्द गरे। यातायात मजदुरहरूले पूर्वाञ्चलमा भइरहेको बन्द थाहा नपाएर भारतबाट आइपुगेका सवारी पनि तोडफोड गरे। अन्ततः इटहरीमा पुस २४ गते साँझ अबेर चालक उराँवविरुद्ध ज्यानमुद्दा नचलाई यातायात व्यवस्था ऐन-०४९ बमोजिममात्रै कारबाही प्रक्रिया अगाडि बढाउने र मृतकका परिवारलाई ७५ हजार क्षतिपूर्ति दिने सहमति भयो। भोलिपल्ट पुस २५ गतेदेखि यातायात सुचारु भयो। देवलाई चालक उराँवले जानी-जानी किचेर मारेको भन्ने मृतकका आफन्तको दाबी यथावत् छ।

मृतक रामलाल देवका भतिज प्रमोद आफ्ना काकालाई जानी-जानी किचेर मारिएको दाबी कसैको दबाबमा नफेरिने बताउँछन्। 'त्यत्रा मान्छेहरूले प्रत्यक्ष देखेका छन्, गाडीको ठक्करले लडेर सामान्य घाइतेमात्रै भएका हाम्रा काकालाई जानी-जानी बसको पछाडिको चक्काले पेलियो', प्रमोद भन्छन्, 'ड्राइभरले ऐनामा पछाडिको चक्काले मान्छे किचेको देख्दादेख्दै बस अगाडि बढायो।'

प्रमोद आफूहरूलाई क्षतिपूर्ति पनि नचाहिने बताउँछन्। 'इनरुवामा १० बिघा जग्गा त हामीले



धरानमा गाडी रोक्दै यातायात मजदुर

दान नै गरेका छौं, अहिले पनि खानलाउन पुग्ने सम्पत्ति छँदै छ, हामीलाई क्षतिपूर्तिको रकम चाहिँदैन', प्रमोद भन्छन्, 'तर, यसरी होहल्लामा मान्छे किच्ने एउटा ड्राइभरलाई छाडिँदा अरू ड्राइभरमा पनि मान्छे मार्ने आँट पलाउँछ ।'

मृतकका आफन्त असन्तुष्ट रहे पनि पुस २४ गते भएको सहमतिबमोजिम पुस २९ गते बसचालक हेमनारायण उराँव हिरासतबाट छुट्ने निश्चित छ । तर, यो पूरै प्रकरणले उब्जाएको एउटा प्रश्न भने अझै अनुत्तरित छ । त्यो हो-के कुनै सवारीचालकले भुलवश ठक्कर दिएर घाइते पारेको मान्छेलाई जानी-जानी किचेर मार्छ ?

सवारीचालकले घाइतेलाई जानी-जानी किचेर मारेको घटना बारम्बार सुनिन्छन् । अझ, यस्ता धेरै घटनामा चालकले गाडी पछाडि सारेर घाइतेको ज्यान लिएको सुन्नमा आउँछ । तर, चालकले जानी-जानी घाइतेलाई किच्दै अघि बढेको वा गाडी पछाडि सारेर ज्यान लिएको प्रमाणित घटना फेला पार्न मुस्किल पर्छ ।

त्यसो भए चालकले जानी-जानी घाइतेलाई गाडीले किचेको हल्ला कसरी फैलिन्छ ? २२ वर्षदेखि गाडी हाँक्दै आएका एक चालकका अनुसार प्राय: प्रत्यक्षदर्शीमा पैदा हुने भ्रमका कारण यस्तो हल्ला फैलिन्छ । उदाहरणका लागि उनी बुटवलमा आफूले देखेको एउटा प्रत्यक्ष घटना सुनाउँछन् । 'तिनाउ नदीको पुल तर्दै गरेको एउटा ट्रकको ब्रेक अचानक फेल भयो, पुल अलि उकालो भएकोले ट्रक आफैं पछाडि सर्न थाल्यो र एउटी महिलालाई किचेर मार्‍यो', उनी थप्छन्, 'मानिसहरूले ट्रक ब्याक गरी मान्छे मार्‍यो भनेर ड्राइभरलाई कुट्न थाले ।'

पूर्व क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयका एक अधिकारी पनि चालकले जानी-जानी घाइतेलाई गाडीले किचेर मार्छ भन्नेमा विश्वास गर्दैनन् । 'पूर्वनियोजित षड्यन्त्र छ भने बेग्लै कुरा हो, नत्र कुनै पनि चालकले घाइतेलाई किचेर मार्छजस्तो लाग्दैन', उनी भन्छन्, 'यो सब हल्ला हो ।'


तर, जसका आफन्त यसरी दुर्घटनामा मरेका छन्, उसलाई भने चालकले जानी-जानी घाइते मार्छ भन्नेमा पूरा विश्वास हुन्छ । २०६१, फागुन २० गते धरान-८, तीनकुनेस्थित विश्वकर्मा मन्दिरनजिक एउटा ट्याक्सीको ठक्करबाट ज्यान गुमाएका दुई अधिवक्ता प्रकाश गुरुङ र जागेश्वर राईको परिवारलाई पनि यस्तै लाग्यो ।

प्रकाशकी श्रीमती देवकी र जागेश्वरकी श्रीमती भीमाले आफ्ना श्रीमान्हरूलाई ठक्कर दिने को. १ ज १०५६ नं. ट्याक्सीका चालक बिबिन्द्र लिम्बूविरुद्ध जानी-जानी पेलेर मारेको लिखित जाहेरी नै प्रहरीलाई दिएका थिए । 'एउटा कारको ठक्करबाट मोटरसाइकल लड्दा मान्छे घाइतेसम्म हुनुपर्ने हो, तर दुवैजनाको मृत्यु भयो, शरीर क्षतविक्षत हुने गरी', देवकी भन्छिन्, 'अनि कसरी त्यसलाई एउटा सामान्य दुर्घटनामात्रै मान्ने ?'

चालकमा घाइतेको ज्यानै लिने प्रवृत्ति हुन्छ भन्ने धारणा आम तहमा विकास भइसकेको छ । काठमाडौंमा एउटा म्यानपावर कम्पनी चलाउँदै आएका सुशील साम्पाङको अनुभवले यही पुष्टि गर्छ । सुशीलका अनुसार डेढ वर्षअघि ललितपुरको सातदोबाटोबाट सुनाकोठी जाने ठाउँमा सिमेन्ट बोकेर जाँदै गरेको ट्रक एक साइकलचालकलाई ठक्कर दिएर अघि बढ्यो । होहल्ला भएपछि चालकले ट्रक रोके र सीधै ब्याक गरे । 'हो न हो, यसले अब घाइतेलाई किचेर मार्ने भयो भनेर स्थानीयवासीले ट्रक रोकेर ड्राइभरलाई नराम्ररी पिटे', सुशील सुनाउँछन् ।

त्यसो भए, ठक्करले लडेर घाइतेमात्रै भएकालाई फेरि किचेर मार्दा गाडीचालकलाई के फाइदा हुन्छ त ? आम बुझाइ के छ भने गाडीको ठक्करबाट कुनै व्यक्ति गम्भीर घाइते वा अंगभंग भएमा उसलाई लामो समयसम्म उपचार गर्नुपर्ने हुन्छ र खर्च पनि निकै धेरै लाग्छ । तर, घाइते मरिहालेमा निश्चित किरिया खर्च र क्षतिपूर्ति दिए पुग्छ । सवारी तथा यातायात व्यवस्था ऐन-०४९ मा नै यस्तो व्यवस्था छ ।

तर, एक ट्राफिक अधिकारीको भनाइमा दुर्घटनामा घाइते हुने व्यक्तिको उपचारमा जति खर्च हुन्छ, त्यो पैसा चालकले हैन, सवारीधनीले नै व्यहोर्नुपर्छ । प्राय: अधिकांश सार्वजनिक सवारीका धनीले छुट्टै चालक राखेका हुन्छन् । यसकारण सवारीचालकले जानी-जानी घाइतेलाई किचेर मार्नेबारेमा सोच्दै सोच्दैनन् । चालकले जानी-जानी ज्यान लिएको अवस्थामा सवारीधनीसँग सक्दो धेरै क्षतिपूर्ति असुल्न सकिन्छ भनेर पनि यस्तो हल्ला फैलाइएको हुनसक्ने उनको भनाइ छ । ■

# बल गरौं झोलमा

■ खगेन्द्र दाहाल



**जाडो क्रमशः** बढ्दै गएको छ। बढ्दो जाडोसँगै स्वास्थ्य समस्याहरू पनि ह्वात्तै बढेका छन्। कोही दुई/तीन दिनदेखि रुघाखोकी लागेर सिँगान बगाउँदै छन्। केही ज्वरो आएर औषधी खोज्दै होलान्। केही महिला चिसोले जोर्नी सुनियो भन्दै हातखुट्टा सेकाउन 'तातोपानीको ब्याग' खोज्दै छन्। अरू कोही त हिटर ताप्दै वा साँझ नपर्दै ओढ्ने ओडेर जाडो भगाउने प्रयास गरिरहेका होलान्।

बूढा हजुरबा, हजुरआमा र साना नानीहरूको त कुरै नगरौं। दम र सासको समस्याले कति त अस्पताल धाउँदै होलान्। बच्चाहरूमध्ये धेरै चिसोले कठ्यांग्रिएका छन्, केहीको मृत्यु भएको खबर पनि आइसकेको छ।

## प्रमुख समस्या रुघाखोकी

धेरैलाई पक्कै पनि रुघाखोकीले सताएको हुनुपर्छ। नाक बग्ने वा बन्द हुने, ज्वरो आउने, घाँटी तथा जीउ दुख्ने, खोकी लाग्ने समस्या हुँदै रुघाखोकी देखा पर्छ। सामान्य खालको समस्या भए पनि यसले मुख्यतः चिसो मौसममा निकै दुःख दिन्छ। युवावस्थाका व्यक्तिलाई रुघाखोकी लागेमा आत्तिनु पर्दैन। भनाइ नै छ- 'उपचार गरेमा एक हप्तामा र नगरेमा सात दिनमा ठिक हुन्छ रुघाखोकी !' त्यसमा पनि लक्षणअनुसारको औषधी र झोल कुरा खाँदै आराम गऱ्यो भने समस्या यत्तिकै कम हुन्छ। ज्वरो आयो वा जीउ दुख्यो भने सिटामोल मात्रै खाए पुग्छ, नाक बग्यो वा बन्द भयो भने एन्टी एलर्जिक औषधी जस्तै, राइनेक्स, डिकोल्ड वा साइनेक्स खाँदा हुन्छ। खोकी छ भने सोहीअनुसारको औषधी खानुपर्छ, घाँटी दुखेकोलाई मनतातो नुनपानीले कुल्ला गरे पुगिहाल्छ। सबै रुघाखोकीका बिरामीले सकेसम्म धेरै सुप, तातोपानी, रस, दालको झोल खानुपर्छ। ओढ्ने ओडेर मज्जाले आराम गर्नु पनि उत्तिकै जरुरी हुन्छ।

बच्चाबच्ची वा बूढाबूढीलाई रुघाखोकी लागेको छ भने चाहिं केही कुरामा ध्यान दिनुपर्छ। यो उमेर समूहमा रुघाखोकीले केही जटिल समस्या जस्तै, ब्रोङकाइटिस, दम, निमोनिया, कान पाक्ने वा पिनास हुने सम्भावना हुन्छ। जुनसुकै उमेरको भए पनि एक सातामा रुघाखोकी ठिक भएन वा अरू समस्या थपिएमा तुरुन्त डाक्टरलाई देखाउनुपर्छ, रुघाखोकी भनेर हेलचेक्र्याइँ गर्नु हुँदैन।

## जोर्नी दुख्ने र हातखुट्टा सुन्निने समस्या

खासगरी महिलाहरू र पानीमा धेरै समय बिताउनु पर्नेलाई यस खालको समस्या देखिन्छ। चिसोले गर्दा हातखुट्टा नीलो हुने, सुन्निने र हातखुट्टाका जोर्नी दुख्ने समस्याले धेरैलाई पिरोल्छ, दैनिक कामकाजमा बाधा पुऱ्याउँछ। यी समस्याहरू जटिल प्रकारका वा चिकित्सकको सल्लाह लिनुपर्ने खालका नभए पनि चिसोबाट जोगिन विभिन्न उपाय गर्नु बुद्धिमानी ठहर्छ। सकेसम्म पानीबाट जोगिनु र पानी चलाउनै पर्नेले तातोपानीको प्रयोग गरेको राम्रो हुन्छ। जोर्नी सुन्निने र दुख्ने समस्या छ भने 'तातोपानीको ब्याग' प्रयोग गरेर वा हिटरमा आगो तापेर पनि निकै आराम पाउन सकिन्छ।

यदि यी घरेलु तरिकाले पनि सन्चो भएन भने स्वास्थ्य संस्थामा गई चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छ।

## शीतलहरको प्रकोप

हिउँदमा रुघाखोकी जस्ता सामान्य समस्या धेरै देखिए पनि अत्यधिक चिसोका कारण मानिसको मृत्यु पनि हुन सक्छ। केही दिनदेखि तराईमा फैलिएको शीतलहर र त्यसका कारण भएको मृत्युले यसलाई पुष्टि गर्छ। अत्यधिक चिसोले मृत्यु हुनेमा खासगरी बालबालिका, बूढाबूढी, रक्सी सेवन गर्ने व्यक्ति र घरभित्रै असावधानीपूर्वक आगो ताप्नेहरू पर्छन्।

चिसोमा भाइरसले आक्रमण गर्ने सम्भावना धेरै हुन्छ। त्यस्ता भाइरसले खासगरी पहिलेदेखि नै दम भएका वा स्वाँस्वाँ गरिरहने बूढाबूढीलाई बढी पिरोल्छ। स्वाँस्वाँ गर्ने समस्या बढेर अनुहार नीलो हुने, हातखुट्टा सुन्निने र मुटुमा असर गरेर वृद्ध उमेरका मानिसहरूको मृत्यु हुन्छ। केहीलाई निमोनिया पनि हुन्छ।

बच्चाबच्चीलाई चिसोले अझै धेरै पिरोल्छ। चिसोमा भाइरसले बढी आक्रमण गर्ने सम्भावना त छँदै छ। त्यसबाहेक निमोनिया, दम पनि बढी हुन्छ। अझ त्योभन्दा बढी बच्चाहरू, खासगरी नवजात शिशुहरूको अत्यधिक न्यून तापक्रमका कारण मृत्यु हुनसक्छ।

'हाइपोथर्मिया' भनिने शरीरको तापक्रम अत्यधिक कम हुने रोग खासगरी बच्चाहरू, रक्सी वा अन्य लागू औषधी सेवन गरेर चिसोमा घुम्नेहरू वा चिसोमा काम गर्नुपर्नेलाई हुन्छ। हाम्रो शरीरले उत्पादन गरेको तापभन्दा शरीरबाट वातावरणमा ताप बढी नोक्सान भएमा हाम्रो शरीरको तापक्रम नियन्त्रण गर्ने प्रणालीमा असर गर्छ। त्यसले गर्दा पछि अन्य अंग र प्रणालीमा समेत असर गर्छ र मान्छेको मृत्यु हुनसक्छ।

## जाडो र दुर्घटना

जाडोले दुर्घटना पनि उत्तिकै निम्त्याउँछ। राति सँगै सुतेका एकै परिवारका तीन चारजना निसासिएर चिसो हटाउन प्रयोग गरिने हिटर, दाउराको आगो, कोइला इत्यादिले कोठाभित्र अक्सिजनको मात्रा घटाउँछ र कार्वनमोनोक्साइड बढाउँछ। त्यसमा पनि जाडोमा झ्यालढोका लगायत भेन्टिलेटर पनि बन्द गरिने हुँदा यो समस्या बढ्छ। अक्सिजनको मात्रा कम भएपछि फोक्सो हुँदै रगतमा जाने अक्सिजन कम हुन्छ। त्यसका कारण मस्तिष्क तथा अन्य संवेदनशील अंगमा अक्सिजन कम भई मान्छेको मृत्यु हुन्छ।

## मानसिक समस्या

जाडोले मानसिक समस्या पनि निम्त्याउँछ भन्दा अचम्म लाग्ला तर यो साँचो हो। अध्ययनहरूले जाडोमा 'डिप्रेसन' हुने पत्ता लगाएका छन्। चिसोले मानिसको गतिविधि कम हुने, भेटघाट कम हुने, मौसम धुम्म भएर दिक्क लागिराख्ने इत्यादिले मानसिक तनाव गराउँछ र डिप्रेसन हुन्छ।

जाडोले खाना रुचाउने, अन्य झाडापखाला इत्यादि समस्याबाट कम सताउने भए पनि यसका कारण धेरै स्वास्थ्य समस्या व्यहोर्नुपर्ने हुन्छ। तर, सामान्य घरेलु उपाय वा सावधानी अपनाएमा त्यस्ता समस्याबाट सजिलै बच्न सकिन्छ। ■

# सचेत बन्नु जरुरी

**क्यान्सर उपचार तथा अनुसन्धानसम्बन्धी अन्तराष्ट्रिय नेटवर्क (आइएनसिटिआर)का अनुसार नेपालमा प्रत्येक वर्ष १७ हजार नयाँ क्यान्सर रोगी थपिने गरेका छन् । यीमध्ये मुखको क्यान्सर पनि प्रमुख मानिएको छ, जसको मुख्य कारण सुर्तीजन्य पदार्थको अधिक उपभोग हो ।**

**दाँत र मुखसँग** जोडिएको स्वास्थ्यलाई सामान्य र सतही ढंगले हेर्ने नेपाली समाजमा योसँग सम्बन्धित समस्या बढ्दै गएको छ । खानेबानीसँग सोझो सम्बन्ध रहेको मुखसँग सम्बन्धित स्वास्थ्यमा विचार पुऱ्याउँदा जति सजिलै समस्याबाट बच्न सकिन्छ, ध्यान नदिँदा यसका खतरा पनि त्यत्तिकै रहेको विशेषज्ञहरू बताउँछन् । 'अहिले धेरै केटाकेटी दातको समस्या लिएर दन्त चिकित्सककहाँ पुग्ने गरेका छन्', नेपाल डेन्टल एसोसिएसनका अध्यक्ष डा. सुशील कोइराला भन्छन्, 'यसको मुख्य कारण गुलियो चिज धेरै खानु र दाँत नमाझ्नु नै हो ।'

डा. कोइरालाका अनुसार ५० देखि ६० प्रतिशतको हाराहारीमा नेपाली बालबालिका कुनै न कुनै किसिमको दाँत र गिजाको समस्याबाट पीडित छन् । नेपाल डेन्टल एसोसिएसनले वीरगन्ज, जनकपुर, भैरहवा, पोखरा र नाम्चेमा विद्यालय जाने उमेरका केटाकेटीमा केही वर्षअघि गरेको उक्त सर्वेक्षणबाट उत्तल नतिजा देखा परेको डा. कोइराला बताउँछन् । 'सहरी क्षेत्रमा तयारी खाद्यपदार्थको अधिक प्रयोगबाट केटाकेटीको दाँतलाई असर परेको छ', डा. कोइराला भन्छन्, 'त्यसैगरी पहाडी जिल्लामा दाँत नमाझेर फोहर जम्दा दाँत र गिजामा संक्रमण र अन्य समस्या भएको देखा पऱ्यो ।'

चकलेट, बिस्कुट जस्ता गुलियो खाद्यपदार्थको अधिक उपभोगमा कमी र दाँत सफा गर्ने बानी मात्रै बसाल्न सके केटाकेटीमा दाँतको समस्या निकै कम हुने उनी बताउँछन् । । 'तर यही मुखलाई कसरी स्वस्थ राख्न सकिन्छ भन्नेबारे परिवार र विद्यालयले केटाकेटीलाई यति सामान्य कुरा सिकाउन सकेका छैनन्', डा. कोइराला भन्छन्, 'यही सामान्य ज्ञानको अभावमा दाँत दुख्ने, किराले खाने, गिजासम्बन्धी अनेकौं समस्याबाट नेपाली बालबालिका ग्रसित छन् ।'

यो त भयो केटाकेटीको कुरा, तर समस्याको गहिराइ प्रौढहरूमा झन् गहिरो र खतरा छ । सुर्तीजन्य वस्तु जस्तैः चुरोट तान्ने अनि खैनी, गुट्खा र सुपारी चपाउने बानीले मुखको क्यान्सर हुने हदसम्म पुऱ्याएको छ ।

क्यान्सर उपचार तथा अनुसन्धानसम्बन्धी अन्तराष्ट्रिय नेटवर्क (आइएनसिटिआर)का अनुसार नेपालमा प्रत्येक वर्ष १७ हजार नयाँ क्यान्सर रोगी थपिने गरेका छन् । यीमध्ये मुखको क्यान्सर पनि प्रमुख मानिएको छ, जसको मुख्य कारण सुर्तीजन्य पदार्थको अधिक उपभोग हो । त्यसैगरी नेपाल अर्वुदरोग निवारण समाजका अनुसार प्रत्येक वर्ष १५ हजार नेपालीको सुर्तीजन्य पदार्थको प्रयोगबाट निम्तिने रोगका कारण मृत्यु हुने गरेको छ ।

दक्षिण एसियाबाहेक अन्य मुलुकमा क्यान्सरका विभिन्न किसिम रहेकामा मुखसम्बन्धी क्यान्सरका रोगीहरू छैटौं श्रेणीमा पर्छन् । नेपालमा क्यान्सर रोगबाट पीडित अधिकांश पुरुषमा मुखको क्यान्सर नै प्रमुख देखिएको छ । सर्वोच्च अदालतले सार्वजनिकस्थलमा चुरोट तथा सुर्तीजन्य पदार्थ सेवन गर्न नदिन सरकारलाई आदेश दिए पनि यसको कार्यान्वयन हुन सकेको छैन ।

त्यसैगरी नेपालमा सुर्तीजन्य वस्तुको सेवनको लत युवा तथा प्रौढमात्र नभई बालबालिकामा पनि व्यापक रहेको विश्व स्वास्थ्य संगठनले देखाएको छ । संगठनले 'ग्लोबल युथ टोबाको सर्वे'अन्तर्गत सन् २००१ मा नेपालमा गरेको एक अनुसन्धानका अनुसार यहाँ १३ देखि १५ वर्ष उमेरका नेपाली बालबालिकामध्ये करिब १२ प्रतिशतले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको उल्लेख गरेको छ । त्यसैले संगठनले सुर्तीजन्य पदार्थ लगायत अन्य कारणले उत्पन्न हुने स्वास्थ्यसम्बन्धी समस्या निराकरण तथा नियन्त्रणका लागि स्वास्थ्य शिक्षा तथा जनचेतनामा जोड दिनका लागि नेपालले प्राथमिकता निर्धारण गर्नु पर्ने स्पष्ट पारेको छ ।

केटाकेटी हुन् वा प्रौढ जब दाँत वा गिजामा समस्या गहिरिन्छ, यसको उपचार पनि त्यत्तिकै महँगो पर्न जान्छ । उदाहरणको लागि एउटा खिइएको वा प्वाल परेको दाँत भर्न पनि उपचारको गुणस्तर हेरी २ सय देखि ८ सय रुपैयाँसम्म खर्च हुन्छ । जब कि मुखसम्बन्धी स्वास्थ्यबाट पीडित व्यक्तिको एकभन्दा धेरै दाँत काम नलाग्ने अवस्थामा पुगिसकेका हुन्छन् ।

त्यसैगरी दन्त चिकित्सा सेवा राजधानीलगायत केही सहरी क्षेत्रमा मात्र सीमित भएकाले यसको उपचारबाट ग्रामीण बासिन्दा वञ्चित हुनु परेको छ । 'दन्त तथा मुखसम्बन्धी स्वास्थ्य सेवा सरकारको प्राथमिकतामा पर्न सकेको छैन', डा. कोइराला भन्छन्, 'त्यसैगरी निजी लगानीमा फस्टाएको दन्त चिकित्साले ग्रामीण भेगलाई प्राथमिकतामा पारेको छैन ।'

■ मनीष गौतम/काठमाडौं





तेज बस्नेत

खानेपानी निजीकरणको विरुद्धमा आन्दोलनरत संस्थानका कर्मचारीहरू

# पानी किचलो

**तीनपटकसम्म** संसद्मा विचाराधीन रहेको खानेपानी संस्थानको ऐन संशोधनसँगै काठमाडौं उपत्यकाको खानेपानी वितरण व्यवस्था विदेशी कम्पनीलाई दिने टुंगो लागेपछि खानेपानी संस्थानका कर्मचारीहरूको आन्दोलनले तीव्र रुप लिएको छ ।

सरकारले ल्याएको खानेपानी ऐन संशोधन २०६३ सँगै सरकारले उपत्यकाको खानेपानी व्यवस्थापमा सेभेन ट्रेन्ट वाटर इन्टरनेसनल नामक बेलायती कम्पनीसँग गरेको सम्झौताले वैधता पाएको हो ।

यो वैधतासँगै खानेपानी संस्थानलाई निजीकरण गरिँदा उपभोक्ताले अहिलेको मूल्यभन्दा दोब्बर तिर्नु पर्ने र उपभोक्ताको अधिकार पनि नरहने दाबी गर्दै नेपाल खानेपानी संस्थानका सम्पूर्ण कर्मचारीहरूले आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् ।

संस्थानका कर्मचारीहरूले आन्दोलनकै क्रममा मुलुकका ३५ वटा शाखा र केन्द्रका सम्पूर्ण काम ठप्प पारेर आन्दोलनमा उत्रिएका छन् भने सरकार 'संसद्ले पारित गरिसकेकाले अब यो नरोकिने' भन्दै आफ्नो अडानबाट पछि नहट्ने बताएको छ । 'कर्मचारीको सुरक्षाका लागि मन्त्रालय संवेदनशील रहेको छ, तर यो निर्णय भने फिर्ता लिन सक्ने अवस्था छैन', आवास तथा भौतिक योजनामन्त्री गोपालमान श्रेष्ठ भन्छन् ।

तर, खानेपानी कर्मचारीहरू भने सरकार निजीकरणको मागमा अडिग रहने हो भने आन्दोलनले उग्र रूप लिने चेतावनी दिन्छन् । आन्दोलनमा उत्रिएका खानेपानी संस्थान कर्मचारी संगठन संयुक्त संघर्ष समितिका संयोजक गोपीकृष्ण खड्का भन्छन्, 'सरकारले उपभोक्ताको हितविपरीत निर्णय गरेका कारण हामीले यो आन्दोलन थालेका हौं, यसलाई सरकारले बेवास्ता गर्ने हो भने आन्दोलन झन चर्काइनेछ ।' तर आवास तथा भौतिक योजना मन्त्रालयले भने यसको कडा खण्डन गरेको छ । 'केही भड्काउनेहरूको पछि लागेर गरिएको आन्दोलन हो, अहिले पारित ऐन उपभोक्ता र खानेपानी कर्मचारीहरूको अधिकारप्रति संवेदनशील रहेको छ ।'

खानेपानी विधेयककै बारेमा सर्वोच्चमा उजुरी परेर विचाराधीन अवस्थामा रहेको थियो । 'यस्तो बेला संसद्ले पास गर्न मिल्दैनथ्यो र मन्त्रालयले पनि प्रतिस्पर्धाविना खानेपानीलाई विदेशीको जिम्मा दिन हुँदैनथ्यो । आठ दलको संसद् बन्न लागेका बेला यसलाई पुनर्विचार गरिनुपर्छ', पानी विशेषज्ञ अजयमणि दीक्षित भन्छन् । विधेयकमा 'संस्थानको भौतिक सम्पत्तिसहित उपत्यकाभित्रको खानेपानीको व्यवस्थापन विदेशी कम्पनीलाई दिइने' उल्लेख गरिएको थियो ।

विगतमा समेत खानेपानी विदेशीलाई जिम्मा दिएका उदाहरणहरू हेर्ने हो भने सफल भएको अवस्था छैन । नब्बेको दशकमा पनि खानेपानी संस्थानको व्यवस्थापन सुधार्न साउन स्टाफेसायर नामक कम्पनीलाई जिम्मामा दिएको थियो र उतिखेर पनि यो सफल भएको थिएन । 'सरकारले सुधार्न चाहने हो भने विदेशीको जिम्मा दिनु जरुरी छैन, आन्तरिक सुधारबाट पनि खानेपानी संस्थानको नक्सा परिवर्तन हुन सक्छ', दीक्षित बताउँछन् ।

खानेपानी निजीकरण हुनासाथ उपभोक्ताले तीस प्रतिशत मूल्यवृद्धिको भार खेप्न पर्ने र त्यसको दुई वर्षपछि अरू बीस प्रतिशत मूल्यवृद्धि गराउने सहमति बेलायती कम्पनीसित भएका कारण उपभोक्ताको हितविपरीत यो सम्झौता भएको खानेपानी संस्थान कर्मचारी संगठन संयुक्त संघर्ष समितिको भनाइ छ ।

बेलायती कम्पनीको जिम्मा खानेपानी संस्थानलाई दिएपछि करिब ४ सय कर्मचारीलाई अवकाश दिइने भएका कारण यो सम्झौताको व्यापक विरोध भएको मन्त्रालय स्रोतले जनाएको छ ।

मेलम्ची खानेपानी आयोजनाको प्रमुख दातृनिकाय एसियाली विकास बैंकको सर्तअनुसार विधेयक ल्याइएको स्विकार्दै मन्त्री श्रेष्ठ भन्छन्, 'अहिलेसम्म मेलम्चीमा चार अर्ब लगानी भइसकेको छ, विधेयक नल्याउँदा एसियाली विकास बैंक फर्कने पक्का भएपछि यो ल्याइएको हो र अब यो फिर्ता हुँदैन ।'

६ वर्षका लागि बेलायती कम्पनीलाई खानेपानी संस्थान करारमा दिइएको विरोध गर्दै खानेपानी संस्थानका कर्मचारीहरूले बालुवाटार, सिंहदरवार, पुल्चोकजस्ता संवेदनशील ठाउँहरूमा एक दिन पानी आपूर्ति समेत बन्द गरेको थिए । 'यस्ता कार्यले खानेपानीमा रहेका अहिले कर्मचारीहरू कत्तिको जिम्मेवार छन् भन्ने प्रस्ट्याउँछ', मन्त्री श्रेष्ठको भनाइ छ । 'विदेशी कम्पनीले १४ सय कर्मचारीलाई घटाएर हजारमा झार्नेछ । घाम ताप्नकै लागि जागिर खाएकाहरूलाई अप्ठ्यारो पर्छ । त्यसैले उनीहरू आन्दोलनमा आएका हुन् ।'

■ **ज्योति देवकोटा/काठमाडौं**



**गोपालमान श्रेष्ठ**
**आवास तथा भौतिक योजनामन्त्री**

**अहिलेको आन्दोलन के हो ?**

यो मेलम्ची नआओस् भन्ने सोच राख्नेहरूले भड्काएको आन्दोलन हो । कर्मचारीहरूले जुन कुरा उठाएर आन्दोलन गरेका छन्, त्यो होइन । कर्मचारी र उपभोक्ताको हक तथा अधिकारका विषयमा ऐन संवेदनशील छ । त्यसैले यो आन्दोलनको कुनै तुक छैन । विधेयक सबै दलका नेताहरूको साझा सहमतिमा पास भएको छ । त्यसैले कसैलाई मन नपरेर भड्काउँदैमा यसमा कुनै परिवर्तन हुँदैन ।

**विदेशीको दबाबमा यो विधेयक ल्याइएको भन्ने आरोप छ नि ?**

उच्चस्तरीय छलफल भएपछि र तीनपटकसम्म सदनमा विचाराधीन अवस्थामा रहेर अन्ततः सबैको सहमतिमा यो विधेयक पारित भएको हो । यसमा प्रधानमन्त्रीदेखि माधवकुमार नेपाल र शेरबहादुर देउवासँग समेत सल्लाह भएको छ ।

**आर्थिक लाभमा फसेर टेन्डरविना बेलायती कम्पनीलाई उपत्यकाको खानेपानीको जिम्मा दिने निर्णय भएको आरोप छ, होइन ?**

होइन, हामीले टेन्डर आह्वान गर्दा चारवटा कम्पनीले टेन्डर हालेका थिए र तीमध्ये सेभेन ट्रेन्ट वाटर इन्टरनेसनल नामक कम्पनी छानिएको हो । कम्पनीलाई लगाइएको आरोपको बारेमा दूतावासबाट समेत छानबिन गरिएको छ ।

# बेवारिस ‘मुटुका टुक्राहरू’

**छेउछाउका** सबै शय्यामा आ-आफ्ना शिशुलाई सप्रेम सुमसुम्याइरहेका, म्वाइँ खाइरहेका वा दूध चुसाइरहेका ममतामयी आमाहरू देखिन्छन् । तर, २ नम्बर शय्यामा निष्फिक्री सुतिरहेको एउटा कल्कलाउँदो नवजात शिशुको वरिपरि कोही छैन ।

यो नवजात शिशु जन्मिएलगत्तै टुहुरो भएको छ । उसकी आमा मरेकी हैनन्, बरु उसलाई जन्मिनासाथ अस्पतालको शय्यामा चटक्क छाडेर भागेकी चाहिँ हुन् । सिंगिया-८, सुनसरीकी २३ वर्षीया अरुणकुमारी चौधरीले गत पुस ३ गते धरानस्थित विपी प्रतिष्ठानको एनआइसियुमा उसलाई जन्माएर भागेकी थिइन् ।

आमाले छाडे पनि शिशुको स्वास्थ्य सुधिँदै छ र हेर्दाहेर्दै खेलाऊँ-खेलाऊँ जस्तो बन्दै गएको छ । आमाले निष्ठुरतापूर्वक छाडेर गएको शिशुप्रति अस्पतालमा कार्यरत डाक्टर, नर्स सबैको सहानुभुति र माया छ । तर, ड्युटीमा रहेका बेला कसैले उसलाई काखमा लिएर खेलाउँदैन र ऊ मस्त सुतिरहन्छ, एउटा भद्र र परिपक्व व्यक्तिजस्तै ।

विपी प्रतिष्ठानकै एनआइसियुमा जन्मिएर छोडिएको अर्को नवजात शिशु पनि उस्तै रहरलाग्दो छ । शिशु वार्डको २९ नम्बर शय्यामा रहेको यो नवजात शिशु हत्तपत्त रुँदैन, सायद उसलाई आफ्नो रुवाइको भाषा बुझ्ने आमा आफूसँग नरहेको थाहा छ । इनरुवाकी हिमा खातुनले गत मंसिर २८ गते उसलाई जन्माएर छाडेकी थिइन् ।

अरुणकुमारी चौधरी र हिमा खातुनले अस्पतालमै जन्माएर छाडेका दुई नवजात शिशुबीच के समानता छ भने यी दुवै छोरी हुन्, जसको जन्म तराईमा बसोवास गर्ने थुप्रै जातिका लागि अझै बोझसरह छ । छोरी जन्मिँदा बोझ थपिएको ठान्ने सोचाइकै कारण यी दुई ‘दोस्रो लिंगी’ अस्पतालमै बेवारिस भएका हुन सक्छन् ।

तर, त्योभन्दा मुख्य कारण गरिबी देखिन्छ । छोराछोरी पाल्ने आर्थिक क्षमता नभएकाले अरुणकुमारी र हिमा आ-आफ्ना ‘मुटुका टुक्रा’प्रति यति धेरै कठोर बन्न पुगेका हुन् । आमाले छाडेर गएपछि अस्पतालका नर्स तथा कर्मचारीहरूले अरुणकुमारीकी छोरीको नाम छायाँ चौधरी र हिमाकी छोरीको नाम क्षितिजा खातुन राखिदिएका छन् ।

विपी प्रतिष्ठानको बच्चा वार्डमा अहिले छायाँ र क्षितिजासहित तीन नवजात शिशु अलपत्र छन् । तर, एनआइसियुमै रहेको तेस्रो बच्चाचाहिँ छोरा हुन् । कुसाहा-९, सुनसरीकी २२ वर्षीया कुसुम चौधरीले उसलाई जन्माएर छाडेकी थिइन् । कुसुमको बच्चा जन्मिँदै रोगी भइदियो । उसको श्वासप्रश्वासमा अहिले पनि समस्या छ ।

‘बच्चा जन्माएको दुई-तीन दिनसम्म त कुसुम अस्पताल आउँदै-जाने गरेकी थिइन्, औषधी किन्न पैसाचाहिँ छैन भन्थिन्’, एनआइसियुमा कार्यरत एक कर्मचारी भन्छन्, ‘पछि एक्कासि आउनै छाडिन् ।’ शिशुको उपचार र पालनपोषण गर्ने पैसा नभएकाले कुसुमले पनि आमामा हुने स्वभाविक मातृस्नेह मनमै दबाएको ती कर्मचारीको भनाइ छ ।

तेह्र वर्षदेखि विपी प्रतिष्ठानको शिशु वार्डमा कार्यरत स्टाफ नर्स महिमा तुलाधरको भनाइमा खासगरी गरिब, पतिबाट अलग भएका महिलाले आफ्नो शिशुप्रति कठोरता देखाउँछन् । बच्चा रोगी भइदिए र बा-आमासँग उपचार गर्ने क्षमता छैन भने पनि ऊ अस्पतालमा छोडिनसक्छ ।

२०५७ सालमा विपी प्रतिष्ठानको शिशु वार्डमा एउटा जन्मजात रोगी शिशु छोडिएको थियो । प्रिया नाम दिइएको त्यो शिशु बाहिरबाट हेर्दा स्वस्थ नै देखिन्थ्यो, तर उसलाई हाइड्रोक्याफलर (टाउकोमा पानी जम्ने रोग)ले सताएको थियो । जन्मिएको ९ महिनामा प्रियाको मृत्यु भएको थियो ।

एक्ली महिलाले आफूलाई असहाय ठानेर आफ्नो नवजात शिशुप्रति यति धेरै निष्ठुरता देखाएको हुनसक्छ, तर एक्लो पुरुष पनि बच्चा हुर्काउने उत्तरदायित्व पूरा गर्ने सवालमा कमजोर भएको उदाहरण छ । मुटुको रोगले ग्रस्त पाँचकन्या, सुनसरीकी पदमकुमारी राई ४ वर्षअघि एउटी छोरी जन्माउनासाथ मरिन् । पदमकुमारीका पति आफ्नी पत्नीको मृत्यु भएको तीन दिनपछि छोरीलाई अस्पतालमा छाडेर बेपत्ता भए ।

अस्पतालमा बच्चा अलपत्र हुने घटना प्रायः भइरहन्छन् । १० महिनाअघि मात्रै धनकुटाकी एउटी महिलाले जन्माएर छाडेको बच्चालाई एक अमेरिकी नागरिकले धर्मपुत्र बनाएर लगेको थियो । उसको नाम ‘क्षितिज’ राखिएको थियो र ऊ अस्पतालमा सबैका लागि निकै मायालु बनेको थियो ।

कोशी अञ्चल अस्पताल, विराटनगरमा पनि यस्ता घटना भइरहन्छन् । भदौ २०६२ को अन्तिम साता दर्वेशा-८, मोरङकी विष्णुदेवी ऋषिदेवले अञ्चल अस्पतालमा एउटी छोरी जन्माएर छाडेकी थिइन् । विष्णुदेवीका पति पनि छन्, तर उनीहरू हातमुख जोर्न पनि गाह्रो पर्ने अवस्थामा रहेकालाई छोरीलाई घर लैजान तयार भएनन् । मिली ऋषिदेव नाम दिइएकी विष्णुदेवीकी छोरीलाई पनि एसओएस बालग्रामले लगेको थियो ।

बा-आमाले यसरी अलपत्र पारेका बच्चा तिनका अभिभावकलाई सुम्पिन अस्पतालले खासै चासो देखाउँदैन । यस्तो घटनामा सामान्यतया नजिकको प्रहरी कार्यालयलाई लिखित जानकारीमात्रै दिइन्छ र प्रहरीले बच्चाआमाका बा-आमा खोज्नुपर्ने आवश्यकता नै देख्दैनन् ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)



इनरुवाकी हिमा खातुनले जन्माएर छोडेकी शिशु खेलाउँदै अस्पतालकी एक महिला कर्मचारी

# तहसनहस प्राज्ञिक थलो

■ छत्र कार्की/काठमाडौं

**त्रिभुवन, नेपाल संस्कृत,** पोखरा र पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति, रेक्टर र रजिस्ट्रार नियुक्तिको माग राखी त्रिभुवन विश्वविद्यालयका कर्मचारीले दुई सातादेखि चलाएको आन्दोलनका कारण यी विश्वविद्यालयहरूका सम्पूर्ण गतिविधि तहसनहस भएका छन्। कर्मचारीहरूले उपकुलपतिको सचिवालयलगायत अरू कार्यालयसमेत तालाबन्दी गरेपछि सबै गतिविधि ठप्प भएका छन्।

आन्दोलनको नेतृत्व गरिरहेको त्रिभुवन विश्वविद्यालय कर्मचारी संघले विश्वविद्यालयमा पदाधिकारी नियुक्ति नगरिएसम्म विरोध कार्यक्रम जारी रहने जनाएको छ। संघका अध्यक्ष शम्भु भट्टराई भन्छन्, 'विश्वविद्यालयमा अविलम्ब नयाँ पदाधिकारी नियुक्ति गरी सबै काम सुचारु हुनुपर्छ भन्ने हाम्रो माग हो, यो माग पूरा नभएसम्म आन्दोलन रोकिँदैन।' संघले आफ्ना मागमा रजिस्ट्रार कर्मचारीबाट नियुक्त गरिनुपर्ने माग पनि प्रमुखतासाथ उठाएको छ। पुस ३० गतेसम्म पनि आफ्ना माग पूरा नगरिए त्यसपछि आन्दोलनलाई अस्पताल, इन्जिनियरिङ क्षेत्रमा पनि केन्द्रित गर्ने कार्यक्रम संघले सार्वजनिक गरिसकेको छ।

उपकुलपतिलगायत पदाधिकारी नियुक्ति मुद्दा कांग्रेस र एमालेबीच भागबन्डा नमिलेर अड्किएकाले यसमा कर्मचारी मुछिन नहुने एकथरीले तर्क गर्दै आएका छन्। त्रिभुवन विश्वविद्यालयका कर्मचारीको छाता संगठनका रुपमा रहेको त्रिवि कर्मचारी संघले गरेको आन्दोलनमा सुरुमा सबै कर्मचारीको सक्रिय सहयोग र समर्थन रहे पनि अहिले आन्दोलनका क्रममा भएका क्रियाकलाप अपरिपक्व र हचुवा भएको आरोप पनि लागेको छ। वामपन्थी निकट कर्मचारीहरू आन्दोलनबाट बहिर्गमन हुने संकेत देखिएको छ।

प्रगतिशील कर्मचारी संगठनका अध्यक्ष कुवेर केसी भन्छन्, 'सरसल्लाहविना थालिएको यो आन्दोलन अराजकतातिर जाने सम्भावना देखिएको छ, जुन शैलीमा आन्दोलन अघि बढेको छ, त्यसबाट त्रिवि कर्मचारीप्रति जनताको नराम्रो सन्देश जान सक्छ।' आन्दोलन जारी हुने भएपछि कर्मचारीले यो महिनाको अन्त्यमा पाउनुपर्ने तलब ढिलाइ हुने भएकाले समेत आन्दोलन स्थगन गर्न दबाब बढेको छ। त्रिभुवन कर्मचारी संघमा कांग्रेसनिकट कर्मचारीको बाहुल्य रहेकाले यो आन्दोलनले सम्पूर्ण कर्मचारीको भावनालाई आत्मसात गर्नेभन्दा पनि पार्टीको इसारामा चल्ने त होइन भन्ने आशंका कर्मचारीवृत्तमा व्याप्त छ। अन्तरिम संसद् बन्न लागेको अवस्थामा पदाधिकारी नियुक्तिको विषयलाई सहमतिका आधारमा टुंग्याउनुपर्ने तर्क पनि जोडदार रुपमा उठेको छ।

एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुले उपकुलपतिलगायत उच्च पदाधिकारी नियुक्तिको विषयलाई लिएर सुरु गरेको आन्दोलन पनि रोकिएको छैन। एमालेले भ्रातृ संगठनलाई उक्साएर आन्दोलन गराएको आरोप लागेको छ। अनेरास्ववियुले भने यो अस्वीकार गर्दै आएको छ। नेपाल कानुन क्याम्पसका स्ववियु सभापति नवराज थपलिया भन्छन्, 'विश्वविद्यालयमा नेतृत्व चयन गर्न सरकारले उदासीनता देखाएकाले गर्दा नै हामीले दबाबका लागि आन्दोलन थालेका हौं। यो हाम्रो संगठनको विशुद्ध आन्दोलन हो।'

नयाँ ऐनले राजाबाट कुलपतिको जिम्मेवारी प्रधानमन्त्रीमा हस्तान्तरण गरेपछि पदाधिकारी चयनको निम्ति शिक्षामन्त्रीको अध्यक्षतामा समिति बनाउने दायित्व प्रधानमन्त्रीमा छ। उता, प्रधानमन्त्री कोइरालाको प्राज्ञिकभन्दा आफ्नै पार्टीको मानिसलाई त्रिविको उपकुलपति बनाउने लालसाले गर्दा विभागीय मन्त्री मंगलसिद्धि मानन्धरलाई जिम्मेवारी नदिई सूचना तथा सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडुलाई जिम्मेवारी दिनुबाट प्रस्ट हुन्छ। सरकार बन्दा खेरि नै विभागीय मन्त्रीले गरेका कामकारबाहीप्रति हस्तक्षेप नगर्ने सहमति बनेको जनाउँदै शिक्षामन्त्रीको सिफारिसलाई सबैले मान्नुपर्ने एमालेको तर्क छ। तर, कांग्रेस जुनसुकै हालतमा पनि उपकुलपति आफ्नै हुनुपर्ने मागबाट पछि हटेको छैन। माओवादीले भने अन्तरिम सरकार बनेपछि यो विवाद निरुपण गर्नुपर्ने धारणा अघि सारेको छ।

कांग्रेस र एमाले आ-आफ्ना मागमा अडिग रहेपछि अझै केही साता त्रिविले नेतृत्वविहीन र अराजक स्थिति भोग्नुपर्ने निश्चित छ। पार्टीगत भागबन्डा नमिलेर पदाधिकारीविहीन बन्न पुगेको मुलुककै अग्रणी शैक्षिक संस्था त्रिविको अवस्था धराशायी भएको छ।

## प्राज्ञिक व्यक्ति हुनुपर्छ

■ शिक्षाविद् डा. मनप्रसाद वाग्ले

**नौ महिनासम्म** त्रिभुवन विश्वविद्यालय उपकुलपति, रेक्टर र रजिस्ट्रार नियुक्ति हुन नसक्नुमा राजनीतिक खेल जोडिएको छ। विश्वविद्यालय यति लामो समयसम्म नेतृत्वविहीन हुँदा त्यहाँको शैक्षिक, प्रशासनिक योजना लथालिंग भई अराजकता सिर्जना भएको छ। विश्वका हरेक मुलुकका विश्वविद्यालयको नेतृत्व प्राज्ञिक व्यक्तिको हातमा हुन्छ, तर हामीकहाँ त्यस्तो परिपाटी बस्न सकेन। त्यसकारण अहिलेको अवस्थामा विश्वविद्यालयलाई गति प्रदान गर्ने हो भने स्पष्ट सोच र योजना भएका प्राज्ञिक व्यक्तिबाट नेतृत्व हुनुपर्छ।

नयाँ विधेयकमा उपकुलपति नियुक्तिका लागि सहकुलपति शिक्षामन्त्रीको अध्यक्षतामा ३ सदस्यीय समिति बन्ने प्रावधान छ। उक्त समितिमा शिक्षा क्षेत्रमा काम गरिसकेका शिक्षाविद्हरूसमेत सामेल गरिनुपर्छ। समितिले निश्चित मापदण्ड निर्धारण गरी मुलुकभरका क्याम्पसमा काम गरिरहेका प्राध्यापकहरूबाट उपकुलपतिको लागि योग्य उम्मेदवारको आवेदन माग्नुपर्छ।

मुलुकभरबाट आएका आवेदनकर्तामध्ये दसजनालाई छनोट गरी उनीहरूसँग विश्वविद्यालयको ५ वर्षे कार्ययोजना माग्नुपर्छ। सबै कार्ययोजनालाई छलफलका निम्ति विद्यार्थी, राजनीतिक दल, अभिभावक, नागरिक समाजसम्म पुर्‍याएर उत्कृष्ट कार्ययोजना छान्न सकिन्छ। विश्वविद्यालयमा प्राज्ञिक नेतृत्व चयन गरी शैक्षिक सुधारका दिशामा काम गर्न यो प्रक्रिया बढी व्यवहारिक, पारदर्शी र प्रजातान्त्रिक हुन्छ।

*(शिक्षाविद् वाग्लेसँग गरेको कुराकानीमा आधारित)*



# १९५० को सन्धिमा भारत गम्भीर

**नेपाल र भारतबीच सन् १९५० मा भएको विवादास्पद सन्धि परिवर्तन हुने संकेत देखिएको छ । भारत आफ्ना साना छिमेकी नेपाल र भुटानसँग झन्डै एकै समयमा साढे साँच दशकअघि भएका 'असमान' सन्धि सच्याउन गृहकार्य गरिरहेको बुझिएको छ । नेपाली परराष्ट्र मन्त्रालयलाई भने यसबारे कुनै जानकारी छैन ।**

**नेपाल र भारतबीचको** विवादास्पद सन्धिमा महत्त्वपूर्ण परिवर्तन हुने अड्कलबाजी दिल्लीमा हुन थालेको छ। सन् १९५० को शान्ति तथा मैत्री सन्धिको समीक्षा झन्डै ५ वर्षदेखि दुई मुलुकका विदेश सचिव तहमा निरर्थक अल्झिरहेका बेला यस्तो अड्कल सुरु भएको छ ।

दिल्लीबाट प्रकाशित दैनिक पत्रिका इन्डियन एक्सप्रेस (जनवरी ८) ले भारतको विदेश मन्त्रालयको हवाला दिँदै त्यस्तो दाबी गरेको छ। नेपालभन्दा एक वर्षअघि भारत र भुटानबीचको सन्धिमा आधारभूत संशोधन निर्णायक स्थितिमा रहेको र त्यस्तै उदार रवैया भारतले नेपालप्रति पनि देखाउने संकेतलाई उक्त पत्रिकाले प्रमुखताका साथ प्रस्तुत गरेको छ। तर, शीतलनिवास सूत्रका अनुसार नेपालसँग दिल्लीको यसबारे कुनै स्पष्ट छलफल भएको छैन ।

नेपाल र भुटानसँगका दुवै सन्धिहरूलाई असमान मात्र हैन, दक्षिण एसियामा भारतको प्रभुत्व प्रधान रवैयाका संकेतका रुपमा लिइन्छ। सन् १९४९ मा भुटानसँग गरिएको उक्त सन्धिमा केही महत्त्वपूर्ण परिवर्तन गरी वैदेशिक मामिलामा भुटानलाई बढी भूमिका दिन भारत राजी भएको उक्त समाचारले जनाएको छ। सन्धिको धारा दुईअनुसार भुटान आफ्ना वैदेशिक सम्बन्धबारे 'भारतको सल्लाहबाट निर्देशित हुनुपर्ने' अहिलेको व्यवस्थामा परिवर्तन गर्न तयार छ।

प्रस्तावित संशोधनको भाषाले अन्तिम रुप पाई नसके पनि नयाँ सन्धिमा सकारात्मक र मैत्रीपूर्ण सद्भावलाई प्रोत्साहित गरिनेछ। सम्भवतः व्यवहारमा अब भारतको हितविपरीत हुनेबाहेक अन्य वैदेशिक मामिलामा थिम्पुले स्वतन्त्र भूमिका अख्तियार गर्न पाउनेछ।

त्यस्तै सन्धिको धारा ६ मा संशोधन गरी भुटानलाई आफ्ना शक्ति वृद्धि र हितमा हातहतियार, यन्त्रहरू तथा युद्ध सामग्री आयात गर्ने छुट हुनेछ, भारतको सहमति र सहयोगमा। संशोधित सन्धिमा सबै किसिमका सैन्य उपकरणको खरिदमा भारतको पूर्वस्वीकृति अनिवार्य नहुने आशय जोडिनेछ। भुटानलाई सम्भवतः युद्ध सामग्री तथा गैरघातक उपकरणको आवश्यकता पर्ने नदेखिए पनि प्रस्तावित संशोधनको आशय भारत भुटानलाई यी विषयमा नियन्त्रित गर्न हैन, परामर्श मात्र दिन चाहन्छ भन्ने स्पष्ट पार्नु हो।


विदेश मन्त्रालय स्रोतलाई उद्धृत गर्दै उक्त दैनिकले यी परिवर्तनहरूले भारत-भुटान सम्बन्धको समकालीन यथार्थ झल्काउने तथा संवेदनशील र एक-अर्काको राष्ट्रिय हितमा निकट सहयोग पुऱ्याउने बताएको छ। सन्धिको समीक्षामा आर्थिक खास गरी जलविद्युत्, व्यापार र वाणिज्य क्षेत्रमा सहयोगलाई व्यापकता दिइनेछ।

अन्तरिम सरकारमा सहभागी माओवादीले भारतसँगको सन्धिलाई पूर्णरुपमा समाप्त गर्ने माग राख्दै आएको छ। त्यस्तो सम्भावना नरहेको बताउँदै नेपालविरुद्ध देखिने प्रावधानमा परिवर्तन हुने संकेत दिइएको छ।

नयाँदिल्लीले हाल देखाएको रवैयालाई साना छिमेकीहरूसँगको सम्बन्ध सुधारको चाहनाका रुपमा सूत्रहरूले बताएका छन्।

यी परिवर्तनपछि आउने चुनौतीलाई भारतको विदेश विभागले आफ्ना प्रभावहरू ज्यादा सरल तरिकाले सामना गर्नुपर्ने देखिन्छ। भारत चीनको भूराजनीतिक र सीमा सम्बन्धमा आएको सुधार र हिमाली राज्यहरूमा आएका परिवर्तनले पनि सन्धि परिवर्तनको मान्यतालाई प्रभावित गरेको हो। खासगरी भुटान-भारत सन्धि संशोधनले भुटानले 'पूर्ण सार्वभौमसत्ता'का लागि राख्दै आएको माग पूरा भएको पनि उक्त अखबारले जनाएको छ। ■






विश्वकान्त मैनाली



बसन्तराज भण्डारी



उपेन्द्रकेशरी न्यौपाने

# वकिलहरूको घम्साघम्सी

■ किरण भण्डारी/काठमाडौं

तस्वीरहरू : तेज बस्नेत

**दुवै समूहले आफू विजयी भएमा बारले संविधानसभाको निर्वाचन सम्पन्न गर्न विशेष कार्यक्रम ल्याएर सक्रिय हुने उद्घोष गरेका छन् । दुवै समूहका अध्यक्ष र अन्य उम्मेदवारहरूले संविधान निर्माणका क्रममा सचेत कानुन व्यवसायीको हैसियतले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा पनि व्यक्त गरेका छन् ।**

**संयोग नै मान्नुपर्छ,** नेपाल बार एसोसिएसनको केन्द्रीय अध्यक्ष पदका बलिया प्रत्यासी वसन्तराम भण्डारी र विश्वकान्त मैनालीले २०३० सालमा एकै मितिमा वकालत सुरु गरेका हुन् । त्यतिबेला एकै दिन लाइसेन्स लिएका दुवैजनालाई २०६२ माघको सर्वोच्च अदालतको एकै मितिको निर्णयले वरिष्ठ अधिवक्ताको उपाधि मिलेको हो ।

त्यति मात्र हैन, भण्डारी र मैनालीको शैक्षिक योग्यता पनि उही छ- एमए, बिएल । पेसा अपनाएदेखि दुवैले निरन्तरता भंग गरेका छैनन् र बारको केन्द्रीय अध्यक्षका लागि दुवै नयाँ उम्मेदवार पनि होइनन् । पेसागत संगठनमा एकपटक पराजित भइसकेपछि उम्मेदवार नहुने प्रचलन भए पनि दुवैजना यसअघिका भिन्नाभिन्नै निर्वाचनमा अध्यक्षका पराजित उम्मेदवार रहिसकेका छन् ।

मैनालीले राधेश्याम अधिकारी र हरिहर दाहालसँग गरी दुईपटक पराजय व्यहोरिसकेका छन् भने २०५७ सालमा भण्डारीले सिन्धुनाथ प्याकुरेलसँग पराजय भोगेका थिए । पराजयको शृंखलाको क्रम भंग गर्दै यसपटक दुईमध्ये एकको विजय सुनिश्चित भएको छ ।

बार केन्द्रीय कार्यसमितिको पदावधि तीन वर्षको हुन्छ । २०१३ सालमा स्थापना भएको बारले स्वर्णजयन्ती मनाइसकेको छ । पेसाकर्मीहरूको सबैभन्दा ठूलो संगठन बारको पुस २९ गते हुने केन्द्रीय कार्यसमितिको निर्वाचनमा विगतमा जस्तै कांग्रेस निकट लोकतन्त्रवादी र वाम खेमाका प्रगतिशील समूहबीच कडा प्रतिस्पर्धा हुनेछ । आठ पदाधिकारी र नौ सदस्य गरी १७ पदका लागि निर्वाचन हुँदै छ ।

शनिवार हुने निर्वाचनका लागि प्रचार-प्रसार उत्कर्षमा रहेकाले देशभरका बारलाई चुनावी रौनकले ढाकेको छ । साढे नौ हजारभन्दा बढी मतदाता रहेको बार केन्द्रीय समिति निर्वाचन ४० भन्दा बढी सदस्य भएका जिल्ला, पुनरावेदन र सर्वोच्च बार सहित ८१ केन्द्र छन् । प्रचार-प्रसारकै क्रममा दुवै पक्षका उम्मेदवारहरूले मेची-महाकाली देश दौडाहा गरिसकेका छन् ।

दुवै समूहले आफू विजयी भएमा बारले संविधानसभाको निर्वाचन सम्पन्न गर्न विशेष कार्यक्रम ल्याएर सक्रिय हुने उद्घोष गरेका छन् । दुवै समूहका अध्यक्ष र अन्य उम्मेदवारहरूले संविधान निर्माणका क्रममा सचेत कानुन व्यवसायीको हैसियतले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा पनि व्यक्त गरेका छन् ।

संवैधानिक सर्वोच्चता, कानुनी शासन, स्वतन्त्र न्यायपालिका, मानवअधिकार र लोकतन्त्रको पक्षमा क्रियाशील हुने प्रतिबद्धता पत्रमार्फत दुवै पक्षले जाहेर गरेका छन् । कानुनी शिक्षा, कानुन व्यवसायीको दक्षता अभिवृद्धि, तालिमको विकास र विस्तार, व्यवसायिक हक हित र प्रतिष्ठाको अभिवृद्धिलगायत घोषित कार्यक्रममा पनि खासै अन्तर छैन ।

सैद्धान्तिक र कार्यगत कार्यक्रमहरू समान रहेपछि दुईवटा समूहबीच अन्तर के त ? भन्ने समयको प्रश्नमा प्रगतिशीलले आफूहरू परिवर्तनवादी भएको दाबी गर्दै अर्को समूहलाई यथास्थितिवादी भएको आरोप लगाएको छ ।

'नयाँ नेपाल निर्माणको सोच राख्ने हामी परिवर्तनवादी हौं, लोकतन्त्रवादी भन्नेहरू यथास्थितिवादी हुन्', मैनालीले भने, 'यही नै हामीबीचको अन्तर हो ।' राज्यको पुनर्संरचनादेखि गणतन्त्र स्थापना हुनुपर्नेमा आफूहरू स्पष्ट रहेको उल्लेख गर्दै उनी भन्छन्, 'हामी संविधानसभामा लोकतान्त्रिक गणतन्त्र पक्षधरलाई सहयोग गर्छौं ।'

दुई समूहबीच अन्तरको प्रश्नमा लोकतन्त्रवादी समूहका अध्यक्ष उम्मेदवार वसन्तराम भण्डारीले प्रगतिशील समूहको बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता स्पष्ट नभएको आरोप लगाएका छन् । 'स्वतन्त्र न्यायपालिका, विधिको शासन, संवैधानिक सर्वोच्चता, मानवअधिकारको रक्षा हामीले आस्था राखेको बहुदलीय राजनीतिक व्यवस्थामा मात्र

सम्भव हुन्छ', भण्डारी भन्छन्, 'कम्युनिष्ट साथीहरू अझै पनि लोकतन्त्रलाई पूर्ण रुपमा भन्न नसकी प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली भनिरहनुभएको छ।' राजनीतिक प्रतिस्पर्धा त पञ्चायतमा पनि हुन्थ्यो भन्दै उनी भन्छन्, 'बहुदलीय व्यवस्थामा मात्र हरेक किसिमको स्वतन्त्रताको गुन्जायस हुन्छ।'

दोस्रो महत्त्वपूर्ण पद महासचिवमा लोकतान्त्रिक समूहबाट उपेन्द्रकेशरी न्यौपाने र प्रगतिशीलबाट रमणकुमार श्रेष्ठ उम्मेदवार बनेका छन्। श्रेष्ठ माओवादी निकट अधिवक्ता हुन्।

शाही कालमा समाज कल्याण परिषद्को सदस्य बनेको भन्दै न्यौपानेलाई विपक्षीहरूले राजाको पालामा सत्ता र भत्ता पाएको आरोप लगाएका छन्, तर उनी भने उक्त आरोप झूटो भएको दाबी गर्छन्। बालबालिकाका निम्ति गैरसरकारी संस्थाहरूको महासंघको अध्यक्षको हैसियतले प्राप्त हुने परिषद्को पदेन सदस्यमा समेत आफू नबसेको उनले खुलासा गरे।

'माघ १९ प्रति असहमति जनाउँदै मैले परिषद्को सदस्यबाट राजीनामा गरेको हुँ', न्यौपाने भन्छन्, 'जनआन्दोलनको हरेक कार्यक्रममा सक्रिय रहेको मलाई उल्टो सत्ता र भत्ता खायो भन्ने मिथ्या आरोप लगाइएको छ।'

कोषाध्यक्षमा प्रगतिशीलले सविता भण्डारी (बराल) र लोकतान्त्रिकले प्रभात अधिकारीलाई अघि सारेका छन्। उपाध्यक्षहरूमा लोकतान्त्रिकले पूर्व, मध्य, पश्चिम, मध्यपश्चिम, सुदूरपश्चिमाञ्चलबाट क्रमशः अशोककुमार पोखरेल, पूर्णमान शाक्य, मुकुन्द शर्मा पौडेल, प्रह्लादबहादुर कार्की र भूपेन्द्रबहादर विष्ट छन्।

ती पदमा प्रगतिशीलबाट क्रमशः रमेश थापा, हरि उप्रेती, जयनारायण पौडेल, पदम वैदिक र रणबहादुर सिंह प्रत्यासी छन्। नौ केन्द्रीय सदस्य उम्मेदवारहरूमा प्रगतिशीलबाट रमेश बडाल, रामेश बस्नेत, बालकृष्ण ढकाल, भवीश्वर गुरुङ, शान्तिदेवी खनाल, राजकिशोर यादव, केदार गुरागाई, सानुभाइ शाक्य र शैशव गौतम खडा भएका छन्।

लोकतान्त्रिक समूहबाट नीता गौतम दीक्षित, नमस कार्की, नरबहादुर शाही, तेजबहादुर राई, सीताराम केसी, सुरजप्रसाद अधिकारी, कविता थापा, उपेन्द्रनन्दन तिमिल्सिना र अरुणकुमार पंजियार सदस्य पदका प्रत्यासी छन्।

राज्यको पुनर्संरचनाको विषयलाई वकिलहरूले जोडदार रुपमा उठाएको भए पनि दुवै पक्षको उम्मेदवारको सूचीले उनीहरूको अभिव्यक्ति 'ओठे' मात्र भएको पुष्टि गरेको छ। समावेसीको नाराले सर्वत्र प्रमुखता पाइरहेका बेला समेत उम्मेदवारीको सूचीमा भने बाहुन-क्षेत्रीको एकलौटी वर्चस्व भएको मात्र हैन, राज्यद्वारा सबैभन्दा उत्पीडित दलित वर्गको प्रतिनिधित्व शून्य छ।

## डाक्टरहरू पनि चुनावमा

पेसाकर्मीहरूको जेठो संगठन नेपाल चिकित्सक संघको केन्द्रीय कार्यसमिति चुनाव माघमा हुन लागेकाले डाक्टरहरूलाई पनि चुनाव लागेको छ। २००७ सालमा प्रजातन्त्र स्थापना भएलगत्तै चिकित्सक संघ स्थापना भएको थियो।

दुईवर्षे कार्यकालका लागि हुन लागेको निर्वाचनमा लोकतन्त्रवादी र प्रगतिशीलहरूले संयुक्त प्यानल खडा गरेका छन्। संयुक्त प्यानलको अध्यक्षमा त्रिवि शिक्षण अस्पतालका डा. चोपलाल भुसाल र महासचिवमा कान्ति बाल अस्पतालका डा. केदारनरसिंह केसी उम्मेदवार भएका छन्। १३ सदस्यीय कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष किरणप्रसाद श्रेष्ठ, उपाध्यक्ष शीला बर्मा, कोषाध्यक्ष अरुण दीक्षित, सहसचिव गोपाल खनाल र सह-कोषाध्यक्ष राजेश श्रेष्ठ निर्विरोध भएका छन्। निर्विरोध भएकामध्ये दीक्षित र खनाल वामपन्थी विचारधाराका हुन्।

निर्वाचन हुन लागेका पदका उम्मेदवारहरूमा अध्यक्ष र महासचिवसहित चार सदस्य लोकतन्त्रवादी छन् भने सदस्यका उम्मेदवारद्वय विश्वराज जोशी र सरिता पाण्डे वाम खेमाका छन्। मुलुकलाई आमूल परिवर्तन, प्रगति र समृद्धिका लागि चिकित्सा क्षेत्रबाट निर्वाह गर्नुपर्ने भूमिकाप्रति कर्तव्यबोध, स्वास्थ्य जनताको अधिकार हो भन्ने मान्यतालाई आत्मसात र अन्तरिम संविधान २०६३ वातावरण तथा स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यवस्था गरेको सन्दर्भलाई ध्यान दिँदै आगामी दिनमा चिकित्सक संघलाई अझ सुदृढ र प्रभावकारी बनाउनु जरुरी भएको ठहर गरी संयुक्त प्यानल खडा भएको महासचिवका प्रत्यासी केसीले *समय*लाई बताए।

डा. केसी जनआन्दोलन-२ को पहिलो दिन चैत २४ गते सुरक्षाकर्मीको निर्घात कुटपिटबाट गम्भीर घाइते भएका थिए। जनआन्दोलन घाइते समितिका अध्यक्ष समेत रहेका केसीले राष्ट्रमा संकट आउँदा चिकित्सकहरू बलिदान गर्न तत्पर रहेको बताएका छन्।

'राष्ट्रिय मुद्दामा बाहेक अघिपछि हामी पेसागत हक हित, चिकित्सा सेवाको गुणस्तर अभिवृद्धि र बिरामीको सेवामा समर्पित रहन संघको तर्फबाट योगदान पुऱ्याउनेछौं', डा. केसी प्रतिबद्धता व्यक्त गर्छन्।

चिकित्सकहरूले ६ बुँदे अपिल समेत सार्वजनिक गरेका छन्। चिकित्सक र सेवाग्राही नागरिकबीच परस्पर विश्वास, समझदारी र सुसम्बन्ध विकास गरी सेवालाई सुरक्षित र मर्यादित बनाउन क्रियाशील रहने, स्वास्थ्य सेवामा देखिएका कमी कमजोरी र विसंगति हटाई चिकित्सा सेवालाई गरिमामय, मर्यादित र स्वाभिमानपूर्ण बनाउन सदा प्रयत्नशील रहने, सम्पूर्ण चिकित्सकलाई संघमा संगठित बनाउने प्रयास गर्ने लगायत चिकित्सकहरूले उद्घोष गरेका छन्।

कांग्रेस र वाम निकट चिकित्सकहरूले संयुक्त प्यानल बनाएकाले सबै पदमा विशाल मतले उनीहरूको विजय निश्चितप्रायः छ। माघ १६ देखि २० गतेसम्म हुने निर्वाचनमा देशभरका अञ्चल अस्पताल र मेडिकल कलेजहरूमा मतदान केन्द्र रहनेछ। संघको सदस्य रहेका झन्डै २७ सय चिकित्सकले मतदानमा भाग लिनेछन्। काउन्सिलको अनुमति लिएका डाक्टरहरूको संख्या ६ हजारभन्दा बढी भए पनि संघले आधाभन्दा बढीलाई आकर्षित गरेका छैनन्। ■

### संयुक्त प्यानल

| | |
|---|---|
| अध्यक्ष | चोपलाल भुसाल |
| महासचिव | केदारनरसिंह केसी |
| सदस्य | विश्वराज जोशी |
| " | पशुपति रेग्मी |
| " | मनोहर जोशी |
| " | अञ्जनीकुमार झा |
| " | सरिता पाण्डे |
| " | मुक्ति श्रेष्ठ |


केदारनरसिंह केसी




**For Free Delivery to your Doorstep Please Contact:**
Himalayan Spring Water Inc.
Tel: 2052347, 2052349 (Tinkune), 2053107 (New Road), 2051649 (Kamal Pokhari), 2054220 (Tripureshwor), 2051651 (Jawalakhel)



तस्वीरहरू : तेज बस्नेत

# आशा पनि, आशंका पनि

■ युवराज घिमिरे/काठमाडौं

**संविधानसभाको** निर्वाचनका लागि महत्त्वपूर्ण पूर्वसर्तका रुपमा उठाइएको अन्तरिम संविधान अन्ततः माघ १ गतेदेखि प्रभावी हुने भएको छ। प्रतिगमनका शक्तिहरूबाट षड्यन्त्र हुने खतरालाई खासगरी माओवादी, नागरिक समाज र सरकारभित्रबाटै बाध्यात्मक दबाबका रुपमा प्रयोग गरेपछि 'अधिनायकवादी' सर्वसत्ता सम्पन्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला झुके। पुस २४ गते बालुवाटारमा बसेको आठ दलका शीर्षस्थ नेताहरूको बैठकले संविधानमा कुनै संशोधन नगरी माघ १ गतेदेखि लागू गर्ने निर्णय गऱ्यो।

न्यायिक स्वतन्त्रता र शक्ति पृथकीकरणको सिद्धान्तलाई अन्तरिम संविधानले चिहानमै धकेलेको आंशका व्यक्त गरेको न्यायपालिकाका सुझावहरूलाई समेत अन्तरिम संविधान लागू भएपछि जन्मने अन्तरिम संसद्को विवेकमा छोड्ने निर्णय गरेका छन्, सत्तामा एकाधिकार जमाएका आठ राजनीतिक दलहरूले।

'न्यायिक स्वतन्त्रताविना प्रजातन्त्रको कल्पना गर्न सकिँदैन। अन्तरिम संसद्ले यसलाई गम्भीरतासँग लिनेछ भन्नेबारे म आश्वस्त छु', कांग्रेस कार्यसमिति सदस्य अर्जुननरसिंह केसीले *समय*लाई भने। केसीको भन्दा धेरै अनिष्टको शंका गर्छन् कानुनविद्हरू।

नेपाल बार एसोसिएसनले संविधानले न्यायिक स्वतन्त्रतालाई ग्यारेन्टी गर्नुपर्ने मागहरू राखेलगत्तै सर्वोच्च अदालतको पूर्ण इजलासले १३ वटा संशोधन माग गरेको छ। संवैधानिक परिषद्को कार्यकारी र राजनीतिक चरित्र, प्रधानन्यायाधीश लगायतका न्यायाधीशलाई प्रधानमन्त्रीले स्थानान्तरण गर्ने व्यवस्था आदिलाई संशोधन गर्न पूर्ण इजलासले प्रधानमन्त्रीसँग माग गरेको छ।

एकजना पूर्व प्रधानन्यायाधीश नाम नखोल्ने सर्तमा यो अन्तरिम संविधानले मुलुकलाई विखण्डनतर्फ डोऱ्याउने आशंकासमेत व्यक्त गर्छन्। वरिष्ठ अधिवक्ता गणेशराज शर्माका अनुसार आपत्तिजनक नागरिकताको हकसम्बन्धी प्रावधानसँगसँगै सात दल र अर्को एक दल (माओवादी)को सत्ता तथा अन्तरिम संसद्मा नियन्त्रण र धारा ४५(२), ४६(ङ) र १०० (२) द्वारा न्यायपालिका तथा विधायिकालाई 'प्रतिबद्ध' बनाउने षड्यन्त्र 'हाम्रा सम्पूर्ण व्यवसायिक जीवनप्रतिका उच्च प्रतिबद्धताविरुद्ध चुनौतीका रुपमा आएका छन्।' ठिक यिनै प्रावधानहरू इन्दिरा गान्धीले संकटकालको पूर्व अभ्यासका रुपमा भारतीय संविधानमा सामेल गर्दा त्यहाँ कडा प्रतिवाद भएको संविधान विशेषज्ञ शर्मा बताउँछन्।

तर सर्वोच्चका न्यायाधीशहरूका साथै गणेशराज शर्माजस्ता वरिष्ठ संविधानविद्हरूको आपत्तिलाई गम्भीरताका साथ लिनुपर्ने आफ्नो मान्यता सहयोगीहरूबीच राख्दै आएका प्रधानमन्त्री कोइराला एकाएक असहाय देखिए, जब उनका शक्तिशाली गृहमन्त्री कृष्णप्रसाद सिटौलाले एकतर्फीरुपमा माघ १ गते नै अन्तरिम संविधान लागू हुने घोषणा गरे।

त्यति मात्र हैन, गृहमन्त्रीले शर्मा तथा न्यायपालिकालाई दरबारिया शक्तिले उचालेको र एक महिनाअघि आठ दलहरूले दिएको अन्तरिम संविधानमा 'कमा' पनि फेर्ने काम भएमा 'रक्तपात' निम्तिने चेतावनी उनले दिएको प्रधानमन्त्री निवासको एक स्रोत बताउँछ। पुस २९ मा अन्तरिम संविधान संसद्मा पेस गरी ३० र ३१ गते सामान्य संशोधन आवश्यक भएमा त्यसै दिन अनुमोदन गर्ने निर्णय पनि दलहरूले गरेका छन्।

माओवादी नेता बाबुराम भट्टराईद्वारा पनि त्यस्तै चेतावनी आएको थियो। न्यायपालिकामा दरबारिया शक्तिहरूको प्रभुत्व रहेको संकेतका रुपमा लिए उनले यसलाई। त्यही मागको अनुमोदनमा सडक आन्दोलनको नेतृत्व गरिरहेको नागरिक समाजको दबाबले पनि अन्तरिम संविधान लागू हुनुमा निर्णायक भूमिका खेल्यो।

तर, पूर्व सहमतिअनुरुप 'हतियार डिपोजिट' र छापामार प्रमाणीकरणको कार्य सम्पन्न हुनुअघि नै अन्तरिम संविधान कार्यान्वयनमा आउँदा संयुक्त राज्य अमेरिकाले भयरहित वातावरणमा निष्पक्ष रूपमा संविधानसभाको चुनाव हुने कुरामा आंशका व्यक्त गरेको छ।

राष्ट्रसंघीय पर्यवेक्षकहरूले काम सुरु गर्नुअघि हतियार व्यवस्थापनका लागि माओवादीको सुझावअनुरुप नेपाली सेना-माओवादी संयुक्त टोलीसहितको समितिले पूर्व गोर्खा सैनिकहरूको छनोट सम्पन्न गऱ्यो, जसमा सबै १ सय ११ जना भारतीय सेनाबाट अवकाशप्राप्त गोर्खाहरू छन्। एकजना पनि ब्रिटिस गोर्खा नरहेको आधिकारिक सूत्रले पुष्टि गरेको छ।

'तर यसले माओवादीको सरकारमा प्रवेश र संविधानसभाको निर्वाचनको बाटो खुलेको छ, बाँकी असहमतिका बुँदालाई सहमतिद्वारा सुल्झाउने वातावरण पनि यसले सिर्जना गर्नेछ', एमाले केन्द्रीय समिति सदस्य भरतमोहन अधिकारी भन्छन्।

सहमतिअनुसारको अन्तरिम संसद्मा ३३० सदस्य रहने व्यवस्थाअनुसार नेपाली कांग्रेस ७५ सिट, एमाले र माओवादीलाई बराबर अर्थात् ७३ स्थान, कांग्रेस प्रजातान्त्रिकलाई ४२ र अन्य साना दलहरूको १९ स्थान सुरक्षित रहने व्यवस्थाका साथै थप ४८ स्थानमध्ये पहिला ३ दलले १०-

१०, देउवाले ६ र बाँकी ४ सत्ताधारी दलहरूले ३-३ स्थान पाउने सहमति पनि बुधवार बेलुका बालुवाटारमा भएको छ।

तराईमा उग्र हिंसात्मक आन्दोलनमा लागेका जनतान्त्रिक तराई मुक्तिमोर्चालाई 'फकाउन' केही स्थान प्रधानमन्त्रीले आफ्नो तजबीजमा सांसद मनोनीत गर्न पाउने कांग्रेसी सुझाव दलहरूका लागि स्वीकार्य भएन। प्रधानमन्त्रीको यसबीचमा ज्वालासिंह र गोइतसँग सम्पर्क भएको तर माओवादीको अनुमोदनविना उनीहरूसँग अहिले सरकारले वार्ता गर्न नसक्ने कोइराला परिवारका एक सदस्यले *समय*लाई जानकारी दिएका छन्।

तर अन्तरिम संविधान लागू भएपछि तराई मुक्तिमोर्चाहरूले आफ्नो प्रतिनिधित्व हुने सम्भावना समाप्त भएको मानेमा हिंसाले उग्ररुप लिने आशंका पनि सरकारमा उत्तिकै प्रबल हुँदै गएको छ। उता नागरिकताको नयाँ व्यवस्थामा 'नेपाली मूल'का व्यक्तिहरूलाई उपेक्षित गरिएको गुनासो पनि त्यत्तिकै बढेको छ।

सरकारमा माओवादीको प्रभुत्व जेठदेखि नै स्पष्टसँग देखिँदै आए पनि अन्तरिम संविधान लागू भएपछि औपचारिक रुपमा विद्रोही शक्ति सरकारको हिस्सा बन्दा मुलुकभित्र भन्दा बाहिर अनेक आशंका देखिन्छन्। 'सरकारलाई सामूहिक उत्तरदायी भएको सिद्धान्तबाट मर्यादितरुपमा माओवादीले चलाउन नदिएमा राज्य व्यवस्था छिन्नभिन्न हुनसक्छ', कांग्रेसका एकजना वरिष्ठ नेता भन्छन्।

त्यसैगरी कांग्रेस र एमालेभित्र सभामुखको पदलाई लिएर अनेक आशंका उत्पन्न भएका छन्। पुरानो संसद् विघटन भएपछि सभामुखका रुपमा सुवास नेम्वाङको पदीय अवधि स्वतः समाप्त हुने हुँदा उनलाई पुनः नियुक्त गर्ने सहमति कांग्रेस, एमाले र माओवादीबीच भएको छैन। एमालेको सुझावअनुसार अन्तरिम संविधानमा राजालाई निलम्बित गरेको अवस्थामा सभामुखलाई राष्ट्राध्यक्ष नराखी प्रधानमन्त्रीलाई नै उक्त जिम्मेवारी दिइने व्यवस्था भएपछि कांग्रेस-माओवादी रवैयाप्रति एमाले थप आशंकित भएको हो।

अंशबन्डाका यी झगडा र गोप्य सहमतिले राजनीतिक समीकरण फेरिने तथा राजनीतिक अस्थिरता बढ्ने सम्भावना प्रबल देखिएको छ भने अर्कोतिर निर्वाचनमा प्रभावकारी भूमिका खेल्ने प्रमुख जिल्ला अधिकारी र जनपद तथा सशस्त्र प्रहरीको संचालनको प्रक्रियामा पनि विभिन्न दलहरू नयाँ उपायहरूको पक्षमा छन्। बुटवलमा भएको एक कार्यक्रममा मन्त्री गोपालमान श्रेष्ठले नयाँ समीकरणको संकेतसमेत दिएका छन्। उनले गैरवामपन्थीहरूको एउटा मोर्चा बन्नसक्ने जसमा सूर्यबहादुर थापादेखि पशुपतिशमशेरसम्म सामेल हुन सक्ने खुलासा हालै गरेका छन्।

अन्तरिम संविधान कार्यान्वयनपछिको अवस्थामा साम्प्रदायिक सद्भाव, कानुन व्यवस्थाको स्थिति र चुनावका लागि विश्वसनीय वातावरणको सिर्जना नै यो संविधानको सफलता वा असफलताको कसी हुने विज्ञहरू बताउँछन्। तर, यसको अपूर्णता र न्यायिक स्वतन्त्रताको अनुपस्थितिले नेपालमा 'संवैधानिक अधिनायकवाद'को चरण त सुरु भएको छैन भन्ने प्रश्न उब्जाएको छ। त्यसलाई नयाँ सरकारले सम्बोधन गर्नुपर्ने देखिन्छ। ■

# के गर्दै छ दरबार ?



**जेठ ४ गतेदेखि** झन्डै अदृश्य रहेका राजा ज्ञानेन्द्र र राजसंस्थाबारे अनेक अड्कलबाजी भइरहेका बेला नागार्जुन दरबारमा भइरहेका भेटघाटबारे अनेक चर्चा र परिचर्चा हुन थालेको छ। विगत ३ सातामा राजा ज्ञानेन्द्रले पूर्व प्रधानमन्त्री, राजनीतिक दलका नेताहरू तथा केही स्वदेशी पत्रकारहरूसँग भेटघाट गरेका छन्। उनको सार्वजनिक उपस्थिति इन्द्रजात्राका दिन भदौ २५ गते वसन्तपुरमा भएको थियो, तर त्यहाँ सरकारका कोही प्रतिनिधि उपस्थिति थिएनन्। त्यसैगरी श्रीलंका, अस्ट्रेलिया र बंगलादेशका राजदूतहरूसँग ओहदाको प्रमाणपत्र ग्रहण गरेपछि राजाको त्यो भूमिका अब समाप्त भएको देखिन्छ, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राष्ट्राध्यक्षको पनि हैसियत अन्तरिम संविधानद्वारा हासिल गरेपछि।

राजा ज्ञानेन्द्रले अहिलेसम्म सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, कीर्तिनिधि विष्ट, पशुपतिशमशेर राणा, रवीन्द्रनाथ शर्मा र विश्वबन्धु थापालाई भेटेका छन्। अक्सर यी वार्ताहरूमा राजाद्वारा तीनवटा सन्देश वा स्वीकारोक्ति पाएको एकजना भेटकर्ता बताउँछन्। पहिलो मुलुकमा जेठ ४ को घोषणापछि विद्यमान राजनीति परिस्थितिलाई उनले स्वीकार गरेका छन् र त्यसको हिस्साका रुपमा संवैधानिक हैसियतका लागि उनी दलहरूसँग सम्बन्ध स्थापित गर्न इच्छुक छन्। दोस्रो मुलुकमा राजाद्वारा सत्ता ग्रहणपछि व्याप्त स्थितिबारे सही अन्दाज गर्न नसक्नु दरबार र जनताबीचको अन्तरको द्योतक हो। तेस्रो बिन्दुमा उनी प्रायः सबैसँग आफ्नो सत्तामाथि स्थायी कब्जा जमाउने कुनै अभिप्राय नभएको, तर मन्त्रिपरिषद्को निर्माण र राजनीतिक दलका नेताहरूप्रतिको व्यवहार त्रुटिपूर्ण रहेको बताउने गरेका छन्।

राजालाई भेट्नेहरूमध्ये विश्वबन्धु थापाले श्री ५ ज्ञानेन्द्र तथा श्री ५ ले स्वेच्छाले गद्दी त्याग गरी नवयुवराज हृदयेन्द्रलाई राजा घोषित गर्नुपर्ने माग राख्दै आएका छन्। उता सूर्यबहादुर थापाले राजाले प्रधानमन्त्रीसँग समझदारी बढाउँदै मुलुकमा राजनीतिक स्थिरताका लागि योगदान पुऱ्याउनुपर्ने सुझाव दिएको बुझिएको छ।

स्रोतका अनुसार यसबीच राजाले सुरक्षानिकायहरू खासगरी नेपाली सेनासँग कुनै किसिमको भेटघाटले भ्रम उत्पन्न गर्ने हुनाले, उनीहरूसँग सम्पर्क नराख्न पनि सचिवालयलाई अह्राएको बुझिएको छ।

भारत सरकारले राजसंस्थाको भविष्यबारे नेपाली जनताको निर्णयलाई उसले स्विकार्ने घोषणा गरे पनि 'पारम्परिक शक्ति' र समाजमा राजाको स्वीकार्यताबारे विभिन्न च्यानलबाट उसले अध्ययन गरिरहेको छ। कांग्रेस दलका विदेश मामिलासम्बन्धी सहसचिव डा. आमनी ठाकुर राजनीतिक स्थितिको विश्लेषण गर्न काठमाडौं आएको केही दिनमै भारतीय जनता पार्टीको विदेश विभागसँग सरोकार राख्ने एउटा टोली काठमाडौं आएको छ। राजाको निरन्तरताका लागि उक्त टोलीले भारत सरकारलाई दबाब दिइराख्ने टोलीका सदस्य हरेन्द्रप्रसादले *समय*लाई बताए।

यसैबीच सरकारका अनेक असफलता, नेपालगन्ज दंगा र द्विविधाका लागि समेत एकतर्फी रुपमा सरकारका केही मन्त्री र दलहरूले राजालाई 'दोष' दिएकोमा पनि राजा ज्ञानेन्द्रले गुनासो गरेका छन्। 'तर म मर्यादित मौनता नै धारण गर्छु', राजालाई उद्धृत गर्दै एकजना भेटकर्ताले बताए। तर मुख्य दलहरूसँग सम्पर्क विच्छेदको अवस्था रहँदा उनी आफ्नो भविष्यबारे आशंकित रहेको प्रायः धेरैजसो भेटकर्ताहरूको भनाइ छ।

'अझ पृथ्वीजयन्तीको सार्वजनिक छुट्टी सरकारले रद्द गरेपछि उनी बढी चिन्तित छन्', एक स्रोतले बतायो। पृथ्वीनारायण शाहदेखि राजा वीरेन्द्रसम्मले राष्ट्रिय एकता र संरक्षणमा पुऱ्याएको योगदानको 'उच्च मूल्यांकन' गर्ने घोषणा माओवादी नेता बाबुराम भट्टराईले गरेका हुन्, सार्वजनिक रुपमा दरबार हत्याकाण्डको लगत्तै। तर माओवादी सरकारमा आउने तयारी गरिरहेकै बेला गृह मन्त्रालयले हालसम्म एकता दिवसका रुपमा मनाईंदै आएको पृथ्वीजयन्तीको सार्वजनिक छुट्टी समाप्त गर्ने घोषणा गरेको छ।

'राष्ट्रिय एकीकरणको गाथालाई नस्विकार्नु राष्ट्रियताको अपमान र अवमूल्यन हो। म यो निर्णयबाट क्षुब्ध छु', पूर्वमन्त्री तथा शिक्षाविद् डा. मोहम्मद मोहसिनले भने। के यो निर्णय गणतन्त्र नेपालको निर्माणतर्फ सरकारको स्पष्ट संकेत हो त ? अन्तरिम संविधानले राजालाई निलम्बित हैसियतमा राखेको छ, तर कुन आधारमा जनतालाई त्यो निर्णयमा संलग्न गराइएला स्पष्ट छैन। उता सरकारमा भ्रष्टाचार बढ्दा र दलहरूबीच मतभेद बढ्दै जाँदा राजालाई साझा दुस्मनका रुपमा प्रस्तुत गर्नुपर्ने उनीहरूको बाध्यताले पनि गणतन्त्रको पक्षमा उनीहरू उभिने अनुमान राजावादीहरूमा बढ्न थालेको छ। ■


कृष्णबहादुर महरा


देव गुरुङ


दीनानाथ शर्मा


हिसिला यमी


तिलक परियार


खड्गबहादुर बिक

# बन्यो सांसद सूची

■ **सुवास देवकोटा/काठमाडौं**

**अन्तरिम संविधान** माघ १ गते जारी हुने भएपछि सत्तारुढ सात र माओवादीसहित आठै दल अन्तरिम संसद् निर्माणको तयारीमा जुटेका छन् । अन्तरिम संसद्मा नेपाली कांग्रेसले पाउने ७५, एमालेले पाउने ७३ र नेपाली कांग्रेस (प्रजातान्त्रिक)ले पाउने ४२ सदस्यमा प्रतिनिधिसभा र राष्ट्रियसभाका बहालवाला सदस्य नै नियुक्त गर्ने निश्चय भएकाले उनीहरू ४८ सदस्यमा दलको भाग आउने सदस्यको मात्र नाम छनोट गर्न लागेका छन् । माओवादीले अन्तरिम संसद्मा पाउने ७३ सदस्यबाहेक ४८ नयाँ सदस्य पनि अन्तरिम संसद्मा छनोट गर्ने आठ दलको सहमतिअनुसार नेपाली कांग्रेस, एमाले र माओवादी सबैले १० सदस्य छनोट गर्न पाउनेछन् । पुस २६ गते प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, माओवादी अध्यक्ष प्रचण्ड र नेपाली कांग्रेस (प्रजातान्त्रिक) सभापति शेरबहादुर देउवाबीच नेपाली कांग्रेस, एमाले र माओवादीले १०-१०, नेपाली कांग्रेस (प्रजातान्त्रिक)ले ६ तथा नेपाल मजदुर किसान पार्टी, जनमोर्चा नेपाल, नेपाल सद्भावना (आनन्ददेवी) र वाममोर्चाले ३-३ सदस्य छनोट गर्न पाउने सहमति भएको थियो । आठ दलबीच कात्तिक २२ गते राजनीतिक सहमति हुँदा नै जनआन्दोलनविरोधी बाहेक प्रतिनिधिसभा र राष्ट्रियसभाका बहालवाला सदस्यलाई अन्तरिम संसद्मा स्थान दिने सहमति भएको थियो । अन्तरिम संसद् ३ सय २५ सदस्यीय हुने सहमति पनि त्यसै बेला भएको थियो ।

माघ एक गते बन्ने अन्तरिम संसद्का लागि सबै नयाँ सदस्य छनोट गर्ने मौका पाएको माओवादीले ७३ सदस्यको नाम निश्चित गरिसकेको स्रोत बताउँछ । तर, पुस २६ गतेको चार दलको बैठकमा नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवाले पुस २९ गते मात्र आफ्नो दलले अन्तरिम संसद्का लागि छनोट गर्न पाउने सदस्यको नाम दिने उल्लेख गरेपछि माओवादीले पनि आफ्ना तर्फका नामहरू बैठकमा प्रस्तुत गरेन । यद्यपि, नेपाली कांग्रेस प्रजातान्त्रिकले जस्तै नेपाली कांग्रेस र एमालेले पनि अन्तरिम संसद्का लागि दलले छनोट गर्न



पाउने सदस्यको नामबारे त्यस दिन निर्णय गरेका थिएनन् । यसैगरी माओवादीले पनि आफूले तयार पारेको नामावली त्यस दिन सार्वजनिक गरेन । आठ दलले माघ १ गते गते अन्तरिम संसद् सदस्यहरूको नामावली अन्तरिम संविधानको परिशिष्टमा उल्लेख गर्ने सहमति पुस २४ नै गरेका थिए । माघ १ गते प्रतिनिधिसभा र अन्तरिम संसद्को बैठकमा अन्तरिम संसद् सदस्यको नामसहितको अन्तरिम संविधान पेस गर्न आठै दलले पुस ३० भित्रै अन्तरिम संसद्का सदस्यहरूबारे निर्णय गरिसक्नुपर्नेछ ।

माओवादी उच्च स्रोतका अनुसार पार्टी प्रवक्ता कृष्णबहादुर महराले माओवादी सांसदहरूको नेतृत्व गर्नेछन् । महरालाई देव गुरुङ, दीनानाथ शर्मा, हिसिला यमी, मातृका यादव, खड्गबहादुर बिक, लेखराज भट्ट, जयपुरी घर्ती र तीलक परियारले सघाउनेछन् । माओवादीले तयार पारेका ७३ नाममा २९ जना महिला छन् । यसैगरी २५ प्रतिशतभन्दा धेरै मधिसे र जनजाति तथा १५ प्रतिशतभन्दा धेरै दलित रहेको पनि स्रोत उल्लेख गर्छ । माओवादीले तयार पारेको नाममा मुस्लिम समुदायलाई पनि नछुटाइएको स्रोतको दाबी छ ।

माओवादीले संविधानसभासम्म संसद्मा जस्तै बाहिर पनि प्रभावशाली नेताहरू रहनुपर्ने महसुस गर्दै वरिष्ठ नेताहरूलाई अन्तरिम संसद्मा नपठाउने निर्णय गरेको छ । निर्णयअनुसार प्रचण्ड, डा. बाबुराम भट्टराई, मोहन वैद्य, रामबहादुर थापा बादल, सिपी गजुरेल लगायतका नेताहरू अन्तरिम संसद् र सरकारमा सहभागी हुनेछैनन् । हतियार र सेना व्यवस्थापनमा संलग्न रहनुपर्ने भएकाले सैन्य क्षेत्रका वरिष्ठ नेताहरूलाई पनि अन्तरिम संसद्मा नपठाउने निर्णय भएको स्रोत बताउँछ । माओवादी जनसैन्य प्रतिष्ठानका नन्दकिशोर पुन तथा डेपुटी कमान्डरहरू वर्षामान पुन, जनार्दन शर्मा र चन्द्र खनाल नेपाली सेनाका कमान्डर तथा संयुक्त राष्ट्रसंघका सैन्यविद्सँगै सेना र हतियार व्यवस्थापनमा संलग्न छन् ।

माओवादीले ४८ मध्ये छनोट गर्न पाउने १० सदस्यमा भने पार्टी नेता तथा कार्यकर्ताभन्दा स्वतन्त्र छविका नागरिक नेताहरूलाई पठाउने निर्णय गरेको छ । स्रोतका अनुसार माओवादीको प्रस्ताव स्वीकार गरेमा गैरकम्युनिष्ट पृष्ठभूमि रहेकाहरूलाई पनि अन्तरिम संसद् सदस्य बनाउने माओवादीको योजना छ । यसअनुसार माओवादी नेताहरू नागरिक आन्दोलनका नेताहरूलाई आफ्नो तर्फबाट अन्तरिम संसद्मा गइदिन प्रस्ताव गरिरहेका छन् । माओवादीले अन्तरिम संसद्मा एक तिहाइ स्थान नागरिक आन्दोलनका सदस्यलाई दिनुपर्ने माग गर्दैआएको थियो । सत्तारुढ सात दलले नागरिक आन्दोलन संगठित शक्ति नभएकाले राजनीतिक शक्तिको रुपमा हेर्न नमिल्ने उल्लेख गर्दै माओवादीको प्रस्ताव अस्वीकार गरेपछि ४८ सदस्य पनि आठ दलले भागबन्डा गरेका हुन् । सात दलले आफ्नो दलले पाउने सदस्यमा महिला, जनजाति, मधिसे र दलितलाई प्रतिनिधित्व गर्ने बताए पनि नागरिक आन्दोलनका नेताहरूलाई अन्तरिम संसद्मा प्रतिनिधित्व गराउन रुचि देखाएका छैनन् । सत्तारुढ सात दलले आफूले प्राप्त गरेको 'सिट'मा गत निर्वाचन हारेर प्रतिनिधिसभा सदस्य बन्न नपाएका वरिष्ठ नेताहरूलाई अन्तरिम सदस्य बनाउने धेरै सम्भावना रहेको स्रोतहरू बताउँछन् ।

पुराना विधायकहरूको अधिक संख्या रहेको अन्तरिम संसद्मा पनि पुरानै सभामुख कायम रहने सम्भावना राजनीतिक दलहरूका शीर्षस्थ नेताहरूको बैठक र समझदारीहरूले संकेत गरेका छन् । यद्यपि, पुस २६ गते यो समाचार तयार पार्दासम्म प्रतिनिधिसभाका सभामुख सुवासचन्द्र नेम्वाङको भविष्यबारे आठ दलका नेताहरूबीच कुनै सहमति भइसकेको छैन । पुस २६ गते प्रधानमन्त्री निवास बालुवाटारमा चार दलका शीर्षस्थ नेताहरूको बैठकमा एमाले महासचिव माधवकुमार नेपालले अन्तरिम संसद्मा पनि सभामुखमा नेम्वाङ र उपसभामुखमा चित्रलेखा यादवलाई नै कायम राख्नुपर्ने धारणा राखेका थिए । सभामुख परिवर्तनको प्रस्तावले एमाले र उपसभामुख परिवर्तनको प्रस्तावले नेपाली कांग्रेस (प्रजातान्त्रिक)लाई आक्रोशित बनाउने हुँदा संविधानसभाको निर्वाचनसम्म आठ दलबीच सहमतिको राजनीतिका निम्ति सभामुख र उपसभामुखमा नेम्वाङ र यादवले नै निरन्तरता पाउने सम्भावना अत्यधिक रहेको स्रोतहरू उल्लेख गर्छन् । ■



**स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका भएमात्र कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेप रहँदैन । यसले मात्र मानवअधिकार र मौलिक हकको संरक्षण हुनसक्छ, जसबाट राजनीतिक संविधानवादको रूपमा रहेको सीमित सरकार, शक्ति पृथकीकरण, कानुनी राजको मान्यताले साकार रूप पाई प्रजातान्त्रिक व्यवस्थाले संस्थागत विकास पाउन सक्छ । यसबाट मात्र स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको अस्तित्व रहन सक्छ ।**



■ चन्द्रकान्त ज्ञवाली

# खै स्वतन्त्र र निष्पक्ष न्यायपालिका ?

**संविधानसभाबाट नयाँ** संविधान निर्माण नहुन्जेल कायम रहने प्रस्तावित अन्तरिम संविधानको प्रस्तावनाले स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरेको छ । कानुनी राज्यको अवधारणालाई मूर्त रूप दिने प्रतिबद्धता पनि प्रस्तावनामा छ । कानुनी संविधानवादको प्रतीकको रूपमा रहेको 'न्यायसम्बन्धी अधिकार' अदालतबाट प्रयोग हुँदा कानुनी तथा न्यायका मान्य सिद्धान्तलाई आधार लिने उल्लेख हुनुले कानुनी संविधानवादको सिद्धान्त समावेश गर्न खोजिएको देखिन्छ । सर्वोच्च, पुनरावेदन, जिल्ला अदालतका अलावा संविधानसभाबाट नयाँ संविधान निर्माण गर्नुपर्ने अवस्था आत्मसात् गरी संविधानसभा अदालतको नयाँ अवधारणा प्रस्तावित संविधानमा छ । यो अदालतलाई संविधानसभाले बनाएको संविधानको व्याख्या, थपघट, खारेजी गर्नेजस्ता क्षेत्राधिकार तोक्नुपर्नेमा उजुर सुन्ने अदालतको रूपमा राख्दा भने संविधानसभासम्बन्धी अदालतको क्षेत्राधिकारबारे निर्माताहरू अनभिज्ञ रहेछन् भन्ने देखिन्छ । प्रस्तावित संविधानमा न्यायपालिकासम्बन्धमा कार्यपालिकाको बहुमत रहने संवैधानिक परिषद् र न्यायपरिषद्को गठन, प्रधानमन्त्रीले प्रधानन्यायाधीशको नियुक्ति गर्ने, प्रधानन्यायाधीशले अन्य सबै अदालतका न्यायाधीशको नियुक्ति गर्ने प्रावधान, प्रधानन्यायाधीशको पदावधि ६ वर्षको हुने, प्रधानन्यायाधीश हुन सर्वोच्च अदालतमा ३ वर्ष स्थायी न्यायाधीश हुनुपर्ने, ५ वर्ष स्थायी रुपमा काम गरेको न्यायाधीशले निवृत्तिभरण पाउने, संसद्बाट महाअभियोग पारित भए पदमुक्त हुने, सर्वोच्च अदालतका न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा नलगाउने गरी कामको जिम्मेवारी दिने व्यवस्था बिल्कुलै नयाँ विषय देखिन्छन् ।

त्यस्तै, सर्वोच्च अदालतले गरेको फैसला पुनरावलोकन गर्दा पहिला फैसला गर्दाका बाहेक अन्य न्यायाधीशले गर्ने, राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव र अधिवक्ताको हैसियतले ८ वर्ष वकालत गरेको नेपाली नागरिक जिल्ला न्यायाधीशमा नियुक्ति हुने, अधिवक्ताले न्यायपरिषद्बाट लिइने लिखित तथा मौखिक परीक्षा उत्तीर्ण हुनुपर्ने, २० वर्षको अनुभवप्राप्त वरिष्ठ अधिवक्ता न्यायपरिषद्को सदस्य हुने, वार्षिक प्रतिवेदन प्रधानमन्त्रीलाई पेस गर्नुपर्ने जस्ता विषयहरू पनि न्यायपालिकाको क्षेत्रमा नौला विषय हुन् । यसै सम्बन्धमा सर्वोच्च अदालतको पूर्ण इजलासले अन्तरिम संविधानमा सुधारका लागि प्रधानमन्त्रीलाई सुझाव दिन तेह्रबुँदे मस्यौदा बनाएका छन् । उनीहरूले प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीले नभई संवैधानिक परिषद्ले गर्ने, न्यायाधीशको नियुक्ति र शपथ परिषद्को संरचना लगायतका विषयमा संशोधन गर्न सुझाव दिएका छन् । यी विषयहरू न्यायका मान्य सिद्धान्त, शक्ति पृथकीकरण, शक्ति सन्तुलन, संविधानवादका सिद्धान्त अनुकूल वा प्रतिकूल के छन् भन्नेबारे बहसको विषय बनेका छन् ।

## स्वतन्त्र र सक्षम न्यायपालिका

छिटो, सरल र सुलभ न्याय प्रदान गर्ने राज्यको लक्ष्य हुन्छ । निष्पक्ष न्याय दिने कर्तव्य अदालतको हुन्छ । निष्पक्ष, छिटो, छरितो तथा सुलभ न्याय प्रदान गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा पर्याप्त रकम उपलब्ध गराउने दायित्व सरकारको हुन्छ । तथापि अदालत स्वतन्त्र, सक्षम र निष्पक्ष हुनुपर्छ भन्ने मान्यता रहन्छ । संयुक्त राष्ट्रसंघले पारित गरेको स्वतन्त्र न्यायपालिकाको निम्नतम सिद्धान्तलाई समेत आधार मान्दै संवैधानिक तथा कानुनका मान्य सिद्धान्तबमोजिम स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको व्यवस्था गर्नु राज्यको कर्तव्य हो । यस्तो न्यायपालिकाबाट मात्र कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेपबाट न्यायपालिका मुक्त रहन्छ । यसले मात्र नागरिकका मौलिक हक र मानवअधिकारको संरक्षण हुनसक्छ । त्यसैले भनिन्छ, स्वतन्त्र अदालत त्यहाँ हुन्छ, जहाँ जनताको अन्तर्निहित मौलिक हकको रक्षा हुन्छ । स्वतन्त्र अदालत पूर्ण प्रजातन्त्रको मेरुदण्ड पनि मानिन्छ ।

स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका प्रजातन्त्रको मौलिक सिद्धान्त पनि हो । यसको अभावमा नागरिकहरूको मानवअधिकार र मौलिक हकको संरक्षण समेत हुन सक्दैन । न्यायपालिकालाई स्वतन्त्र, सक्षम र निष्पक्ष बनाइएन भने संविधानले दिएको मौलिक हक र अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि एवं सम्झौताले दिएको मानवअधिकारहरूको उल्लंघन राज्यले गर्दा अदालतले नागरिकहरूको हक र अधिकारको संरक्षणमा प्रभावकारी भूमिका खेल्न सक्दैन । लिखित संविधान एवं कानुनद्वारा न्यायपालिकालाई स्वतन्त्रता दिइन्छ । न्यायपालिकाले जनता र जनताबीचको विवाद, राज्य र जनताबीचको विवाद समाधान गर्नुपर्ने हुँदा न्यायपालिकालाई सँधै स्वतन्त्र, सक्षम र निष्पक्ष रूपमा संविधानमा राखिनुपर्ने मान्यता छ । संयुक्त राष्ट्रसंघद्वारा पारित सन्धि, अभिसन्धि लगायत स्वतन्त्र न्यायपालिकाको आधारभूत सिद्धान्तले समेत न्यायपालिकालाई स्वतन्त्र रूपमा राज्यले व्यवस्था गर्नुपर्छ भन्ने विश्वव्यापी मान्यता छ ।

प्रस्तावित अन्तरिम संविधानले स्वतन्त्र न्यायपालिकाको परिकल्पना प्रस्तावनामा गरेको छ, तर सक्षम न्यायपालिका प्रस्तावना देखिँदैन । बरु २०४७ सालको संविधानमा स्वतन्त्र र सक्षम न्यायप्रणालीलाई आधारभूत असंशोधनीय रूपमा राखिएको थियो । हालको प्रस्तावित अन्तरिम संविधानले सक्षम न्यायप्रणालीको परिकल्पना समेत गर्न सकेन ।

न्यायपालिकाको स्वतन्त्र अस्तित्वलाई कार्यपालिकीय, व्यवस्थापिकीय, सरकारप्रमुख, राष्ट्रप्रमुख तथा राजनीतिक दलहरूको हस्तक्षेपबाट मुक्त राख्न सके मात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ । यसको महत्त्वपूर्ण पूर्वाधारहरूमा न्यायाधीशहरूको नियुक्ति, पदावधि र सेवाका सर्तहरू हुन् । विश्वका कतिपय राष्ट्रहरूमा राष्ट्रप्रमुखबाट न्यायाधीशको नियुक्ति हुन्छ र यसका लागि कार्यपालिकाको भूमिका न्यून हुन्छ ।

## न्यायाधीश नियुक्ति

अन्तरिम संविधानमा प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीश र प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू, पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति गर्नेछ भन्ने प्रावधान छ । प्रधानमन्त्रीले प्रधानन्यायाधीशको र प्रधानन्यायाधीशले अन्य सबै अदालतका न्यायाधीशको नियुक्ति गर्नु विश्वका प्रचलित राष्ट्रप्रमुखबाट न्यायाधीशहरूको नियुक्ति हुने प्रावधानविपरीत हो । न्यायाधीश बढुवा हुने पद होइन, नियुक्ति हुने पद हो । न्यायाधीशको नियुक्ति राष्ट्रप्रमुखबाट हुँदा न्यायाधीश बढुवा हुने पद होइन, नियुक्ति हुने पद हो भन्ने पुष्टि हुन्छ ।

सरकारको आर्थिक स्रोतबाट चले पनि राजनीतिक हस्तक्षेपबाट मुक्त रहनु,

नियुक्ति, सरुवा र सेवा सर्तहरू स्वतन्त्र रहनु नै स्वतन्त्र न्यायपालिकाका लागि पहिलो पूर्वाधार हुन् । अन्तरिम संविधानका अनुसार संवैधानिक परिषद्मा प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री सदस्य, न्यायमन्त्री सदस्य, प्रधानमन्त्री अध्यक्ष र प्रधानन्यायाधीश सदस्य र सभामुख सदस्य हुन्छन् । प्रधानमन्त्रीले सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा ३ वर्ष काम गरेको व्यक्ति सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा नियुक्ति गर्नसक्ने प्रावधानले सर्वोच्च अदालतमा ३ वर्ष काम गरिसकेका सबै न्यायाधीशहरू प्रधानमन्त्रीप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने भएको छ । यसबाट प्रधानमन्त्रीले जतिसुकै संविधानले तोकेको सीमाभन्दा बाहिर गएर काम गरे पनि त्यसलाई उल्टाउने आँट ती न्यायाधीशहरूमा नरहन सक्छ । प्रधानमन्त्रीले गरेको काम उल्टाउनेबित्तिकै आफू प्रधानन्यायाधीश भइँदैन कि भन्ने डर सधैं उनीहरूमा रहन्छ । संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीले प्रधानन्यायाधीश नियुक्ति गर्ने संवैधानिक सिद्धान्त छैन । बलियो वा कमजोर राष्ट्रप्रमुखले मात्र प्रधानन्यायाधीश नियुक्त हुने हो ।

यसको उदाहरण भारतीय कमजोर राष्ट्रपति र अमेरिकी बलियो राष्ट्रपतिले प्रधानन्यायाधीशको नियुक्ति गर्नुबाटै पुष्टि हुन्छ । सर्वोच्चका अन्य न्यायाधीश, पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले गर्दा कार्यपालिकीय र न्यायपालिकीय दुवै अधिकार प्रयोग गर्न पुग्छन् । न्यायपालिकाले आफूलाई कार्यपालिकीय कार्यबाट सदा अलग राख्नुपर्छ । प्रधानन्यायाधीशले आफूलाई जति मन लाग्यो त्यति न्यायाधीश नियुक्ति गर्दै गए भने उनीहरूको तलब, सेवा सर्तहरूका लागि कार्यपालिकालाई नै गुहार्नुपर्छ । प्रधानन्यायाधीशले आफूलाई मन लागे जति नियुक्ति गर्दै हिँड्छन् भने कार्यपालिकालाई न्यायाधीशको तलब, सर्त र सुविधा व्यहोर्न कर समेत लाग्दैन । जबसम्म संविधानमा नै न्यायाधीशहरूको तलब, सुविधा, सेवा र सर्तहरू सञ्चित कोषमाथि व्ययभार गरिँदैन, तबसम्म कार्यपालिकाप्रति आर्थिक रूपमा निर्भर रहनुपर्छ । अन्तरिम संविधानले सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूलाई मात्र सञ्चित कोषमाथि व्ययभार गराइएको छ । सबै तहका न्यायाधीशको तलब, सुविधा, पेन्सन र सेवाका सर्त सर्वसञ्चित कोषबाट व्यहोर्ने गरी संविधानमा राखेमात्र भने स्वतन्त्र न्यायपालिकाको अस्तित्व रहन्छ ।

## न्यायाधीशको बर्खास्ती

न्यायाधीशको अनुशासनसम्बन्धी कारबाही, बर्खास्तीको सिफारिस न्यायपरिषद्ले गर्ने संवैधानिक व्यवस्था गरिएको छ, तर न्यायाधीशको बर्खास्ती कार्यक्षमताको अभाव र खराब आचरणका आधारमा मात्र संसद्को दुई तिहाइ बहुमतबाट हुने पारित भएमा पदबाट मुक्त हुने विश्वव्यापी मान्यता हो । प्रधानन्यायाधीश वा अन्य कुनै न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण, इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, शारीरिक वा मानसिक कारणले कार्यसम्पादन गर्न असमर्थ भएको भन्ने जस्ता थुप्रै आधारमा महाअभियोग प्रस्ताव प्रस्तुत हुँदा न्यायापालिकाका न्यायाधीशको घाँटीमा सधैं संसद्को तरवार झुन्डिरहनुले स्वतन्त्र न्यायपालिका रहन सक्दैन । हरेक कुरामा न्यायाधीशमाथि महाअभियोग प्रस्ताव ल्याउने हो भने शक्ति पृथकीकरण, शक्ति सन्तुलन र कानुनी संविधानवादको उपहास हुन जाने खतरा बढ्नसक्छ । तसर्थ न्यायाधीशको खराब आचरण र कार्यक्षमताको अभावमा मात्र महाअभियोग प्रस्ताव प्रस्तुत गर्न सक्ने बनाइयो भने मात्र स्वतन्त्र न्यायपालिकाको रूपमा न्यायपालिकाले आफूलाई गर्व गर्न सक्नेछ ।

## स्वतन्त्र न्यायाधीश र शपथ

न्यायपालिकाको स्वतन्त्रता कानुन बनाएर लागू गरिन्छ तर न्यायाधीशहरूको स्वतन्त्रता कानुन बनाएर लागू गर्न सकिँदैन । न्यायाधीशको कार्यक्षमता, दक्षता, कार्यकुशलता, असल आचरण र इमानदारिता स्वतन्त्र न्यायाधीशका गहना हुन् । यी नभए केवल खराब आचरण र कार्य क्षमताको अभावमा महाअभियोग लगाएर हटाउने काम गर्ने प्रचलन हो । न्यायाधीशको पद नियुक्ति गर्नेप्रति उत्तरदायी बनाउन हुँदैन । न्यायाधीशले सधैं संविधानको शपथ खाने र संविधानप्रति उत्तरदायी र जवाफदेही हुने बनाउनुपर्छ । न्यायाधीश आफ्नै आचारसंहिताद्वारा नियन्त्रित हुनुपर्छ । उच्च नैतिकता, इमानदारिता र सद्विवेक नै न्यायाधीशको व्यक्तिगत स्वतन्त्रताका प्रत्याभूत हुन् ।

विगतका अनुभव केलाउने हो भने न्यायपालिकाप्रति धेरै टीका टिप्पणी नसुनिएका होइनन् । सूर्य टोबाकोको मुद्दा, चिनी मुद्दा, गाँजा मुद्दा, चरेस मुद्दा, बैंकका मुद्दामा केही न्यायाधीशहरू मुछिई कसैलाई काज फिर्ता, सरुवा र राजीनामा दिलाइएका घटनाहरू नभएका होइनन् । न्यायाधीशले आचारसंहिता पालन गर्न नसक्दा यस्तो भएको हो । यस किसिमका आचार न्यायाधीश आफैंले आन्तरिक रूपमा महसुस गरी आफैं नियन्त्रित हुनु जरुरी देखिन्छ ।

अन्तरिम संविधानले न्यायाधीशलाई शपथ खुवाउने प्रावधान राखेको छ । न्यायाधीशले संविधानको प्रत्येक दिन शपथ खाएकै हुन्छ । शपथ खाएर न्यायाधीश सुध्रिने होइन । त्यसैले एउटा राजनीतिक प्रणाली अन्त्य भएर अर्को राजनीतिक प्रणाली मुलुकले अपनाउँदा न्यायाधीशको पुनर्नियुक्ति गरिन्छ । नयाँ राजनीतिक प्रणालीको संविधानबमोजिम पुनर्नियुक्ति भएको छ भन्ने महसुस उसमा गराउन यो महत्त्वपूर्ण तरिका हो । हामीले विश्वनाथ उपाध्याय समेतका न्यायाधीशहरूको पुनर्नियुक्तिलाई पनि बिर्सनु हुँदैन ।

## प्रधानमन्त्रीसमक्ष वार्षिक प्रतिवेदन

अन्तरिम संविधानले प्रधानन्यायाधीशको नियुक्ति कार्यपालिकीय प्रमुखले नभई सरकारप्रमुखको रूपमा रहेका प्रधानमन्त्रीले गर्ने संवैधानिक व्यवस्थाले संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीको अधिकार नरहने संवैधानिक मान्यता स्पष्ट हुन्छ । यति हुँदाहुँदै सर्वोच्च अदालतले वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्नुपर्ने व्यवस्थाले न्यायपालिका स्वतन्त्र रहन सक्दैन । नियुक्ति पनि प्रधानमन्त्रीबाटै, वार्षिक प्रतिवेदन पनि प्रधानमन्त्रीलाई नै पेस गर्दा न्यायपालिकामाथि प्रधानमन्त्रीको ठाडो हस्तक्षेप हुने खतरा हुन्छ । यसबाट न्यायपालिका प्रधानमन्त्रीप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्छ । प्रधानन्यायाधीशको नियुक्ति कार्यपालिकाको न्यून उपस्थिति हुने संवैधानिक एवं न्यायपरिषद्को बनावट बनाई राष्ट्रप्रमुखका रूपमा रहेका व्यक्तिबाट हुने र वार्षिक प्रतिवेदन संसद्समक्ष पेस गर्ने प्रावधान भएमात्र स्वतन्त्र न्यायपालिका र कानुनी राजको संवैधानिक सिद्धान्तले साकार रूप लिन सक्छ ।

*(सर्वोच्च अदालतका अधिवक्ता ज्ञवाली संविधानमा विद्यावारिधि गर्दै छन्)*




**अन्तर्वार्ता** मातृका यादव

# जनतान्त्रिक भारत र दरबारको खेल



**प्रचण्डको उपस्थितिमा २०५८ सालमा मधेसी राष्ट्रिय मुक्तिमोर्चाको पहिलो अध्यक्ष चुनिएका पुराना कम्युनिष्ट नेता जयकृष्ण गोइतले दोस्रो अधिवेशन–२०६० मा कार्यपत्र प्रस्तुत गर्ने अवसर पनि पाएनन् । प्रचण्डले आफ्नै 'क्याडर' मातृका यादवलाई अध्यक्ष बनाएपछि चर्किएको माओवादी मधेसी मोर्चाभित्रको लडाइँले अहिले पूर्वी मधेसमा साम्प्रदायिकताको रूप लिन खोज्दैछ । गोइतले २०६१ साउन १० मा जनतान्त्रिक तराई मुक्तिमोर्चा गठन गरे भने उनीसँगै माओवादी त्यागेका ज्वाला सिंहले २०६३ भदौ २ गते आफ्नै अध्यक्षतामा २३ सदस्यीय समिति गठनको घोषणा गरे । सुरुमा माओवादीविरुद्ध खनिएका गोइत र सिंहको अहिलेको लडाइँ पहाडिया विरोधी बनेको छ । माओवादी मधेसी मुक्तिमोर्चाका अध्यक्ष मातृका यादव भने यी दुवै समूह भारत र दरवारिया शक्तिबाट नियोजित किसिमले परिचालित भएको आरोप लगाउँछन् । राजनीतिक अभियानमा जनकपुरमा सक्रिय यादवसँग *समय*का लागि विश्वमणि पोखरेलले टेलिफोनमा लिएको अन्तर्वार्ताः**

**मधेसमा भइरहेका हिंसात्मक घटनाहरूलाई तपाईंले कसरी लिनु भएको छ ?**

हरेक घटनाका दुइटा पक्ष हुन्छन् । सबल र दुर्बल, सकारात्मक र नकारात्मक । मधेसको राजनीतिमा अहिले गम्भीर खाले चुनौती पनि देखिएका छन् ।

**जनतान्त्रिकको साम्प्रदायिक अभियानलाई कसरी लिनु भएको छ ?**

मधेसको नाममा दिइएको गलत नारा हो यो । नेपालमा भूगोलका हिसाबले, रंग र समुदायका हिसाबले दुईवटा समुदाय छन्, तर यी दुवै समुदायमा विविधता र प्रशस्त अन्तरविरोधहरू छन् । पहाडी समुदायमा पनि शोषक, सामन्त, पीडितहरू छन् । मधेसको समुदायभित्र पनि शोषक, सामन्त र पीडितहरू छन् । तल्लो र माथ्लो वर्ग दुवै समुदायका समस्या हुन् । मार्क्सवादी ढंगले समस्या समाधान गर्नुपर्छ भनेर हामी भन्छौं, जहाँसम्म जनतान्त्रिकको उठान छ, त्यो बेठिक छ । उनीहरू अहिलेसम्म माओवादीविरुद्ध लडेका छन् । माओवादी र अन्य राजनीतिक दलहरू समेत शाही राष्ट्रवादविरुद्ध, राजतन्त्रविरुद्ध लडिरहेका बेला मुलुकको सबैभन्दा बाधक तत्त्वसँग लड्नुपर्नेमा पहाडी र मधेसीको नाममा लडेर शाही राष्ट्रवादको पक्षमा काम गर्दै छन् उनीहरू ।

**तपाईंहरूले त जनतान्त्रिक विभिन्न ठाउँबाट संचालित भएको भन्दै आउनु भएको छ । अहिले पनि त्यस्तै आरोप लगाउनु भयो ? स्पष्ट गर्नुस् न !**

मैले यिनीहरू सोझै भारत र दरवारियाबाट संचालित छन् भन्दै आएको छु । सुरु-सुरुमा जनतान्त्रिक माओवादीप्रति आक्रामक थियो, त्यो भारत र दरवारियाबाट संचालन भएको थियो । यिनीहरूमा विभाजन भएपछि भारत पक्ष र दरवारिया पक्षको पकड पनि बदलिएको छ । जयकृष्ण गोइतबाट विभाजित भएको ज्वाला सिंह समूहमा दरबारियाको स्वार्थ बढी र भारतीय प्रभाव कम छ । उता गोइत समूहमा भारतीय बढी र दरबारिया पक्ष कम छ । गोइत समूहमा भ्रमित भएर लागेकाहरू पनि छन् । केही नेताहरू अनजानमा त्यहाँ लागिरहेका देखिन्छन् ।

सप्तरीमा एक पहाडीमूलका व्यक्तिको हत्या गरियो, के ती मानिस पहाडिया शासक थिए त ? त्यस्तै सर्लाहीमा गोविन्द न्यौपानेको हत्या भएको छ । मधिसे-पहाडिया सबैसँग दाजुभाइ भनेर राम्रो सम्बन्ध राख्ने उनको हत्या किन गरियो ? जनतान्त्रिकका मानिसहरू साम्प्रदायिकता फैलाउने पक्षमा देखिन्छन् । अहिले मुलुक कठिन अवस्थामा छ, यस्तो बेला सहयोग गर्नुको साटो गलत ढंगले साम्प्रदायिकता फैलाउने प्रयास गर्दै छन् उनीहरू । मधेसको आन्दोलनलाई कमजोर पार्ने उद्देश्यले योजनाबद्ध कामहरू भइरहेका छन् ।

**भारतले जनतान्त्रिकलाई उपयोग गरेको तपाईंको आरोप छ । त्यसो हो भने नेपालमा भइरहेको राजनीतिक विकासप्रति भारत नकारात्मक छ भन्न खोज्नु भएको हो ?**

भारतमा दुई खाले राजनीतिक शक्ति छन् । उनीहरूलाई अति हिन्दुवादी राजनीतिक शक्तिले समर्थन गरेका छन् । बिजेपी जस्ता दलहरूले सहयोग पुऱ्याएका छन् । नेपालगन्ज घटना हेर्नुस्, त्यहाँ पनि मधेसीको नाममा गलत तत्त्वको चलखेल भएको छ ।

**जनतान्त्रिकले मधेसमा चलाएको साम्प्रदायिक हिंसालाई मधेसको राजनीति गर्ने नेताहरूले शान्तिपूर्ण मागहरू पूरा नभएपछि यस्तै हुन्छ भन्ने टिप्पणी गर्ने गरेका छन् । तपाईंको राय के छ ?**

निश्चितरुपमा मधेसको समस्यामा खस ब्राह्मणवादी मानसिकता प्रमुख कारण हो । त्यस्तो अवस्थामा गोइतहरू जन्मन्छन्, तर बेलैमा सोचेन भने विद्रोहीहरू पनि आउन सक्छन्, अहिले त मधेसको नाममा गलत तत्त्वले काम गरिरहेको अवस्था हो, जुन शाही राष्ट्रवादले फैलाएको छ ।

**जनतान्त्रिकको जन्म माओवादीबाटै भएको हो । सुरुमा गोइत निस्किए, त्यसमा विभाजन भएर ज्वालाले हिंसा थाले । गोइत र ज्वाला दुवैको मातृसंस्था त माओवादी नै हो । माओवादीले मधेसी मोर्चा सम्हान नसकेर यस्तो अवस्था आएको पनि भनिन्छ नि ?**

सम्हाल्न नसकेको भन्न मिल्दैन । हाम्रा पनि कमी कमजोरी छन्, जातीय सक्रियता नभएको होइन, हामी त्यसका विरुद्ध लडिरहेका छौं, संघर्ष गरिरहेका छौं । उनीहरूमा त विचलन आएको हो, विश्वासघात हो ।

**माओवादीबाट ठूलो संख्याका लडाकुहरू ज्वाला समूहमा गएको सुनिन्छ नि । माओवादीबाट पलायन भएकै हो ?**

योजनाबद्ध ढंगबाट प्रचार गर्ने काम भएको छ । नेपालको सञ्चारमाध्यम पनि माओवादीको आलोचना मात्र गर्छ । हामीले गरेको राम्रा काम पनि समाचार बन्दैन, तर जनतान्त्रिकका साम्प्रदायिक हिंसाको विरोध पनि गरिदैंन । शाही शासनका बेला ठूलो संख्यामा माओवादी पलायन भए, आत्मसमर्पण गरे भनेजस्तै अहिले पनि प्रचार भएको छ । जनतान्त्रिकका गएका भनिएका माओवादीहरू कारबाहीमा परेका र कारबाही नभोगेर भाग्नेहरू छन् । जनतान्त्रिकका लागेका अधिकांश मानिस पेसेवर डाँकाहरू हुन् ।

**तपाईंले वार्ताबाट समाधान निकाल्नुपर्छ भन्नु भएको छ । आफैंले केही प्रयास गर्नुभएको छ कि ?**

आफ्नो तर्फबाट प्रयास पनि गर्दै छु । जयकृष्णसँग प्रत्यक्ष त होइन, उनका केही सहयोगीमार्फत कुराकानी भइरहेको छ । समाचार पुऱ्याएको छु । मैले गोइतलाई मसँग कुरा नगर्ने भए प्रचण्डसँगै सोझै वार्ता गर्न पनि सुझाव दिएको छु ।

**अब तपाईंको आफ्नै पार्टीभित्रको कुरा गरौं न । अन्तिम तयारीमा पुगेको मोर्चाको महाधिवेशन किन स्थगन भएको हो ?**

पार्टी मुलुकको राजनीतिक मुद्दहरूमा सक्रिय थियो । राष्ट्रिय राजनीतिमा विभिन्न खाले उतार चढाव थिए । फेरि तयारीको काम पनि पूरा भइसकेको थिएन ।

**तपाईंलाई अन्तरिम सरकारको मन्त्री बनाएपछि अध्यक्षको जिम्मेवारी अरूलाई नै दिने उद्देश्यले अधिवेशन स्थगन गरिएको भनाइ पनि छ नि ?**

म पदसँग वास्ता नगर्ने मानिस हुँ । पहिले पनि मेरो इच्छा होइन, पार्टीले गर्नै पर्छ भनेपछि जिम्मेवारी लिएको हुँ । अहिले पनि पार्टीले जे भन्छ, म त्यही गर्छु ।

**तपाईंले तराईलाई मधेस प्रदेश हुनुपर्छ भन्ने अडान राख्नुभएको छ । होला ?**

यस मामलामा पार्टीमा छलफल भइरहेको छ । मेरो मान्यता एउटै मधेस हुनुपर्छ भन्ने हो, त्यो मधेसभित्र भिन्न भिन्न एकाइ हुनेछन् । ■

**विश्वव्यापीकरणले निम्त्याएको बढ्दो प्रतिस्पर्धात्मक कृषिका लागि दीर्घकालीन रुपमा सक्षम हुन व्यापक अनुसन्धान, विकास र बजारको तालमेल हुनु अत्यावश्यक छ ।**



■ यमुना घले

# कृषिमा पुनर्संरचना

**विश्वव्यापीकरणसँगै** कृषिक्षेत्रको बहु-उपादेयता र सम्भाव्यतालाई आज मुलुकको सार्वभौमसत्तासँग जोडेर हेर्ने गरिन्छ । आफ्ना नागरिकको खाद्य सुरक्षा सुनिश्चित गर्नु जिम्मेवार राज्यको दायित्व हो । यस मामिलामा भौगोलिक र जैविक विविधताले सम्पन्न नेपालजस्तो मुलुकका लागि कृषिक्षेत्रको महत्त्व बढी छ ।

सन् २००४/०५ मा गरिएको नेपाल जीवनस्तर मापदण्ड सर्वेक्षणअनुसार नेपालका ३१ प्रतिशत जनता गरिबीको रेखामुनि छन् र तीमध्ये अधिकांश कृषिक्षेत्रमा संलग्न छन् । सरकारले अवलम्बन गरेका विकास योजनाले कृषिलाई गरिबी निवारणको प्रमुख क्षेत्र मान्दै आएपनि यसले आवश्यक लगानी र अपेक्षित लाभ भएको छैन । एसियाली विकास बैंकको सहयोगमा तयार पारिएको रणनीतिक दस्तावेज 'दीर्घकालीन कृषि योजना'ले पनि एक दशक पार गरेको छ । यसबाट पनि अपेक्षित लाभ प्राप्त हुन सकेन ।

महत्त्वाकांक्षी ढंगले प्रस्तुत गरिएअनुरुप स्रोतको व्यवस्था र परिचालन हुन नसक्दा दीर्घकालीन कृषि योजनाले लक्ष्यअनुरुप नेपालको गरिबी निवारणमा योगदान दिन सकेन । उत्पादन र उत्पादकत्वलाई दीर्घकालीन रुपमा बढाउन सक्ने प्रावधानविना नै कृषिक्षेत्रमा दिइँदै आएको सीमित अनुदानको कटौती गर्नु, पकेट प्याकेज कार्यक्रमको अवधारणा लागू गरिएका क्षेत्रमा आवश्यक स्रोतसाधनको संयोजित रुपमा लगानी हुन नसक्नु हो । लगानीका विशेष क्षेत्रका रुपमा लिइएको क्षेत्रमध्ये प्रविधि र अनुसन्धान, मलखाद, ग्रामीण सडक, सहुलियत ऋण आदि क्षेत्रको औसत लगानी कुल लक्ष्यको ४१.५ प्रतिशतमा सीमित हुनुले कृषिक्षेत्रमा लगानीको नाजुकतालाई दर्शाउँछ ।

विश्वव्यापीकरणले निम्त्याएको बढ्दो प्रतिस्पर्धात्मक कृषिका लागि दीर्घकालीन रुपमा सक्षम हुन व्यापक अनुसन्धान, विकास र बजारको तालमेल हुनु अत्यावश्यक छ । नेपालको परिप्रेक्ष्यमा भने कृषिको कुल गार्हस्थ उत्पादनको ०.१२ प्रतिशतमात्र अनुसन्धानमा लगानी हुनुले कृषिक्षेत्रमा अपनाइएको अदूरदर्शिता झल्काउँछ ।

कृषि विकासका लागि नेपालमा संचालित विभिन्न परियोजनाहरू निश्चित क्षेत्रफल भएका कृषकहरूमा केन्द्रित रहने हुँदा अधिकांश भूमिहीन र साना किसानले फाइदा लिन नसक्ने मात्र होइन, अझ बढी सीमान्तीकृत हुँदै गएका छन् । कृषिमा आश्रित ०.५ हेक्टरभन्दा कम खेतीयोग्य जमिन हुने ४८ प्रतिशत घरपरिवारको स्वामित्वमा जम्मा १५ प्रतिशत र ३ हेक्टर वा सोभन्दा बढी जमिन हुने ३ प्रतिशत परिवारको स्वामित्वमा १७.३ प्रतिशत जमिन हुनुले उत्पादनको आधारमा रहेको विसंगतिपूर्ण पहुँच र नियन्त्रणको अवस्था चित्रण गर्दछ । राष्ट्रिय जनगणना २०५८ अनुसार १०.८४ प्रतिशत महिलाको मात्र भूमिमा स्वामित्व रहेको देखाएको छ । यसैगरी १० लाख २० हजार परिवार भूमिहीन छन् । तैपनि सरकारले कृषियोग्य भूमिलाई सामाजिक न्यायका आधारमा खेती गर्नेलाई उपलब्ध गराउन सकेको छैन । उत्पादनका स्रोतसाधनमाथिको पहुँच र नियन्त्रणबाट वञ्चित गराइएका वर्गको लागि स्वरोजगार र आयआर्जन गरी जीवनस्तरमा सुधार ल्याउने खालका विभिन्न अल्पकालीन कार्यक्रमहरू प्रशस्तै लागू गरिए । यस्ता अधिकांश कार्यक्रमले दीर्घकालीन सोचका आधारमा स्रोतसाधनमाथि पहुँच दिलाउने प्रयास गर्न सकेको छैनन् । विगतका केही दशकलाई नियाल्ने हो भने, भूमिमा स्वामित्व भएका घरपरिवारको संख्या क्रमिक रुपले बढ्दो छ, तर प्रतिपरिवार कृषियोग्य भूमिको क्षेत्रफल भने घट्दो क्रममा हुनुले नेपाल साना तथा सीमान्तीकृत किसानहरूको देश बन्दै गएको छ । यस्ता खण्डीकृत भूमि तथा उपयोगमा आउन नसकेका जमिनको सही सदुपयोग गरी दीर्घकालीन रुपमा उत्पादकत्व बढाउन रणनीतिक चिन्तन तथा कार्यान्वयनको आवश्यकता पर्छ । यसका अतिरिक्त उत्पादनका लागि आवश्यक अन्य स्रोत साधनमाथिको पहुँच र नियन्त्रणलाई पनि सुनिश्चित गरिनुपर्छ ।

यसैगरी कृषिक्षेत्रका माध्यमबाट गैरकृषिसँग सम्बन्धित रोजगारीका सम्भावनालाई उजागर गर्न सकिन्छ । यसका लागि कृषिक्षेत्रलाई समग्र ग्रामीण विकासको एउटा प्रमुख आधारका रुपमा स्थापित गर्न सकिन्छ । उदाहरणको रुपमा भारतको सिक्किम राज्यको कृषिक्षेत्रले गरेको प्रगतिलाई लिन सकिन्छ । सन् १९९४ देखि २००६ सम्मको अवधिमा गरिबीको रेखामुनि रहेका परिवारलाई विशेष सहुलियतसाथ ९९ प्रतिशत क्षेत्रमा ग्रामीण विद्युतीकरण सेवा पऱ्याउनु, दुग्ध पदार्थ उत्पादनमा आत्मनिर्भर हुनु र गरिबीको संख्या ४१.४३ प्रतिशतबाट १९.२ प्रतिशतमा झार्न सक्नुबाट नेपालले पनि सिक्न सकिने देखिन्छ । यस्तो नतिजा प्राप्त हुनुमा राज्यको दूरदर्शिता, नैतिक तथा जिम्मेवार संयन्त्र, आवश्यक लगानी तथा सही कार्यान्वयनले बढी महत्त्व राख्छ । सन् २०१५ भित्र सिक्किम राज्यलाई सबै प्रकारले आत्मनिर्भर बनाउने, शतप्रतिशत साक्षरता पुऱ्याउने, गरिबीविनाको राज्य स्थापना गर्ने, सबै गाउँमा पक्की सडक विस्तार गर्ने, सन् २००९ भित्र सम्पूर्ण कृषिक्षेत्रलाई प्रांगारिक कृषिका रुपमा स्थापित गर्ने र आन्तरिक तथा बाह्य बजारको सम्भाव्यताका आधारमा बजार नियमन गर्ने योजनाअनुरुप राज्यको ७० प्रतिशत बजेट ग्रामीण क्षेत्रको विकासमा लगानी गरिनुले कृषि तथा ग्रामीण विकासका लागि संयोजित विकास अवधारणा र कार्यान्वयनको आवश्यकता पुष्टि गर्दछ ।

२ देखि ५ प्रतिशतमात्र जनता कृषिमा आश्रित राष्ट्रहरू जस्तै अमेरिका र बेलायतमा कृषिक्षेत्रलाई राष्ट्रिय सार्वभौमसत्तासँग जोडेर हेर्ने गरिन्छ । यी राष्ट्रले विश्वको कृषिबजारमा आधिपत्य जमाउन सफल भइरहेका छन् । विश्वमा सन् २००१ देखि २००४ को कृषिबजारको अवस्था हेर्ने हो भने कुल निर्यात बजारको ७१ प्रतिशत र आयात बजारको ७५ प्रतिशत विकसित राष्ट्रले ओगटेको छ । अर्कोतर्फ सोही समयकालमा निर्यात बजारको ०.४ प्रतिशत र आयात बजारको ०.८ प्रतिशत हिस्सा ओगटेको अल्प विकसित राष्ट्रको आयात बजार बढेर १.१ प्रतिशतमा पुगेको थियो । यसले नेपालजस्तो अल्पविकसित राष्ट्रहरूको कमजोर उत्पादन आधार र निर्यात रणनीति इंगित गर्दछ । विश्वको खाद्य उत्पादनको आँकडा हेर्ने हो भने एसियाली विकास बैंकका अनुसार सन् २००५ मा नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशतमा सीमित रहेको र आगामी आर्थिक वर्षमा पनि सोही अनुपातमा रहने अनुमान गरिएको छ ।

यसैगरी साना किसानको समस्यालाई दृष्टिगत गरी निश्चित अवधिका लागि संरक्षण र सहयोग जरुरी छ । दीर्घकालीन रुपमा उनीहरूलाई प्रतिस्पर्धात्मक कृषिको मूलधारमा समायोजन गर्नका लागि आवश्यक उत्पादनका अन्य पक्षहरूमा पहुँच र क्षमता अभिवृद्धि गर्न जरुरी छ । उदाहरणका लागि ब्राजिलमा कुल गार्हस्थ उत्पादनको १० प्रतिशतमात्र कृषिबाट प्राप्त हुने भए पनि साना किसानलाई प्राथमिकतामा राखी ग्रामीण पुनर्संरचनामा जोड दिइएको छ ।

यसरी कृषिक्षेत्रलाई राष्ट्रिय महत्त्वको आधार मानी सरकार, कृषक तथा नागरिक समाज र निजी क्षेत्रबीचको संवाद, सहमति र सहकार्यद्वारा समृद्ध कृषिको परिकल्पनालाई साकार बनाउन सकिन्छ । नेपालको पुनर्संरचना गर्ने क्रममा ६६ प्रतिशत कृषिमा आश्रितहरूको जनभावनालाई कदर गर्नु मुलुककै हितमा हुनेछ । यसमा खाद्य सम्प्रभुतालाई मौलिक अधिकारको रुपमा लिनु र राज्यको निर्देशक सिद्धान्तअन्तर्गत वैज्ञानिक भूमिसुधारका आधारमा पछाडि पारिएका वर्गलाई उत्पादनका स्रोतमाथिको अधिकार सुनिश्चित गर्नका लागि आवश्यक नीतिनिर्माण तर्जुमा र सही कार्यान्वयनको लागि प्रतिबद्धता व्यक्त गर्नु जरुरी छ । ■


तस्बिर : राम गुरुङ

**गण्डकी यातायात कार्यालयमा दर्ता सवारी**

| | |
|---|---|
| ट्याक्सी | : ३ हजार ९ सय |
| बस र ट्रक | : २ हजार ७ सय |
| ट्याक्टरहरू | : ६ सय |

*स्रोत : यातायात कार्यालय गण्डकी*

# सर्वदलीय संरक्षण

■ **केशव लामिछाने/पोखरा**

**नगर उन्मुख** बेनी बजारमा कसैले भाडाका ट्याक्सी संचालन गर्न खोजेमा त्यो अबको दुई वर्षसम्मका लागि असम्भव हुनेछ । त्यसो त बागलुङ वा कुस्मा जस्ता सहरीकरणको पाइला टेक्दै गरेका नगरहरू हुन् त्यहाँ पनि नयाँ गाडी थप्न असम्भव छ । लमजुङ, गोरखा, स्याङ्जा लगायत गण्डकी र धौलागिरीका गाउँलेहरूले नयाँ मोटर बाटो बनाए भने पनि त्यहाँ नयाँ गाडी चलाउने अवसर तिनीहरूले पाउनेछैनन् ।

माओवादीसहित दलहरूका कास्की जिल्लास्तरीय नेताहरू र कास्की प्रशासनको एउटा निर्णयले यस्तो अवस्था सिर्जना भएको हो । तिनीहरूलाई यस्तो निर्णय गर्न बाध्य पारेको हो, पोखराका यातायात व्यवसायीहरूको दादागिरीले । पुसको तेस्रो साता पोखराका यातायात व्यवसायीको दादागिरीका अगाडि नतमस्तक हुँदै गण्डकी र धौलागिरी अञ्चलभरिका लागि भाडामा चल्ने गरी कुनै पनि सवारीसाधन दर्ता गर्न प्रतिबन्ध लगाइएको छ । यो प्रतिबन्ध दुई वर्षका लागि हो ।

आफ्नो समितिमार्फत मात्रै बस चल्न पाउनुपर्ने जस्तो एकाधिकारवादी नियम लागू गरेर उपभोक्ता अधिकारमाथि बन्चरो हानिरहेको पृथ्वीराजमार्ग बस संचालक समितिको दबाबमा प्रशासनले यस्तो प्रतिबन्ध लगाएर उपभोक्ताको यातायातसम्बन्धी हक मात्रै हनन गरेको छैन, स्वास्थ्यमा समेत नराम्ररी प्रहार गरेको छ । दुई वर्षसम्म नयाँ गाडी नथपिने भएपछि थोत्रा र पुराना गाडीले पुऱ्याउने वातावरणीय असरको मार सबै उपभोक्ताको फोक्सोसम्म पर्ने भएको छ ।

अबको दुई वर्षसम्म गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालयमा भाडामा चल्ने बस, ट्याक्सी, ट्याक्टर, जिप र ट्रक जस्ता कुनै पनि सवारीसाधन दर्ता नगरिने भएको हो । जिल्ला प्रशासन कार्यालय कास्कीको निर्देशनमा पुस तेस्रो साता उक्त कार्यालय आफूले त्यस्ता भाडाका सवारी आगामी दुई वर्षसम्मका लागि नयाँ दर्ता नगर्ने सूचना प्रकाशित गरेको थियो । यातायात कार्यालयका प्रमुख जीवानाथ सिवाकोटी प्रशासनको निर्देशानुसार यस्तो सूचना जारी गरेको सुनाउँछन् । प्रशासनले यस्तो निर्देशनको निर्णय सर्वसदलीय सहमतिमा गरेको हो । उक्त सहमति गर्नमा माओवादी समेत सहभागी थियो ।

पर्यटकीय बसमा नेपाली यात्रुलाई चढ्न रोक्न यातायात व्यवसायीले भिजिट नेपाल एयर २००७ सुरु हुँदाकै दिन पुस १७ गते पृथ्वीराजमार्ग छेकेर तनाव सिर्जना गरेका थिए । त्यससँगसँगै ट्याक्सी व्यवसायीहरूले पोखराका मुख्य मुख्य चोकहरूमा बटुवालाई समेत हिँड्न नदिने गरी लगातार तीन दिन आन्दोलन चर्काएपछि प्रशासन र दलहरू यातायात गुन्डागर्दीका अघि नतमस्तक बनेका हुन् । त्यसो त राजमार्ग र सहरी यातायात अवरोध हटाउने विषयमा प्रशासन कार्यालयमा छलफल भइरहँदा बाहिरबाट फलामे हतियारधारी मजदुरहरूले घेरेर दलका प्रतिनिधि र सरकारी अधिकारी तथा पत्रकारहरूलाई नै आतंकित बनाइएको थियो ।

गण्डकी यातायात कार्यालयको क्षेत्राधिकार धौलागिरी अञ्चलसम्म पनि हो । त्यहाँ सवारी लैजान पनि पोखरामै दर्ता गर्नुपर्ने बाध्यता छ । 'तर यो कार्यालयमा नयाँ सवारी दर्ता नहुने भएपछि धौलागिरीका जिल्लाका गाउँ गाउँमा नयाँ बाटो बने भने पनि नयाँ गाडी चलाउन नपाइने भो', अटोमोबाइल्स एसोसिएसन पोखराका अध्यक्ष राजेन्द्र बाटाजु भन्छन् । यातायात व्यवस्था ऐन २०४९ को दफा २४ को उपदफा ३ अनुसार कुनै पनि ठाउँ सवारी दर्ता रोक्ने वा खोल्ने अधिकारी मन्त्रालय वा विभागलाई मात्रै हुने बताउँछन् बाटाजु । उनी भन्छन्, 'प्रशासनले सवारी दर्ता नै रोक्न सक्दैन, रुट अनुमति दिने मात्रै हो ।'

अब नयाँ गाडी दर्ता नहुने भएपछि पुरानै चल्ने हुँदा तिनले वातावरण प्रदूषण अरू बढाउने निश्चित छ । त्यसो त ट्याक्सी व्यवसायी समितिले पुराना सवारी विस्थापनबापत कुनै सुविधा नदिइएकोमा सरकारसँग आक्रोश पोखेको छ । काठमाडौंमा १५ वर्ष पुराना सवारी हटाउने हो भने ३३ प्रतिशत मात्रै भन्सार तिरेर नयाँ सवारी ल्याउन पाइने सुविधा सरकारले दिएको छ । जब कि नयाँ गाडीको भन्सार १ सय ७० प्रतिशतसम्म छ । नेकपा एमाले कास्कीका सचिव दबाबमा भएको निर्णय गलत नै भएको स्विकार्छन् । उनी भन्छन्, 'यो त मुद्दा नै हालेर भए पनि निर्णय उल्ट्याउन सकिन्छ ।' दलहरूले नयाँ भाडाका सवारी दर्ता रोक्ने निर्णय मात्रै गरेका होइनन्, पर्यटकीय बसमा नेपाली चढ्न रोक्ने निर्णयलाई पनि लाहाछाप लगाएका छन् । आर्थिक उदारीकरणको युगमा लोकतान्त्रिक नयाँ नेपालमा दलहरूले यस्तै निर्णयहरूलाई अनुमोदन गर्दै गए खै कसरी सुरक्षित होला उपभोक्ता अधिकार ?

दलहरू र प्रशासन यातायात व्यवसायीहरूसँग डराएको अहिले मात्रै होइन । पटक पटक उनीहरूको दादागिरीलाई प्रशासनले ठेगान लगाउन नसकेको वर्षौं भइसकेको छ । दुई वर्षअगाडि सिन्डिकेटकै विरोधमा यातायात कार्यालय गण्डकीका प्रमुख जीवन सेढाईले अडान लिँदा ज्यानकै खतरा भयो । उनीमाथि गोली प्रहार भयो, तर अपराधी पक्राउ गर्न सरकारले कुनै चासो खाँचो राखेन । अहिले उनी अपांग जीवन बाँचिरहेका छन् । आफ्नै कर्मचारीको ज्यान मार्ने उद्योग गरिँदा समेत त्यस्ताको खोजी र कारबाहीमा चासो सरकारले नदेखाएपछि गुन्डागर्दी गर्नेहरूको मनोबल बढेको हो । ■



# सूचनासँगै मनोरञ्जन पनि

■ **गोविन्द परियार/काठमाडौं**
**तस्वीरहरू : तेज बस्नेत**

**कम्प्युटर एसोसियसन अफ नेपाल** (क्यान)ले सूचना प्रविधि मेलाको सुरुवात गरेको १२ वर्ष नाघेको छ, तर यो अवधिमा कम्प्युटर र डिजिटल प्रविधिको खरिदबिक्रीको बजार बढ्नु बाहेकको गुणात्मक उपलब्धि भने भएको छैन। छिमेकी मुलुक भारतमा भन्दा अगाडि नेपालमा सूचना प्रविधिको जनशक्ति उत्पादन भएको थियो। भारत सूचना प्रविधिमा विश्वमै अग्रणी मुलुकमा पुगेको छ तर नेपालको हालत भने अझै नाजुक छ। उत्पादन भएका केही सूचना प्रविधिका दक्ष जनशक्ति समेत विदेश पलायन भएका छन्। सरकारको अस्पष्ट नीति, गुणात्मक जनशक्ति उत्पादनमा कमी र प्रविधिको विकास नभएका कारण नेपाल सूचना प्रविधिमा पछाडि परेको विज्ञहरूले बताएका छन्।

सन् १९७१ मा जनगणनाको 'डाटा प्रोसेसिङ' गर्न पहिलोपटक सरकारले कम्प्युटर भित्र्याएको थियो। यो वर्षदेखि नेपाल आधिकारिक रुपमा सूचना प्रविधिको दुनियाँमा प्रवेश गरेको थियो। यसलगत्तै सन् १९७४ मा 'विद्युतीय डाटा प्रोसेसिङ केन्द्र'को स्थापना गरेर सूचना प्रविधिको विकासको सुरुवात गरेको थियो। सरकारले तीन दशक अगाडिदेखि सुरु गरेको सूचना प्रविधिको विकासको क्रम आजसम्म आइपुग्दा कम्प्युटर साक्षरतामा वृद्धि भए पनि दक्ष जनशक्ति उत्पादन र सदुपयोगमा अत्यन्त पछि परेको ठहर यस क्षेत्रका विज्ञहरूको छ। सरकारले कम्प्युटर केन्द्रको स्थापना गरेपछि अमेरिकी नागरिक उलियम जे मिलर नेपाल घुम्न आएका थिए। सफ्टवेयरको व्यवसाय गर्दै आएका मिलरले यहाँको प्राकृतिक सौन्दर्यले आकर्षित गरेका कारण नेपालमा पनि साझेदारीमा काम सुरु गर्ने निधो गरे। त्यसकै परिणाम स्वरुप सन् १९८२ मा नेपाल-अमेरिकी संयुक्त लगानीमा 'डेटा सिस्टम इन्टरनेसनल' नामको कम्प्युटर सफ्टवेयर र हार्डवेयर कम्पनी स्थापना भयो। यसले नेपालका केही व्यक्तिलाई तालिम दिएर दक्ष वनाएर अमेरिकन एयर फोर्सको सिस्टम समेत बनाएको थियो। इमेजका अध्यक्ष सिस्टम विश्लेषक अशोक मानन्धर भन्छन्, 'आजभन्दा २५ वर्षअघि हामीलाई विदेशी विज्ञहरूले अहिले चर्चामा रहेको 'सी प्रोग्रामिङ' समेत सिकाएका थिए। यो देखेर भारतीयहरू समेत अचम्भित हुन्थे।' भारतभन्दा अगाडि नयाँ प्रविधिमार्फत सफ्टवेयर निर्यात सुरु गरेको नेपालको हालत अहिले भने दक्षिण एसियामा सबैभन्दा पछाडि



'दक्षिण एसियामा सबैभन्दा पहिला डिजिटल प्रविधि नेपालमा भित्रिएको थियो, तर सरकारको अस्पष्ट नीतिका कारण अहिले दक्षिण एसियामा सबैभन्दा पछाडि हामी परेका छौं।'

**डा. भूषण श्रेष्ठ**
सूचना प्रविधिविज्ञ



'सरकारको सूचना प्रविधि नीतिको संयोजनमा कमजोरी भएका कारण निर्यातमुखी कामहरू सुस्त हुँदै गए।'
**लोचनलाल अमात्य, पूर्व अध्यक्ष, क्यान**



'नेपालको सन्दर्भमा नयाँ नेपाल निर्माणसँगै सूचना प्रविधिको विकासलाई रणनीतिक रुपमा लैजाने हो भने केही वर्षमै रोजगारी र आर्थिक वृद्धिदरमा आशातीत सफलता हात पर्छ।'

**मनोहर भट्टराई**
सदस्य, उच्चस्तरीय सूचना प्रविधि आयोग

'क्यानले १२ वर्षमा सूचना प्रविधिको विकास गर्नको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्ने र सरकारलाई नीति बनाउन घचघच्याउनु पर्नेमा कम्प्युटरको व्यापार बढाउने काम मात्र गर्‍यो।'

**अशोक मानन्धर**
अध्यक्ष, इन्फर्मेसन म्यानेजमेन्ट फर ग्लोबल एक्जिस्टेन्स (इमेज)

परेको छ । सूचना प्रविधि उच्चस्तरीय आयोगका पूर्णकालीन सदस्य मनोहर भट्टराई भन्छन्, 'सूचना प्रविधिको लागि हुने आधारभूत संरचना र सरकारको स्पष्ट नीति नभएका कारण हामी पछाडि परेका हौं ।' अहिले भारत विश्वकै प्रमुख सफ्टवेयर निर्यातकर्ता बनेको छ भने श्रीलंका, बंगलादेश, पाकिस्तान लगायतका मुलुकहरू पनि सूचना प्रविधिमा धेरै अगाडि पुगेका छन् ।

प्रजातन्त्र पुनःस्थापनासँगै सेलाएको सरकारले सूचना प्रविधिको विकास गर्ने उद्देश्यले २०५७ सालमा सूचना प्रविधि नीति सार्वजनिक गरेको थियो । त्यसको तीन वर्षपछि २०६० सालमा उच्चस्तरीय सूचना प्रविधि आयोग गठन गरे पनि प्रविधिको विकासको लागि अत्यावश्यक साइबर कानुन समेत बन्न सकेको थिएन । काभ्रेको धुलिखेलमा उच्चस्तरीय सूचना प्रविधि पार्क निर्माण गर्ने मुख्य उद्देश्य बोकेको सरकारको यो नीतिले आधा दशकपछि बल्ल पार्क संचालनमा आएको छ । साइवर कानुन नभएका कारण सूचना प्रविधिको विकासमा अवरोध भएको बताउँदै ऐन ल्याउन सरकारलाई दबाब परे पनि संसद्ले भर्खरै मात्र विद्युतीय कारोवार ऐन पारित गरेको छ । यो ऐनले सूचना प्रविधिको विकासमा सहयोगात्मक भूमिका खेल्ने आशा विज्ञहरूले गरेका छन् ।

नेपालमा सूचना प्रविधिको प्रयोग मनोरञ्जनमा मात्र सीमित भएको छ । सरकारी कार्यालयहरूमा अझै कम्प्युटर डेस्कटपको रुपमा समेत प्रयोग




भएको छैन । हालसालै मात्रै सर्वोच्च अदालतले सबै मुद्दाका बारेमा इन्टरनेटमार्फत जानकारीहरू राखेको छ । यो सेवाअन्तर्गत कुन मुद्दाको कहिले पेसी लगायतका सबै विवरण राखिएको छ । सरकारले इ-गभर्नेन्स लागू गर्ने उद्देश्यले गुरु योजना तयार पारिरहेको छ । त्यसलाई कार्यान्वयन गर्ने आधारभूत आधार सरकारी कार्यालयहरूमा तयार भएका छैनन् । सरकारी कार्यालयहरू मात्रै होइनन्, बैंक, फाइनान्स कम्पनी, एयरलाइन्स जस्ता सीमित क्षेत्रमा मात्र कम्प्युटर प्रविधिको प्रयोग बढ्न थालेको छ । 'साक्षरता भएर पनि सक्षमता नभएका कारण कम्प्युटर खरिद गर्ने होडवाजी मात्र बढेका कारण कम्प्युटर सफ्टवेयरको प्रयोग नबढेको' मानन्धरको ठहर छ । सरकारले इन्टरनेटमार्फत सुशासन गर्ने उद्देश्यले तयार पारेको गुरु योजना अन्तिम अवस्थामा पुगेको बताएको छ । एसियाली विकास




Computers:
Server, Laptops, Desktops, Office Equipments and Accessories
Sales and Support

Networking:
Design (LAN,WAN, Broadband Network, Windows base, Linux base), Implimenting, Troubleshooting

Telephonic:
PABX(Programming, Cabling, Implimenting and support)

Power Failure Sulution:
UPS, Inverter, Stabilizer ( Installation and Support)

Software:
Development and Support

CompTIA
A+Authorized Service Center

BRIDGE TECH
INTERNATIONAL PVT. LTD.

Bridging Technological Gap

GPO Box: 8449
Opposite Macchapuchre Bank, Putalisadak, Kathmandu
Tel: 977-1-4264724 / Fax: 977-1-4263751
Email: info@bridgetechintl.com Website: www.bridgetechintl.com

बैंकको आर्थिक सहयोगमा तयार गरिएको यो योजना लागू भएमा सरकार विद्युतीय दुनियामा प्रवेश गर्नेछ । यो अवधारणाअनुसार इन्टरनेट सुशासन लागू गरिएमा प्रत्येक व्यक्तिको नागरिकतादेखि उसले तिरेको करसम्मको रेकर्ड विद्युतीय रुपमा राखिनेछ । विज्ञहरू यस्तो व्यवस्था हुनसकेमा सरकारी काममा चुस्तता आउनुको साथै भ्रष्टाचार लगायतका विकृतिसमेत उन्मूलन हुने बताउँछन् ।

सहरकेन्द्रित मात्र भएको कम्प्युटरको पहुँचलाई ग्रामीण क्षेत्रमा पनि पुऱ्याउने उद्देश्यले सरकारले दाताको सहयोगमा प्रत्येक गाउँ विकास समितिमा टेलिसेन्टर राख्ने नीति लिएको थियो, तर पहिलो चरणअन्तर्गत २ सय गाविसमा टेलिसेन्टर राख्न समेत सरकार असफल भएको छ । अहिले भने यो कार्यक्रम निष्क्रिय भएको छ ।

## प्रविधिको मेला

सूचना प्रविधिको वार्षिक मेला राजधानीमा सुरु भएको छ । बाह्र वर्षदेखि सुरु हुँदै आएको क्यान इन्फोटेक मेलामा प्रत्येक वर्ष सहभागीहरूको संख्या बढ्दै गएको आयोजकहरूले बताएका छन् । बाह्र वर्ष अगाडि र अहिले मेलामा देखिने उपकरणहरूमा परिवर्तन आए पनि समग्रमा मुलुकले सूचना प्रविधिको विकासमा भने सोचेअनुरुपको उपलब्धि हात पार्न सकेको छैन । ब्रिज टेक इन्टरनेसनलका निर्देशक पुष्प थापा भन्छन्, 'क्यान मेला विषयवस्तुभन्दा पनि मनोरञ्जनको रुपमा विकास भएको छ । यसले सूचना प्रविधिको विकासमा सहयोग गरेको छैन ।' क्यान इन्फोटेक मेलालाई नयाँ प्रविधिको ज्ञान लिने र विश्वमा सूचना प्रविधिको विकास कुन गतिमा गएको छ र यसको नेपालमा सम्भावना कस्तो छ भन्ने खालको अन्तरक्रियात्मक सचेतना विकास गराउनु पर्नेमा त्यसो हुन नसकेको गुनासो धेरैको छ । यो अवधिमा कम्प्युटर लगायत विद्युतीय उपकरणहरूको बजार विस्तार भए पनि त्यसको व्यवसायिकतामा सुधार हुन सकेको छैन । क्यान इन्फोटेक मेला सूचना प्रविधिको विकासमा भन्दा पनि कम्प्युटर लगायतका विद्युतीय सामानहरूको खरिदबिक्रीमा केन्द्रित रहेको आरोप विज्ञहरूको छ । सूचना प्रविधिका विज्ञ डा. श्रेष्ठ भन्छन्, 'क्यानले सूचना प्रविधिको विकासमा सरकारलाई सहयोग गर्दै यसको बजार खोज्नु पर्दथ्यो, तर यसले खरिदबिक्रीको मात्रै काम गरेर व्यापारीहरूको संस्था भएको छ ।' क्यान इन्फोटेक आयोजक समितिका संयोजक सिएन उपाध्याय भने अधिकांश सहरी क्षेत्रमा बसोवास गर्नेको घर-घरमा कम्प्युटर र नयाँ प्रविधिका उपकरणहरू भित्रिएकाले नेपालले ठूलै फड्को मारेको बताउँछन् । उनी भन्छन् 'नर्सरीमा पढ्ने बच्चादेखि वृद्धहरूसम्मले कम्प्युटर प्रयोग गर्न थालेका छन्, यही नै हो नेपालको सफलता ।'

विशेष गरेर सूचना प्रविधिको प्रयोगमा रमाएका नयाँ पुस्तालाई यो मेलामा सजिएका नयाँ उपकरणहरूले रामैसँग आकर्षित गर्ने गरेका छन्, तर त्यसको प्रयोग र त्यसबाट अधिकतम लाभ कसरी लिन सकिन्छ भन्ने चेतना भने यो मेलामा सहभागीहरूले पाउँदैनन् । डा. श्रेष्ठ भन्छन्, 'सहरी क्षेत्रमा कम्प्युटर साक्षरता बढेको छ, तर त्यसको उपयोगितामा कुनै सुधार आएको छैन ।'












आयोजकहरूले यस वर्ष मेलालाई थप आकर्षक बनाउन सूचनासँगै मनोरञ्जन पनि राखिएको बताएका छन् ।

## दरिलो सम्भावना

राजनीतिक अस्थिरता र बजार नीति स्पष्ट नभएका कारण सूचना प्रविधिको निर्यात व्यापार हुन सकेको छैन । सरकारले नयाँ नेपालको निर्माणसँगै यो क्षेत्रलाई रणनीतिका साथ अगाडि बढाउने हो भने बढ्दै गएको बेरोजगारी घटाउन र आर्थिक वृद्धिदर बढाउन सूचना प्रविधि कोसेढुंगा हुने विज्ञहरूले बताएका छन् । भट्टराई भन्छन्, 'नयाँ नेपालको स्थापनासँगै कम्प्युटर प्रविधिको विकास गर्ने हो भने रोजगारी र आर्थिक वृद्धिदरमा समेत ठूलो फड्को मार्न सकिन्छ ।' सरकारी र निजी क्षेत्रको साझेदारीमा रचनात्मक एकता हुने हो भने केही वर्षमै सूचना प्रविधिमा नेपाल अगाडि बढ्न सक्ने यस क्षेत्रका विज्ञहरूले बताएका छन् । सरकारले आधारभूत अन्तर्राष्ट्रियस्तरको कम्प्युटर प्रविधिको काम गर्न सकिने भौतिक पूर्वाधारको भने विकास गर्नु पर्छ । अहिले इन्टरनेटमा उच्च क्षमताको कनेक्टिभिटी नभएका कारण कतिपय डाटा प्रोसेसिङका काम गर्न सकिँदैन । डा. श्रेष्ठ भन्छन्, 'इमेज प्रोसेसिङ लगायत ठूला डाटा प्रोसेसिङको लागि नेपालको इन्टरनेट कनेक्टिभिटी क्षमता पुग्दैन ।' तर यसको लागि नेपाल टेलिकमले छिट्टै अप्टिकल फाइवर बिछ्याएर भारतको कोलकाता बन्दरगाहसँग लिंक गर्ने बताएको छ । नेपालको सम्भावना भएको क्षेत्रमध्ये पर्यटन र कम्प्युटर प्रविधि प्रमुख हुन् । भट्टराई भन्छन्, 'सरकारले कम्प्युटर प्रविधिलाई लक्षित गरेर रणनीति बनाउने हो भने सूचना प्रविधिमा केही वर्षमै हामी अगाडि पुग्छौं ।' तर, सूचना प्रविधिको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन र दक्ष जनशक्ति उत्पादन गर्ने नीतिलाई सरकारले प्राथमिकतामा राख्नु पर्छ । विशेष योजना बनाएर सूचना प्रविधिको विकास गर्ने हो भने नेपाल जस्तो विकासोन्मुख र लामो समय द्वन्द्वले गाँजेको मुलुकले आर्थिक वृद्धिमा गति लिनेछ । सूचना प्रविधिको अध्ययन गर्ने निकायहरूको वृद्धि भए पनि व्यवसायिकता नभएको उल्लेख गर्दै डा. श्रेष्ठ भन्छन्, 'उच्चस्तरका दक्ष सूचना प्रविधिका जनशक्ति उत्पादन गर्ने र उनीहरूलाई नेपालमै काम दिने रणनीति सरकारले लिनु पर्छ ।'

सूचना प्रविधिको विकास गर्न सरकारले तयार पारेको बनेपाको सूचना प्रविधि पार्कमा भर्खरै मात्रै नेदरल्यान्डको जाभरा कम्पनीले काम सुरु गरेको छ । भौतिक पूर्वाधारको विकास गर्ने हो भने अन्य विश्वप्रसिद्ध सूचना प्रविधिका कम्पनीहरू नेपालमा






काम गर्न आकर्षित भएको सरकारले बताएको छ । नेपाल टेलिकमका सेवा व्यवस्थापक तथा क्यानका पूर्व अध्यक्ष लोचनलाल अमात्य भन्छन्, 'नेटवर्क क्षमतामा वृद्धि गरेर सरकारले सूचना प्रविधिमा स्पष्ट नीति तयार पार्ने हो भने अन्य मुलुकमा भन्दा कम खर्चमा नेपालमा काम गर्न सकिने भएकाले विदेशी कम्पनीहरू आउँछन् ।' यसलाई मद्देनजर गरेर नेपाल टेलिकमले १६ एमबी क्षमताको परिक्षण गरेको बताएको छ । अप्टिकल फाइवरमार्फत नेटवर्क जडान गर्दा क्षमता वृद्धिका साथै प्रतिएमबी खर्च पनि सस्तो पर्ने भएकाले सुलभ मूल्यमा काम गर्न सकिने अमात्य बताउँछन् । अन्तर्राष्ट्रिय बजारमा भारतमा सस्तो मूल्यमा सूचना प्रविधिको काम गर्न सकिने भएकाले अहिले अन्तर्राष्ट्रिय कम्पनीहरूको ठूलै समूहले भारतमा काम गरेका छन् । केही निजी कम्पनीहरूले सामान्य सफ्टवेयरको निर्यात गरे पनि सूचना प्रविधिको व्यापार ज्यादै न्यून छ । निजीस्तरका डि टु हवाई, हाइटेक लगायतका केही कम्पनीले अन्तर्राष्ट्रियस्तरका काम गरिरहेका छन्, तर सरकारको नीतिका कारण अन्तर्राष्ट्रियस्तरका सूचना प्रविधिको काम गर्न आधारभूत आधार नभएको गुनासो उनीहरूको छ ।

## जनशक्ति पलायन

विश्वमा बढ्दै गएको कम्प्युटर प्रविधिको विकाससँगै नेपालमा पनि कम्प्युटर विषेशज्ञताको स्नातकोत्तरसम्मका अध्ययन गराउने संस्थाहरू खुलेका छन् । सूचना प्रविधिको अध्ययन फेसनको रुपमा विकास हुँदै गए पनि त्यो जनशक्तिको उपयोग हुन सकेको छैन । जसको कारण सूचना प्रविधिका स्नातकहरूको पहिलो गन्तव्य विदेश हुने गरेको छ । गत वर्ष सूचना प्रविधिमा प्रथम समूह उत्पाद गरेको प्राइम कलेजले आफ्न असी प्रतिशत विद्यार्थीलाई जागिर खोजिदिएको थियो, तर विद्यार्थीहरू एक महिना पनि पूरा काम नगरी विदेशिएको तितो अनुभव कलेजका सूचना प्रविधिविज्ञ भूषण श्रेष्ठले *समय*लाई बताए । सरकारको जनशक्तिप्रतिको उदासीनता र व्यवसायिक कामको सम्भावना कम भएकाले नयाँ उत्पादित जनशक्तिहरू अध्ययन तथा कामको लागि विदेशलाई आफ्नो लक्ष्य ठान्ने गरेका छन् । सूचना प्रविधिविज्ञ डा. भूषण श्रेष्ठ भन्छन्, 'सरकारी नीति नभएका कारण उत्पादित जनशक्ति पनि विदेश पलायन हुने गरेको छ ।' त्यसो त नेपालीहरू विश्वप्रसिद्ध कम्पनी, माइक्रोसफ्ट, गुगल, जाभामा समेत प्रोगामरको रुपमा काम गरिरहेका छन् । विश्वमै लोकप्रियता कमाएको सूचना प्रविधिले नेपाली विद्यार्थीहरूलाई पनि आकर्षित गर्न सफल भएको छ । विशेष गरेर मध्यम र उच्च वर्गका लागि सूचना प्रविधि सबैभन्दा उत्तम विषयको रुपमा विकास हुँदै गएको छ, तर विज्ञहरू नेपाली विद्यार्थीमा बढेको यो क्षेत्रप्रतिको रुचिलाई विदेशको लोभ भएको बताउँछन् । मानन्धर भन्छन्, 'नेपालमा संघर्ष गर्नुभन्दा विदेश जान सहज देखेर नयाँ जनशक्ति विदेश पलायन हुन आतुर देखिएका छन् ।'

## बल्ल साइबर कानुन

धेरै वर्षदेखि विद्युतीय कारोवार ऐन ल्याउने तयारी सरकारले गरे पनि भर्खरै मात्र यो ऐन संसद्ले पारित गरेको छ । संसद्बाट पारित भएको विद्युतीय कारोवार ऐन २०६३ ले तोकिएको नियमअनुसार प्रक्रिया पूरा गरी विद्युतीय अभिलेखले कानुनी मान्यता पाउने व्यवस्था गरेको छ । यो व्यवस्थाले कम्प्युटर प्रविधिको विकासमा सहयोग पुग्ने यस क्षेत्रका विज्ञहरूले बताएका छन् । उच्चस्तरीय सूचना प्रविधि आयोगका सदस्य मनोहर भट्टराई भन्छन्, 'संसद्ले पारित गरेको ऐनले बल्ल विद्युतीय कारोवारलाई वैधता दिएको छ ।' ऐनले व्यवस्था गरेको उल्लिखित प्रक्रिया पूरा गरी डिजिटल हस्ताक्षर गराएर कानुनी मान्यता दिलाउन सकिने व्यवस्था समेत गरेको छ । डिजिटल हस्ताक्षरको अनुमति दिने लगायतका यससँग सम्बन्धित अन्य कार्य गर्नको लागि नेपाल सरकारको अधिकृत वा तोकिएबमोजिम योग्यता पुगेको कुनै व्यक्तिलाई नियन्त्रक तोक्ने व्यवस्था गरेको छ । मुद्रित सामग्रीलाई मात्र वैधानिक मान्दै आएको सरकारले प्रचलित कानुनअनुसार नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने अध्यादेश, ऐन, नियम, विनियम, गठन, आदेश, सूचना वा अन्य विषयलाई विद्युतीय स्वरुपमा समेत प्रकाशन गर्न सक्ने व्यवस्था समेत गरेको छ । कम्प्युटरको स्रोत संकेतको चोरी, नष्ट वा परिवर्तन गर्नेलाई वा गर्न लगाउनेलाई तीन वर्षसम कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना एवं सजाय हुने व्यवस्था पनि ऐनले गरेको छ । घटनाको प्रकृति हेरेर सजाय थपघट हुने बताइएको छ । ■



**इन्क्युबेसन प्रणालीमा नयाँ व्यवसाय गर्न चाहने उद्यमीहरूका लागि आवश्यक पर्ने पुँजी व्यवस्था गरिदिने तथा अत्याधुनिक उपकरण, सुविधासम्पन्न केन्द्र तथा व्यापारसम्बन्धी जानकार विज्ञहरूको प्रत्यक्ष निगरानीमा काम गर्न पाइन्छ ।**



■ नवीन जोशी

# व्यापारमा इन्क्युबेसन प्रणाली

**नेपालमा पहिलो** पटक क्यान इन्फोटेक २००७ को अवसर पारेर 'इन्क्युबेटर' सुरु गरिएको छ । नेपालका सफल सूचना प्रविधिका उद्यमीहरूले अमेरिकास्थित अन्तर्राष्ट्रिय कम्पनी एलएलसीसँग संयुक्त लगानीमा यो व्यापार प्रणाली सुरु गरेका छन् । यसका लागि एलएलसीले नेपालमा इन्क्युबेटर केन्द्र खोल्ने सहमति गरेको छ । यो केन्द्रले सूचना प्रविधिका जनशक्तिलाई विभिन्न किसिमका सीपमूलक तालिम दिएर सूचना प्रविधिका विशेषज्ञ उत्पादन गर्ने र उनीहरूलाई यो क्षेत्रमा आकर्षित गर्नेछ । त्यसका लागि आवश्यक आर्थिक व्यवस्था समेत गर्नेछ ।

## इन्क्युबेसन के हो ?

इन्क्युबेसन एउटा नयाँ व्यवसायिक कम्पनीको सृजना गर्ने नयाँ र भिन्न प्रणाली हो । यसले नयाँ उद्यमीहरूलाई कार्य गर्ने ठाउँ र सहयोगको वातावरण तयार गरी विकसित र सफल उद्यमी बनाउन सहयोग पुऱ्याउँछ । जसरी एउटा अन्डाबाट चल्ला उत्पादन गर्न अन्डाको पूर्ण विकास नहुन्जेलसम्म इन्क्युबेटरमा उचित तापक्रम र वातावरण बनाएर केही समयसम्म राखी त्यसको उचित समयावधिपछि अन्डा कोरलेर चल्ला निकालिन्छ, त्यसरी नै सीप तथा नौलो व्यवसायिक योजना भएका तर आर्थिक तथा उचित वातावरणको अभाव भएका व्यक्तिहरूलाई इन्क्युबेटर सेन्टरमा राखिसकेपछि व्यवसायको पूर्ण विकासको लागि आवश्यक पर्ने पूर्वाधारहरू, वातावरण र चाहिने सबै खालका व्यवस्थापन, बजार विकास, वित्त व्यवस्थासहितको व्यवसाय संचालन गराउन मद्दत गरिन्छ । यसबाट कुनै पनि व्यक्तिमा अन्तरनिहित सीपलाई व्यवसायमा परिवर्तन गरी रोजगारीको वृद्धि गर्ने साना तथा मझौला उद्योगको क्षमता अभिवृद्धि गरिन्छ । व्यापारिक योजनाको लागि आवश्यक पर्ने उपयुक्त ठाउँ र अन्य सहायताहरूको पहुँच पुऱ्याउन पनि यो प्रणाली बढी प्रभावकारी हुन्छ । निश्चित ठाउँ र आर्थिक सहायता निश्चित अवधिका लागि उपलब्ध गराइन्छ । नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरूमा यस्तो व्यवसायिक विधि लागू गर्न सकियो भने क्षमता भएर पनि गुम्सिएर बसेकाहरूले राम्रै अवसर पाउँछन् ।

व्यापारिक इन्क्युबेसनको विकास क्रमलाई हेर्ने हो भने सन् १९८० को दशकताका साना उद्यमीहरूबाट भएको देखिन्छ । हाल आएर यस इन्क्युबेटर प्रणालीमा उच्च प्रविधि, ग्रामीण क्षेत्र, व्यापारिक प्रतिष्ठानहरू तथा उच्चस्तरका उद्यमीहरूको संलग्नता भएको देखिन्छ । अमेरिका, चीन, बेलायत, अस्ट्रेलिया आदि देशहरूमा सफल इन्क्युबेटर सेन्टरहरू छन् ।

## उद्देश्य

यसको मुख्य उद्देश्य भनेको नै एउटा सफल उद्यमीको विकास गरी बजारमा स्थापित गराउनु हो । सही र उचित योजना व्यवसायको सहयोग र विकासका लागि आवश्यक पर्ने पूर्वाधार तथा वातावरणको विकास गर्ने हो । नयाँ नयाँ सीप तथा योजना भएका व्यक्ति वा समूहलाई स्वरोजगारको लागि साना तथा मझौला उद्योग, व्यापार र प्राविधिक सीपको लागि दक्ष बनाउने यसको प्रमुख उद्देश्य हो ।

नयाँ व्यवसाय गर्न चाहने उद्यमीहरूका लागि आवश्यक पर्ने पुँजी व्यवस्था गरिदिने तथा अत्याधुनिक उपकरण, सुविधासम्पन्न केन्द्र तथा व्यापारसम्बन्धी जानकार विज्ञहरूको प्रत्यक्ष निगरानीमा काम गर्न पाउने हुँदा फाइदा पुग्छ ।

नेपालमा सीपमूलक कार्यक्रम आयोजना गर्ने सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू तथा सामाजिक संघसंस्थाहरू थुप्रै भए पनि व्यापारिक इन्क्युबेटरको अवधारणालाई अंगीकार गरी अघि बढेका कुनै संघसंस्था नभएकाले त्यस्ता सीपमूलक व्यक्तिलाई ठूलो टेवा पुऱ्याई देशमा दिनप्रतिदिन बढिरहेको शिक्षित बेरोजगारी समस्या समाधान गर्न सरकारलाई ठूलो मद्दत पुग्नेछ ।

## व्यापारिक इन्क्युबेटर नै किन ?

व्यापारिक इन्क्युबेटर प्रणाली लागू भएपछि निश्चित थलो वा केन्द्रहरूलाई उपकरण तथा सुविधासम्पन्न केन्द्रका रुपमा विकास गरिन्छ । जहाँ व्यापारिक इन्क्युबेटरका बारेमा जानकार विज्ञहरूको पूर्ण सहयोग उपलब्ध हुन्छ । त्यसै केन्द्रबाट व्यापार व्यवसायको योजना बनाउन सहयोग मिल्ने तथा दिगो विकासको सुरुवात हुन्छ । यस्तो व्यवसायका लागि बीज पुँजी तथा चालू पुँजीको लागि आवश्यक पर्ने ऋण पनि उपलब्ध गराइने हुँदा सीप तथा योजना भएका व्यक्ति वा समूहलाई स्वरोजगारका साथै रोजगार सृजनाको लागि साना तथा मझौला उद्योग खोलेर सफल उद्यमी बनाउन सहयोग पुग्छ । अहिले मुलुकमा भएका विभिन्न समस्याहरूका कारणले साना तथा ठूला उद्योगहरूको आर्थिक मन्दीमा यो योजना ज्यादै प्रभावकारी हुन्छ । यो योजना सुरुवात भएपछि परम्परागत व्यापारिक प्रणालीको अनुकरण गर्न बाध्य व्यक्तिहरूले नयाँ प्रणालीको नाफामूलक व्यापार अपनाउन सक्नेछन् । हाम्रो मुलुकमा बाबुबाजेको पालादेखि नै परम्परागत रुपमा चल्दै आएको व्यापार व्यवसायलाई नै नयाँ पुस्ताले पनि निरन्तरता दिएको पाइन्छ । कतिपय अवस्थामा त नयाँ पिँढीले ल्याएका नयाँ सोचअनुसारको व्यापारिक योजना पारिवारिक वा आर्थिक कारणले कार्यान्वयन नै हुन नसकी तुहिने गरेका छन् । यस्तो अवस्थामा नयाँ विचार, नयाँ शैली र नयाँ सोच भएकाहरूका लागि यस किसिमको व्यापारिक योजना हाम्रो जस्तो मुलुकमा लाभदायी र प्रभावकारी हुन सक्छ ।

देशमा भएका शिक्षित सीपमूलक तथा मेहनती जनशक्ति दिनप्रतिदिन पलायन भएको अवस्थामा यस किसिमका व्यापारिक योजना साँच्चै देशको आर्थिक र रोजगारी विकासको लागि एउटा अनुकरणीय र उदाहरणीय हुनेछ, तर यसका लागि सरकारले पनि निजी क्षेत्रलाई उत्प्रेरणाको भूमिका खेल्नु आवश्यक छ । व्यापारिक इन्क्युबेटर केन्द्रले सही र समयसापेक्ष व्यवसायको सुरुवातमा सहयोग पुऱ्याउने हुनाले हाम्रो जस्तो देशको परिप्रेक्ष्यमा यसको आवश्यकता खड्किएको छ ।

संसारका अधिकांश मुलुकले धेरै पहिले नै सुरु गरिसकेको यो व्यापारिक प्रणाली सफल हुँदै गएको छ । नेपालमा ढिलै भए पनि हुन लागेको यस्तो कार्यक्रमले देशमा भएका बहुसंख्यक बेरोजगार युवावर्गलाई आर्थिक र उचित वातावरणको अभाव पूर्ति गर्नेछ । पुँजी र सीपको अभावमा व्यवसाय गर्न नसकेकाहरूलाई यो प्रणाली कोसेढुंगा हुने विश्वास गरिएको छ । त्यसैले नेपालको सन्दर्भमा हजारौं शिक्षित बेरोजगारलाई केन्द्र बनाएर परियोजना विकास गरेर देशभित्रै रोजगारी सृजना हुन सक्छ । यसले ठूलो संख्यामा समस्याको रुपमा रहेको बेरोजगारीलाई घटाउने भएकाले मुलुककै उपलब्धि समेत हुन सक्नेछ । देशमा भएका शिक्षित सीपमूलक तथा मेहनती जनशक्ति दिनप्रतिदिन विदेश पलायन भइरहेको अवस्थामा यस किसिमको व्यापारिक योजना साँच्चै देशको आर्थिक र रोजगारी विकासको लागि एउटा अनुकरणीय र उदाहरणीय कार्यक्रम भएर निस्कनेछ । व्यापारिक इन्क्युबेटर केन्द्रले सही र समयसापेक्ष व्यापारको सुरुवातमा सहयोग पुऱ्याउने हुनाले पनि हाम्रो जस्तो मुलुकमा यसको आवश्यकता देखिन्छ । हाल देशमा भएका विभिन्न समस्याहरूको कारणले साना तथा ठूला उद्योगहरूको आर्थिक मन्दीमा यो योजना प्रभावकारी हुन सक्छ भन्ने विश्वास लिइएको छ । यस्तो किसिमको कार्यक्रमले देशको दिगो विकासमा समेत ठूलो सहयोग पुग्नेछ ।

*(लेखक वर्ल्ड डिस्ट्रिब्युसन नेपालका अध्यक्ष तथा इन्क्युबेसनका साझेदार हुन्)*



# फुटबलमय पूर्व

■ नवीन अर्याल/फत्तेपुर तस्बिर पनि

खेलाडी उत्पादनका कारण प्रायः सधैं चर्चामा रहने पूर्वेली फुटबल पूर्वाञ्चलमा सुरु भएको क्षेत्रीय लिग प्रतियोगिताले गर्दा चर्चामा छ। गत साता सप्तरीको फत्तेपुर मैदानमा 'इस्टर्न एन्फा सानमिगेल च्याम्पियन लिग' सुरु भएपछि पूर्वाञ्चलको वातावरण अहिले फुटबलमय बन्न पुगेको छ। यतिमात्र होइन, पूर्वका मेची, कोशी र सगरमाथा सर्वाधिक व्यस्त देखिएका छन्। काठमाडौंमा सञ्चालन भइरहेको सहिद स्मारक एन्फा सानमिगेल लिगको पुरानो संरचनालाई २०६५ सालसम्म बदलेर मोफसलका क्लबहरूलाई पनि राष्ट्रिय लिगमा समाहित गराउन दबाब दिने उद्देश्यले पुस २१ गतेदेखि पूर्वाञ्चलमा नयाँ अवधारणाका साथ क्षेत्रीय लिग सुरु भएको हो।

क्षेत्रीय लिग आयोजनाले पूर्वाञ्चलको फुटबलमा नयाँ आयाम थपिएको मात्र छैन, खेलाडी उत्पादनको दृष्टिकोणले पनि यो प्रतियोगिता सफल हुँदै गइरहेको छ। क्षेत्रीय लिगको आयोजनाले मात्र पूर्वाञ्चलमा गत दुई महिनायता २ हजारभन्दा बढी युवा खेलाडी मैदानमा आफ्नो सीप तिखारिरहेका छन्। 'यो ऐतिहासिक फड्को हो', फत्तेपुरमा क्षेत्रीय लिगको उद्घाटन अवसरमा समयलाई छोटो प्रतिक्रिया दिँदै एन्फा उपाध्यक्ष तथा क्षेत्रीय लिग मूल आयोजक समितिका अध्यक्ष किशोर राईले भने।

एक महिना चल्ने क्षेत्रीय लिगमा मेची, कोशी र सगरमाथा गरेर नौ क्लब सहभागी छन्। यी नौवटै क्लब आफ्नो घरेलु मैदानमा 'होम एन्ड अवे'को आधारमा खेल्दै छन्। काठमाडौंमा जारी राष्ट्रिय लिगमा मैदान अभावका कारण दोहोरो लिगका सबै खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भइरहेको अवस्थामा यहाँ आयोजना भएको क्षेत्रीय लिगमा नौ क्लबले आ-आफ्नो मैदानमा दोहोरो लिग खेल्नुलाई राष्ट्रिय लिगको संरचना बदल्ने सवालमा पहिलो खुट्किलो भएको बताएका छन्, पूर्वका फुटबल हस्तीहरूले।

गत साता 'अवे' म्याचको रुपमा उद्घाटन खेल खेल्न सिरहाबाट सप्तरी आइपुगेको युथ क्लब, सिरहा छिमेकी जिल्लाको हरियो मैदान र आतिथ्यबाट दंग



**क्षेत्रीय लिग आयोजनाले पूर्वाञ्चलको फुटबलमा नयाँ आयाम थपिएको मात्र छैन, खेलाडी उत्पादनको दृष्टिकोणले पनि यो प्रतियोगिता सफल हुँदै गइरहेको छ।**

देखिएको थियो। 'वास्तवमै यो हाम्रो लागि नयाँ अनुभव थियो', युथ क्लबका प्रशिक्षक श्याम सिंहले 'पोस्ट म्याच कन्फेन्स'मा पत्रकारहरूलाई भने। उद्घाटन सत्रमा मुख्य अतिथिको रुपमा काठमाडौंबाट आएका एन्फा केन्द्रीय उपाध्यक्ष कर्मा छिरिङ शेर्पाका लागि पनि फत्तेपुर मैदानमा भ्रमणकारी सिरहा जिल्ला युथ क्लब र सप्तरी जिल्लाको घरेलु न्यु त्रियुगा स्पोर्टस् क्लबबीचको भिडन्त रोचक बनेको थियो। उद्घाटन खेल हेर्न फत्तेपुरका करिब दुई सय स्थानीय दर्शक मैदान वरपर र घरको छतमा व्यस्त देखिन्थे। वास्तविक अर्थमा 'होम एन्ड अवे'को नियमलाई आत्मसात गरेको 'इस्टर्न एन्फा सानमिगेल च्याम्पियन लिग'को सुरुवातबाट दंग देखिएका एन्फा उपाध्यक्ष कर्माले आगामी वर्ष एन्फाले यो प्रतियोगिताको सफलताको लागि अझै बढी सहयोग गर्ने बताए।

फत्तेपुर मैदानलाई व्यवस्थित गर्न सप्तरी जिल्लाले ४० हजार खर्चिएको थियो। यसैगरी प्रतियोगिता तयारीका लागि क्लबहरूले करिब ३५ हजार खर्चेको बताएका छन्। 'एक महिनासम्म चल्ने क्षेत्रीय लिग खेल्न हामीले ३५ हजारदेखि ४० हजार बजेट विनियोजन गरेका छौं', युथ क्लब, सिरहाका म्यानेजर सरोज राणाले *समय*लाई भने। उनले क्षेत्रीय लिगको अवधारणाले जिल्लामा सेलाएको फुटबलको वातावरण तातिएको बताए। यस्तै, पहिलो खेलमै युथ क्लब, सिरहालाई २-० ले हराएर तीन अंक बटुलेको न्यु त्रियुगा क्लबका प्रशिक्षक रमेश श्रेष्ठले क्षेत्रीय लिगको अवधारणा अगाडि आएपछि आफूहरू व्यस्त भएको बताए। 'अब मौसमी रूपभन्दा पनि वार्षिकरुपमा फुटबल खेल्ने वातावरण बनेको छ। यस्तो प्रतियोगिताले निरन्तरता पाउनु पर्छ', उनले भने।

क्षेत्रीय लिग सफल बनाउन गत भदौमा पूर्वाञ्चलका विभिन्न नौ जिल्लाका क्लबहरूलाई समावेश गरेर 'जिल्ला लिग' आयोजना गरिएको थियो। उक्त लिगमा करिब एक सय क्लबहरूले भाग लिएका थिए, जसमा मोरङबाट सर्वाधिक २३ क्लबको सहभागिता थियो। जिल्ला लिगमा २ हजारभन्दा बढी युवा खेलाडी समावेश थिए, जुन नेपाली फुटबल इतिहासमा एउटै प्रतियोगिताका लागि सबैभन्दा बढी खेलाडी सहभागी भएका हुन्। 'खेलाडी उत्पादनको दृष्टिकोणले पनि जिल्ला र क्षेत्रीय लिग सफल सावित भएको छ', पूर्वेली फुटबलका हस्ती तथा 'इस्टर्न एन्फा सानमिगेल च्याम्पियन लिग' मूल आयोजक समितिका सदस्य दिलीप राईले *समय*लाई भने। विराटनगरका मुख्य प्रशिक्षक सन्तोष बानिया पनि यो प्रतियोगिताका कारण आफूहरूले भविष्य बोकेका थुप्रै उत्साहित युवा खेलाडी पाएको बताउँछन्। '२ हजार खेलाडीमा हामीले २०/२५ जना यस्ता खेलाडी देखेका छौं, जसले राम्रो तालिम र मौका पाएको खण्डमा भविष्यमा राष्ट्रिय टोलीमा चमत्कार देखाउन सक्ने क्षमता राख्छन्', उनले भने।

क्षेत्रीय लिगमा समावेश भएका नौ क्लबहरू जिल्ला लिगबाट पहिलो भएर छानिएर आएका छन्। जसलाई मेची, कोशी र सगरमाथा गरेर तीन समूहमा विभाजन गरिएको छ। जसअन्तर्गत समूह 'क'मा सगरमाथाका तीन क्लब न्यु त्रियुगा (सप्तरी), युथ क्लब (सिरहा) र एकता समूह (कटारी) उदयपुर छन्। यस्तै, समूह 'ख'मा कोशीको टेम्के फुटबल क्लब(धरान), रमाइलो स्पोर्टिङ क्लब (मोरङ) र रारा क्लब राजारानी (धनकुटा) छन्। समूह 'ग' मेचीबाट ध्रुवतारा स्पोर्टिङ क्लब (दमक), नगर-११ इलाम र युनाइटेड क्लब (फिदिम) पाँचथर छन्। क्षेत्रीय लिगमा कुल २४ खेल हुँदै छ। क्षेत्रीय लिगका लागि आठ लाख रुपैयाँ बजेट विनियोजन गरिएको आर्थिक उप-समितिका संयोजक दीपक राईले *समय*लाई बताए। 'घरेलु क्लबले अतिथि क्लबलाई बस्ने र खाने व्यवस्था मिलाएको छ भने लिग खेल्न छिमेकी जिल्लामा जाने क्लबले आउने-जाने गाडीको भाडा स्वयं खर्चिदै आइरहेको छ', लिगबारे जानकारी दिँदै राईले भने। मोफसलमा आयोजना हुने फुटबल प्रतियोगितामा सर्वाधिक राशि पुरस्कार भएको दाबी गरिएको क्षेत्रीय लिग विजेता क्लबले एक लाख रुपैयाँ प्राप्त गर्ने बताइएको छ। यस्तै, उपविजेता क्लबले ५० हजार, तेस्रो हुने क्लबले २५ हजार, अनुशासित क्लबले ५ हजार र लिगको उत्कृष्ट खेलाडीले १० हजार नगद पुरस्कार पाउनेछन्। तीनवटै समूहबाट अंकको आधारमा पहिलो हुने तीनवटा क्लबबीच सुपरलिग आयोजना गरिने आयोजक समितिले जनाएको छ। ■

## 'संरचना बदल्नु पर्छ'

**२०११ सालदेखि काठमाडौंमा आयोजना हुँदै आइरहेको सहिद स्मारक लिगको संरचना बदल्ने विषयलाई मुख्य मुद्दा बनाउँदै एन्फाको आगामी केन्द्रीय समितिको बैठकमा राख्ने पूर्वाञ्चल फुटबल संघले बताएको छ।**

**'पुरानै संरचनाले फुटबलमा प्रगति हुन सक्दैन भन्ने हाम्रो मान्यता हो', एन्फा उपाध्यक्षसमेत रहेका पूर्वाञ्चल फुटबल संघका अध्यक्ष किशोर राईले भने। काठमाडौंमा सञ्चालन भइरहेको सहिद स्मारक लिगमा हाल १५ क्लबहरू सहभागी रहेका छन्, जसमा अहिले पनि काठमाडौं र पाटन गरी दुई जिल्लाका क्लब मात्र सहभागी छन्। संस्थानको रुपमा महेन्द्र पुलिस क्लब, सशस्त्रको एपिएफ क्लब र नेपाली सेनाको त्रिभुवन आर्मी क्लब समावेश छ। '५ दशकअघि बनाइएको संरचना अब पनि बदलिएन भने हामी पछि पर्छौं', एन्फा केन्द्रीय सदस्य वसन्त अर्यालले भने।**

**राईका अनुसार राष्ट्रिय लिगको संरचना बदल्ने कुरामा एन्फा नेतृत्व लगभग सकारात्मक छ, तर उनी यस विषयमा अझै गृहकार्य हुनु पर्ने बताउँछन्। २०६५ सालमै राष्ट्रिय लिगको संरचना बदल्ने योजनासहित अगाडि बढेको एन्फाका लागि हाल पूर्वाञ्चलमा सञ्चालन भइरहेको क्षेत्रीय लिगले टेवा पुऱ्याउने बताउँदै राई भन्छन्, 'राष्ट्रिय लिगमा काठमाडौंबाट ६ वटा क्लब र मोफसलबाट बाँकी क्लबहरूलाई समावेश गरिनु पर्छ।' काठमाडौंमा सञ्चालन भइरहेको सहिद स्मारक एन्फा सानमिगेल लिगमा अहिले पनि पूर्वका एक सयभन्दा बढी खेलाडी विभिन्न क्लबमा आबद्ध रहेर आफ्नो खेल कौशल देखाइरहेका छन्।**

**एन्फाकै सहयोग र समर्थनमा अहिलेको क्षेत्रीय लिग आयोजना गरेको बताउने राई भन्छन्, 'जिल्लामा फुटबलको लोकप्रियतालाई चुलीसम्म पुऱ्याउन एन्फाले राष्ट्रिय लिगको संरचना विकेन्द्रीकृत बनाउनु पर्छ।'**

**वातावरण** ध्वनि प्रदूषण

## गाडीको अनियन्त्रित हर्नका कारण राजधानीमा नजानिँदो किसिमले कान र मानसिक रोग बढ्दै गएको छ ।

# हर्नको मार


तेज बस्नेत

■ **सुषमा पौडेल/काठमाडौं**

**महाराजगन्ज** चक्रपथमा कार्यरत ट्राफिक प्रहरी जवान भीमसेनविक्रम थापाको पीडा, राजधानीका सडकमा काम गर्ने अधिकांशको पीडासँग मेल खान्छ । थापा भन्छन्, 'दिनभरिको हल्लाले यतिसम्म असर पारेको हुन्छ कि आफू शान्त ठाउँमा बस्दा पनि कानमा गाडीको हर्नका आवाज बजिरहन्छ ।'

गाडीको अनियन्त्रित हर्नका कारण राजधानीमा नजानिँदो किसिमले कान र मानसिक रोग बढ्दै गएको कुरामा चिकित्सकहरू सहमत छन्, तर अनुसन्धानका अभावमा त्यसको यकिन तथ्यांक कति छ भन्ने स्पष्ट छैन ।

वीरेन्द्र प्रहरी अस्पतालमा कार्यरत नाक, कान घाँटी विशेषज्ञ डा. भक्तबहादुर सिंहका अनुसार यस्तो एकोहोरो हल्ला र लगातार बज्ने हर्नका आवाजले कानको नसा कमजोर भई मानिसको सुन्ने शक्तिमा ह्रास आउँछ ।

डा. सिंहका अनुसार कानको समस्या लिएर धेरै ट्राफिक प्रहरीहरू उपचारको लागि आउने गरेका छन् र यसको मुख्य कारक नै चर्को आवाज हो ।

नाक, कान घाँटीसम्बन्धी अर्का विशेषज्ञ डा. हरि भट्टराई भन्छन्, 'हाम्रो कानले ९० डिसिबलभन्दा बढीको आवाज सहन सक्दैन र यदि योभन्दा बढी आवाज हाम्रो कानमा पर्‍यो भने कान सुन्न नसक्ने पनि हुन सक्छ ।' उनका अनुसार यदि हाम्रो कानले लगातार हप्ताको ५ दिन र दिनको ८ घन्टाभन्दा बढी हर्न लगायत अरू कोलाहल र चर्का आवाज सुन्ने हो भने हाम्रो कानलाई प्रत्यक्ष असर पारिरहेको हुन्छ । तैपनि त्यस्तो वातावरणबाट शान्त वातावरणमा गएर केही समय बस्ने हो भने ती चर्का आवाजले हाम्रो कानमा परेको असर बिस्तारै हट्दै जाने हुन्छ ।

कानमा मात्र होइन, त्यस्ता चर्का आवाजबाट अन्य खाले असर पनि परिरहेको हुन्छ । डा सिंह भन्छन्, 'अस्पताल क्षेत्रमा समेत जथाभावी बजाइदिनाले त्यहाँ रहेका बिरामीलाई प्रत्यक्ष असर त पर्ने साथै त्यहाँ कार्यरत कर्मचारीलाई पनि मानसिक असर पर्छ र बिरामीसँग राम्रो व्यवहार गर्न सक्दैनन् ।'

मनोवैज्ञानिक विशेषज्ञ डा. विद्यानाथ शर्माका अनुसार त्यस्ता अनावश्यक हर्नका आवाजले रिस उठ्ने र आफूवरपर बसेका मानिसहरूसँग राम्रो व्यवहार गर्न नसकिने त हुन्छ । त्यसका साथै आफूभन्दा पछिको चालकले अनावश्यक रुपमा लगातार हर्न बजाउने प्रवृत्तिका कारण अगाडिको चालकको मानसिक सन्तुलनमा असर पार्ने आक्रोशले गाडी चलाउँदा दुर्घटना हुने सम्भावना हुन्छ । वास्तवमा हर्नको चर्का आवाजका कारण मस्तिष्क नै खलबलिने पनि हुन्छ । डा. शर्मा भन्छन्, 'यस्ता चर्का आवाजका कारण मस्तिष्कमा असर पर्ने हुनाले ट्राफिक प्रहरीहरूमा बढी मात्रामा झर्कने स्वभाव हुने गरेको हुनसक्छ ।'

त्यसो त काठमाडौं उपत्यकाभित्र हर्न निषेध गरिएका धेरै ठाउँ छन्, तर 'नो हर्न' भनेर तोकेका विद्यालय, कलेज र अस्पताल छेउमा पनि हर्न निर्बाध रुपमा बजिरहेकै हुन्छ ।

'हर्नले त साह्रै डिस्टर्ब हन्छ, आफूले बोलेको विद्यार्थीले सुन्दै सुन्दैनन् झन् सानो स्वर भएका शिक्षकहरूले त पढाउनै सक्दैनन् । जाम छ, अगाडि जान नमिल्ने बेलामा पनि हर्न बजाएकै हुन्छन्', शान्ति विद्यागृह, लैनचौरकी शिक्षिका आरती जोशी बताउँछिन् ।

हुनत यो उनको मात्र समस्या होइन, यो समस्याले धेरैलाई पिरलेको छ कसैलाई मानसिक त कसैलाई शारीरिक ।

लगातार बजेका हर्नका आवाजका कारण आफू केही जोडले बोल्दा शक्ति लगाएर बोल्नु पर्ने बाहिरका आवाजका कारणले विद्यार्थीले राम्रोसँग नसुनिदिनाले आफूले भन्न खोजेका कुरा भन्न नपाइने समस्या अमृत साइन्स क्याम्पसका प्रध्यापक डा. मुकेश क्षेत्रीको छ ।

माइक्रो बसचालक भगवान पुरीको भने आफ्नै दुखेसो छ, 'निषेधित गरिएका क्षेत्रमा हर्न बजाउन हुन्न भन्ने त हामीलाई पनि थाहा छ नि । बाटो हिँड्ने मान्छेहरूले पनि त यो कुरा बुझ्नु पर्ने हो नि हैन ? जहाँ पायो त्यहीबाट बाटो काटिदिन्छन् । उनीहरूलाई केही भन्नु भयो त ? माथि पुल भएपछि पुलबाट बाटो काट्नु पर्छ भनेर तिनीहरूलाई थाहा छैन र ?'

यसरी निषेधित गरिएका क्षेत्रमा हर्न बजाउँदा बढीमा २ सय रुपैयाँ जरिवाना लाग्ने प्रावधान छ । ट्राफिक कार्यालय रामशाहपथमा कार्यरत एक ट्राफिक जवानको अर्कै दुखेसो छ, 'तर कसले कति खेर कहाँ हर्न बजायो भनेर हेर्नै भ्याइँदैन, त्यसमाथि पनि अचेलका लोकतन्त्र युगका ड्राइभरलाई केही भन्न हुन्छ र ? सानो कारबाही गर्‍यो कि आन्दोलन गर्न थाल्छन् । बाटोमा गाडी तेर्स्याइदिन्छन् ।'

गाडी अनियन्त्रित हर्नको समस्या काठमाडौंको समग्र ट्राफिक व्यवस्थापनसँग जोडिएको छ । ट्राफिक प्रहरी निरीक्षक राजन भेटवाल भन्छन्, 'काठमाडौंमा गाडी गुड्न मिल्ने बाटो जम्मा सात सय किलोमिटर छ । काठमाडौंमा ३ लाख २० हजार गाडीहरू भित्रिएका छन् अनि बाहिरबाट आएका गाडीहरू पनि थपिन्छन् । यदि काठमाडौं भित्र भएका सबै गाडीलाई सडकमा निकाल्ने हो भने जम्मा ७० प्रतिशत गाडी मात्र अटाउन मिल्ने बाटो छ । बाँकी गाडी घरमा थन्काउनु पर्ने हुन्छ ।' ■




# शक्तिशाली लघुकथाहरू




**साहित्यमा सामाजिक** विकृति र विसंगतिलाई जीवन्त प्रस्तुतिका साथ उतार्न सकियो भने त्यसले मार्गप्रदर्शकको भूमिका निर्वाह गर्न सक्छ। त्यसैले होला, कविता, कथा, निबन्ध, नाटकलगायत विधामा कलम चलाउने सर्जकले सामाजिक भोगाइबाटै ऊर्जा ग्रहण गर्छ। सामाजिक समस्यालाई मिहिनरूपले केलाउने पनि गर्छ, आफ्ना सिर्जनामार्फत। डा. रवीन्द्र समीर (पाण्डे) पेसाले चिकित्सक हुन्, तर बिरामीको रोग निदान र शल्यक्रिया गरेर मात्र उनलाई सन्तुष्टि प्राप्त हुँदैन। बचेखुचेको समयमा उनी समाजको शल्यक्रिया गर्न तम्सिन्छन्, तीक्ष्ण र प्रचुर व्यंग्यले भरिएका सुन्दर लघुकथा सिर्जना गरेर।

'विकिरण' कथाकार समीरको पछिल्लोपटक प्रकाशन भएको लघुकथासंग्रह हो, जसमा विभिन्न विषयको सेरोफेरोमा केन्द्रित भएर लेखिएका तीसवटा लघुकथा संगृहीत छन्। किताबका प्रायः सबै लघुकथा छोटा छरिता छन्, चोटिला छन्, तिनले कुनै न कुनै हिसाबले समाजका बेथितिको खोइरो खनेका छन्। विश्वभर अहिले 'पोस्ट मोडर्निज्म'को बहस चलिरहेको छ। मानवीय समस्या चुलिइरहेका छन्, समस्याको योजनाबद्ध रुपमा निकास नहुँदा भविष्यको गन्तव्य अनिश्चित बनिरहेको छ।

कथाकार समीरले कथाको 'प्लट' आफ्नै परिवेशबाट हासिल गरेका छन्। त्यसैले पनि बढी जीवन्त र मार्मिक लाग्छन्, उनका लघुकथाहरू। कथा पढ्दा लाग्छ- उनले समाजमा हरेक क्षेत्रमा भएका असंगत पक्षलाई खोतलेका छन्। वास्तवमा गहिराइसम्म पुगेर सामाजिक समस्या उधिन्ने प्रयास समेत भएको छ, उनका लघुकथामा। नेपाली राजनीतिको बेइमानीपूर्ण खेलले गर्दा मुलुकमा अस्थिर वातावरण सिर्जना भएको छ। झन् नेताहरूमा देखिएको निष्ठा, इमानदारीभन्दा पनि भोटमुखी राजनीतिले गर्दा विकासका पूर्वाधार गाउँसम्म नपुगेको कटु यथार्थलाई समीरले 'राजनीति' लघुकथाबाट यसरी अभिव्यक्त गरेका छन् :-

आफूले जितेमा गाउँमा विद्युत् र मोटरबाटो पुऱ्याउँछु भन्दै नेताजीले जनश्रमद्वारा बाटो खनाउन सुरु गरे। दुईचार वटा डोजरले धान फल्ने खेत एवं तोरी फुल्ने बारी भत्काउन थाले। बाटोको छेउछाउमा इतिहास बोकेर शीतलता प्रदान गरेका वरपीपल तथा समीका रूखहरू ढालिए र जमिनको सतह खनेर हातमुख जोड्ने किसानहरू कोदालो बोकेर पहरा फोड्न थाले, बिजुलीका खम्बा गाड्न थाले। यसप्रकार ठेला उठेका हातहरूको स्वस्तिक छापले नेताजी विजयी भए। चुनाव सकिएपछि तारविहीन विद्युत्का खम्बाहरू जस्ताको त्यस्तै बसे, डोजरहरू पनि नेतासँगै सहर पसे।

त्यसैगरी मुलुकको स्वास्थ्य क्षेत्रमा देखिएका समस्यालाई 'उपचार' र 'जाँचफिस' लघुकथाले सटीकरूपमा चित्रण गरेका छन्। मुलुकको समस्या विदेशीको इसाराले कहिल्यै समाधान हुन सक्दैन। आन्तरिक द्वन्द्व मुलुकभित्रकै पक्षहरू मिलेर सुल्झाउनुपर्ने आशय अभिव्यक्त गरेको छ, 'विदेशी प्रेस्क्रिप्सन'ले। समीरले राजनीति र स्वास्थ्य मात्र होइन, साहित्य, कला, आर्थिक, सांस्कृतिक, अन्धविश्वासलगायत सबै क्षेत्रमा देखिएका विकृतिको पर्दाफास गर्न चुकेका छैनन्। 'सलाम र फलाम', 'बिफ्रिङ' लघुकथामा पछिल्ला राजनीतिक घटनाको सेरोफेरोमा लेखिएका छन्।

■ **छत्र कार्की/काठमाडौं**

# बन्दुक त्यागेर कलम





**बन्दुक प्याँकेर** विचारको लडाइँ लड्नुपर्ने सन्देश दिँदै पर्चा कविता आन्दोलनका अगुवा पुण्यप्रसाद प्रसाई फेरि पाठकमाझ आएका छन्। भर्खरै बजारमा आएको उनको उपन्यास 'छापामार'ले अग्रगमन, शान्ति र स्वतन्त्रताको वकालत गरेको छ। शाही शासनको त्रासदी र एघारवर्षे हिंसात्मक द्वन्द्वलाई मुख्य विषय बस्तु बनाइएको 'छापामार'मा लट्टेमार्फत विद्रोह र अग्रगमन, झिम्कीमार्फत क्रान्तिकारिता, सुन्तलीमार्फत प्रेम, सुरक्षाकर्मीमार्फत निरंकुश शासनको ज्यादती झल्काउन खोजिएको छ। अन्ततः माओवादी कमान्डर कान्ताको हातले बन्दुक त्यागेर कलम बोक्न थालेपछि उपन्यास टुंगिन्छ। सायद नेपाली राजनीतिको यथार्थ परिवेशमा उपन्यासको अन्त्य घटित हुन भने अझै बाँकी नै छ।

सरर्र पढ्दा उपन्यास माओवादी नजिक देखिन्छ। श्रमजीवी र सर्वहारा वर्गप्रति सहानुभूति प्रकट गर्दै उपन्यासले राजतन्त्रको समूल अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्रको वकालत पनि गरेको छ। माओवादीका ज्यादती र कमजोरी छताछुल्ल पार्न पनि लेखक चुकेका छैनन्। 'समग्र उपन्यास पढ्दा लेखक माओवादीजस्तो लाग्दैन। यद्यपि समाजका दलित र उत्पीडित जनताप्रति उनमा झुकाव देखिन्छ। उपन्यासमा समकालीन द्वन्द्वलाई वस्तुनिष्ठ र सन्तुलित रुपमा चित्रण गरिएको छ', वरिष्ठ लेखक खगेन्द्र संग्रौलाको मूल्यांकन छ।

हिंसात्मक द्वन्द्वका घटना र निरंकुश शासनको परिवेश समेटिएकाले उपन्यास 'छापामार' साहित्यानुरागीका लागि मात्र हैन, राजनीति र इतिहासका पाठकका लागि पनि पठनीय छ। ■

# वर्णनात्मक यात्रा निबन्ध




**युवराज** पाण्डेले प्रशासकको रुपमा परिचय बनाइसकेका छन्। उनको परिचय प्रशासकको रुपमा मात्र सीमित छैन। प्रशासनसम्बन्धी चारवटा उपयोगी किताब प्रकाशन गरिसकेका पाण्डेले कविता, उपन्यास, कथा, नियात्रामा पनि कलम चलाएर साहित्यकारको छवि पनि बनाएका छन्। 'अमेरिका यात्राका अनुभूतिहरू' साहित्यकार पाण्डेको हालसालै सार्वजनिक भएको यात्रा संस्मरण हो, जसमा चार वर्षअघि उनले अमेरिका भ्रमण गर्दा लागेका व्यक्तिगत भोगाइ पस्केका छन्।

पाण्डेले वासिङटन, अस्टिन, फिनिक्स र बिज्म्यानलगायत क्षेत्रको सामाजिक, भौगोलिक, सांस्कृतिकलगायत विषयवस्तुलाई निबन्धमा उतारेका छन्।

निबन्ध संग्रह पढ्दा पाण्डेको भ्रमण शैक्षिक संस्थामा केन्द्रित भएको देखिन्छ। भ्रमणका क्रममा टेक्सास विश्वविद्यालय, एरिजोना स्टेट युनिभर्सिटीलगायत शिक्षण संस्थाबाट उनले हासिल गरेका अनुभव फलदायी हुने देखिन्छ। बैंक स्ट्रिट कलेजको अवलोकन गरेपछि उनले प्रस्तुत गरेको सार्वजनिक विद्यालय सुधारको अवधारणा हाम्रो मुलुकको निम्ति उपयोगी हुने देखिन्छ। पाण्डेले आफ्ना निबन्धमा स्थानको वर्णनमात्र गरेका छैनन्, नीतिगत कुरा पनि उल्लेख गरेका छन्।

प्रस्तुत निबनध संग्रहमा पाण्डेले आफ्ना व्यक्तिगत कुरा राख्नेभन्दा आफूले घुमेका ठाउँ र संस्थाबारे जानकारीमूलक विषयलाई उतार्ने जमर्को गरेका छन्। सारमा, अमेरिकाको शैक्षिक, सामाजिकलगायत विभिन्न विषयबारे जानकारी राख्ने व्यक्तिहरूको लागि यो किताब पठनीय मात्र होइन, संग्रहणीय पनि छ। साहित्यकार यादव खरेल पाण्डेको निबन्धकारिताबारे लेख्छन्, 'विषयमा विविधता भए पनि नेपाली शिक्षा क्षेत्रमा संलग्न र चासो राख्नेहरूका लागि पढ्नै पर्ने किताबका रुपमा प्रस्तुत भएको छ।' ■



# टाँचा

■ विवश पोखरेल

**अस्पतालको परिसरभित्र** दुई दिनसम्म लगातार जम्काभेट भइरह्यो उनीहरूको । उपचारका लागि आफ्नो देशदेखि टाढा एउटा अनकन्टार पराई देशमा पुगेका थिए उनीहरू । विदेशमा एक-अर्काको अनुहार आफ्नै देशको जस्तो लागेकाले प्रत्येकपल्ट उनीहरूको दृष्टि एक-अर्कासँग ठोकिन्थ्यो, तर त्यो भीडमा उनीहरूबीच बोलचाल र परिचय भने हुनसकिरहेको थिएन । पहिलो र दोस्रो दिन उनीहरूको समय व्यस्ततामा बित्यो । स्वास्थ्य उपचारका लागि आएका दुवै दम्पती कहिले पालोको प्रतीक्षामा लाममा उभिएका देखिन्थे भने कहिले स्वास्थ्यपरीक्षणमा व्यस्त ।

अस्पतालमा आएको पहिलो र दोस्रो दिन पतिपत्नी सँगै थिए । तेस्रो दिन भने पत्नीहरू देखिएनन्, पतिहरू मात्र थिए । सम्भवतः आ-आफ्ना अर्धांगिनीलाई आफू बसेको होटल वा डेरामा छाडेर अघिल्लो दिन जाँचेको विभिन्न रिपोर्ट लिन आएका थिए उनीहरू । दुवै रिपोर्ट लिने लाइनमा थिए, तर त्यस दिन पनि दुवै पुरुषका आँखाले अघिल्लो दुई दिन आफूलाई आकर्षण गरिरहेका ती नारी अनुहारलाई खोजिरहेका थिए, तर भेटिएनन् ।

तीन दिनभित्र आफ्ना मनभित्र बाँधेर राखेको कौतुहलताको बाँध बल्ल भत्कियो । दुईमध्ये एउटाले आफूभन्दा अगाडि उभिएको मान्छेको ध्यान आकृष्ट गर्‍यो ।

'तपाइँ नेपाली हो ?'

'हजुर ! अनि तपाइँ ?'

'म पनि नेपाली नै हुँ ।'

लामबाटै उनीहरूबीच परिचयको सिलसिला सुरु भयो । परिचयपछि नौलो ठाउँमा न्यास्रो अनुभूत गरिरहेका दुवै अलिक उत्साहित र प्रफुल्ल देखिए । सम्भवतः केही क्षण अनुभूतिमा आफ्नो देश पुगे उनीहरू ।

'अमृता शर्मा ।' रिपोर्ट लिने ठाउँबाट नाम बोलाइएपछि उनीहरूबीचको वार्तामा केही बेर पूर्णविराम लाग्यो । रिपोर्ट लिइसकेपछि अस्पताल परिसरबाट दुवै बाहिरिए ।

'अनि यहाँको को विरामी ?' केहीबेरपछि उनीहरूको स्थगित वार्ता फेरि अघि बढ्यो ।

'मेरी मिसेज ।'

'के विरामी ?'

'खै टुंगो लागिसकेको छैन, अनि तपाइँको ?'

'म र मेरी मिसेज दुवै ।'

'के भएको ?'

'खै के भन्नु विरामी नै अप्ठेरो छ ।' खिन्न देखियो ऊ ।

'अप्ठेरो के विरामी रहेछ हँ ?' पुनः एउटा प्रश्न गरेर फेरि उसलाई सोध्न मन लागेको थियो, तर अर्काले आलटाल गरेपछि त्यही प्रसंग कोट्याउन उपयुक्त ठानेन । मनमनै उसले बोलेको अप्ठ्यारो शब्दलाई अन्य धेरै रोगसँग तुलना गर्‍यो उसले- कतै यो अप्ठ्यारो रोग एड्स, क्यान्सर त होइन ?

'व्यक्तिसँग त परिचित भयौं हामी, नामसँग त परिचित भएनौं नि !' पहिले परिचयको प्रारम्भ गर्ने व्यक्तिले नै अर्कोसँग नामसहितको परिचयको अपेक्षा राख्यो ।

'म सुधाकर शर्मा ।'

'म शिविर केसी ।'

'जे होस् यो यात्राले एउटा नयाँ मित्र थप्यो ।' हात मिलाएर दुवैले आत्मीयता साटासाट गरे ।

'नमस्कार ।' आदरपूर्वक हात जोड्यो सुधाकरले । शिविर आफ्नो नवपरिचित मित्र लिएर आफ्नो डेरा पुगेको थियो । जेठको बाफिलो गर्मीमा शिविरकी पत्नी सुनन्दा ढोका ढप्काएर असरल्ल सुतेकी थिई । शिविरले जब ढोका खोल्यो सम्हालिएकी थिई ऊ ।

'उहाँ सुधाकर शर्मा, हाम्रै नेपालको मित्र ।' शिविरले परिचय गरायो । प्रत्युत्तरमा नमस्कार फर्काउँदै छक्क परी सुनन्दा । अघिल्लो दिन अस्पतालमा आँखा जुधेको मान्छे आज उसको लोग्नेसँगै ऊअगाडि उभिएको थियो ।

'अनि कहाँ बस्नुभएको छ ?' सुनन्दाले परिचयपछिको असहजतालाई सहजतामा ल्याउन खोजी । 'संयोगले नजिकनजिक नै रहेछौं । यहीं मस्जिदको छेउमा बसेका छौं ।' सुधाकरले थप्यो । 'हिजै तपाइँलाई देख्दै नेपालको जस्तो लागेर बोलूँबोलूँ लागेको थियो ।' फेरि थपी सुनन्दाले ।

'...' जवाफमा मुसुक्क हाँस्यो ऊ, केही बोलेन। त्यसपछि उनीहरूको मित्रता दुई व्यक्तिबीच मात्र सीमित नरहेर एक-अर्काका अर्धांगिनीसम्म पुग्यो। बिरानो ठाउँमा अझ निकट भए उनीहरू। अझ प्रगाढ भयो उनीहरूको सम्बन्ध।

डाक्टरलाई सम्पूर्ण रिपोर्ट देखाएको दिन केही उदास देखियो शिविर। 'सुधाकरजी ! तपाईं मलाई आज केही समय दिनसक्नुहुन्छ ?' कताकता हराइरहेको थियो ऊ।

'हुन्छ।' सहमतिमा टाउको हल्लायो सुधाकरले। अझै शिविर आफ्नो रोगबारे स्पष्ट नभएकोमा आश्चर्य लागिरहेको थियो उसलाई।'आज साँझ कतै एकान्तमा बिताऊँ, तपाईंसँग मेरो धेरै कुरा गर्नु छ।' सुधाकरको सहमतिपछि शिविरले आफ्नो प्रस्ताव राख्यो।

प्रस्तावअनुसार त्यस साँझ दुवै एकान्त डाँडामा पुगे। मरुभूमिजस्तो रुखो डाँडो, जहाँ प्राकृतिक सौन्दर्य निमिट्यान्न थियो। दुवै डाँडामाथिको एउटा अग्लो ढुंगामाथि बसेका थिए। दिनभरिको यात्रामा थकित घाम विश्राम लिने तरखरमा थियो। जहाँबाट मनोरम देखिन्थ्यो बजारको दृश्य, बाटा र पारिका डाँडापाखाहरू र अनवरत बगिरहेका रिक्सा मोटरहरूका लाम।

'सुधाकरजी ! अहिले म यही हामी बसेको डाँडाजस्तो छु, रुखो उदास र सौन्दर्यहीन। म तपाईंलाई आफ्नो पीडा सेयर गर्न चाहन्छु, मलाई सहयोग गर्न सक्नुहुन्छ ?' कालो बादलले ढाकेको आकाशजस्तो थियो उसको अनुहार।

'भन्नुस् मैले सकेसम्म म तपाईंको पीडा सेयर गर्न तयार छु।' उसको भावुकतासँग चिन्तित थियो सुधाकर।

'तपाईंलाई किन ढाँट्नु सुधाकरजी ! मसँग प्रशस्त सम्पत्ति छ, तर म निःसन्तान छु। सन्तान जन्माउने क्षमता मसँग छैन। सन्तान नहुनुको पीडाले निरन्तर घोच्छ, डस्छ मलाई।' उसको बोली एकाएक भक्कानिएको थियो। 'तपाईं मलाई यस कार्यमा 'हेल्प' गर्न सक्नुहुन्छ ?' ऊ केही अपेक्षा गरिरहेको थियो सुधाकरसँग।

'यसमा म तपाईंलाई के गर्न सक्छु र ! केवल सहानुभूतिसिवाय ?' उसको शब्दले स्तब्ध र झसंग भएको थियो सुधाकर।

'प्लिज हेल्प मी ?' अझ याचना गरिरहेको थियो ऊ, मानौं सुधाकर भगवान् हो।

'तपाईं मसँग कस्तो सहयोगको अपेक्षा गरिरहनुभएको छ ?' स्पष्ट हुन आग्रह गरिरहेको थियो सुधाकर।

'तपाईं मलाई प्रतिष्ठा दान दिनुस् सुधाकरजी ! ता कि म यो समाजमा शिर ठाडो पारेर हिँड्न सकूँ ? तपाईं र भाउजू यहीँ बसेर उपचार गराउनुस् सम्पूर्ण खर्च म व्यहोर्छु तर केही समय मेरा लागि यहीँ बसिदिनुस्।' उसको अनुनयको स्वर केही मलीन भयो।

'तपाईंको आशय मैले बुझिनँ शिविरजी ?' अन्योलग्रस्त थियो सुधाकर।

'म सुनन्दाको गर्भबाट एउटा सन्तानको अपेक्षा राख्दछु सुधाकर। तपाईं सुनन्दासँग केही रात...।' उसले आफ्नो वाक्य पूरा गर्न सकेन।

'असम्भव ! अर्काको शुक्रकीटबाट जन्मिएका सन्तानबाट तपाईं आफ्नो सन्तानको सन्तुष्टि पाउन सक्नुहुन्छ ?' उसको प्रस्तावले स्तब्ध भयो सुधाकर।

'आफ्नो अन्तर्मनले नमान्ला तर समाजका लागि।'

'भाउजूको अन्तर्मनले मान्छ ? यो कुरामा भाउजू सहमत हुनुहुन्छ ? प्लिज यो सस्तो फिल्मीकथाजस्तो प्रस्ताव नल्याउनुस्।' शिविरले आफ्नो कुरा पूरा गर्न नपाउँदै सुधाकर तर्कियो।

'म उसलाई मनाउँछु।' अझै याचना गरिरहेको थियो ऊ।

'प्लिज मलाई भाउजूको दृष्टिमा नगिराउनुस्, सरी !'

'म उसलाई मनाउँछु ! यो तपाईं र मबीचको अन्तरंग सम्झौता ...कतै लिक हुँदैन। प्लिज मेरो पीडा बुझिदिनुस् नत्र म घर नफर्के हुन्छ।' सुधाकरसँग एउटा लिसो टाँसिएको थियो ऊ।

'यस्तो पनि कहीं हुन्छ ?' एउटा सिनेमाको असम्भव कथाजस्तो लाग्यो सुधाकरलाई शिविरको प्रस्ताव। के भनूँ शोचमग्न भयो ऊ। मन न हो, सुधाकरको आँखामा सुनन्दाको सुन्दर रुप र सौन्दर्यले चाकाचुली खेल्यो, खेलिरहयो। तर ऊ अझै विश्वस्त हुन सकेन। एउटी आइमाई आफ्नो लोग्नेको स्वीकृतिमा कुनै परपुरुषसँग सुत्न सक्छे ? फेरि सोच्यो उसले, समाजका दृष्टिमा निरन्तर अपहेलित हुनुको साटो यस्ता अन्तरंग सम्झौतामा सहमत हुन पनि सक्छे कि। एउटा दुर्गन्धित पोखरीमा फुलेको कमलको फूलको अस्तित्वअगाडि एउटा पोखरीको अस्तित्व गौण हुन्छ। उसलाई लाग्यो- सम्भवतः त्यही सोचिरहेको छ शिविर। गर्भाधान एउटा अँध्यारो पक्ष हो भने प्रसव एउटा उज्यालो। त्यसैले अहिले ऊ अँध्यारो होइन, उज्यालोको पक्षमा छ, विनाश होइन सृष्टिको पक्षमा छ र सृष्टिका लागि ऊ आफ्नो सम्पूर्ण अस्तित्व च्याँखे थाप्न तयार छ।

'म के गरूँ ? सुधाकरजी !' अझै ऊ सुधाकरको स्वीकृति पर्खिरहेको थियो।

'...' निरुत्तर थियो सुधाकर। अमृताले यो कुरा थाहा पाई भने ? एउटा डर सुरेली खेलिरहेको थियो ऊभित्र।

'तपाईंको यो मौनतालाई म तपाईंको स्वीकृति ठान्छु। सुनन्दालाई म मनाउँछु।' विश्वश्त थियो शिविर। मौन सालिक उभिएको थियो सुधाकर किंकर्तव्यविमुढ।

मध्यरातको बाह्र बजेको थियो तर शिविर निदाउन सकिरहेको थिएन। सुनन्दासँग आफ्नो प्रस्ताव कसरी राखूँ ? ऊ मान्छे मान्दिन, ऊभित्र अनेक छटपटी र पीडा पौडी खेलिरहेको थियो।

'के भो ? अब जे हुने त भइगो अब छटपटाएर के गर्ने ? सुत्नुस्, कर्ममा जे लेखेको छ त्यो मेटिँदैन। लोग्नेको छटपटीले सुनन्दाको पनि निद्रा हराएको थियो।

'फेरि उही पीडा बोकेर घर फर्कनू ?' खुइय्य सुस्केरा हाल्यो शिविरले।

'जे हुने कुरा छ, त्यो भएर छाड्छ, नहुने कुरा टाउको फोड्दा पनि हुँदैन के गर्ने त ? कुनै धर्मपुत्र पालौंला र सन्तानको सन्तुष्टि मेटौंला। टिकट लिनुस् भोलि नै फर्कौं।' सुनन्दा सम्झाइरहेकी थिई। ऊभित्र पनि सन्तान नहुनुको पीडा छल्किरहेको थियो। डाक्टरको अन्तिम रिपोर्टले शिविरलाई झैं निरास बनाएको थियो उसलाई।

'एउटा कुरा भन्छु मान्छ्यौ ?' शिविरको आँखामा आँसु टलपलाइरहेको थियो।

'भन्नुस्।'

'आइमाईको सन्तान जन्माउने क्षमता भएन भने लोग्नेमान्छेले अर्को विवाह गर्छन्-गर्दैनन् ?' ऊ भूमिका बाँधिरहेको थियो।

'त्यो लोग्नेमा भर पर्छ।'

'अधिकांशले गर्छन् वा गर्दैनन् ?'

'गर्लान्।'

'प्लिज म तिमीलाई औधी माया गर्छु, त्यसैले म तिमीलाई अर्को विवाह गर भन्दिनँ, तर म तिमीलाई एउटा प्रस्ताव राख्छु एउटा अन्तरंग प्रस्ताव, तिमीले त्यो प्रस्ताव मान्नुपर्छ। भन मान्छ्यौ ?' ऊ सहमति खोजिरहेको थियो।

'कस्तो प्रस्ताव ?'

'तिमीले मेरा लागि आफ्नो कोखबाट एउटा सन्तान भने जन्माउनुपर्छ।'

'कृत्रिम गर्भाधानबाट ?'

'होइन, प्राकृतिक गर्भाधानबाट।'

'यो कसरी सम्भव छ ? जुन क्षमता तपाईंसँग छैन।' आश्चर्यचकित भइरहेकी थिई सुनन्दा।

'त्यसको विकल्प छ, तर यसमा तिम्रो स्वीकृति आवश्यक छ।' शिविरले थप्यो।

'कस्तो स्वीकृति ?' फेरि सोधी उसले।

'मैले एउटा आन्तरिक सम्झौता गरेको छु सुनन्दा ! यो हामीबीच मात्र सीमित रहन्छ।'

'कस्तो सम्झौता ?' अझ जिज्ञासु बनी ऊ।

उसले मुटु नै मिचेर भन्यो - यदि तिमी मान्यौ भने सुधाकरसँग...।'

'म वेश्या बनूँ ? आफ्नी स्वास्नी परपुरुषसँग सुतेको तपाईं आफ्नो आँखाले हेर्नसक्नु हुन्छ ?' उसको वाक्य पूरा हुन नपाई एकाएक उत्तेजित भई सुनन्दा।

'म सक्छु सुनन्दा ! सक्छु ! प्लिज मेरा लागि ...।' एकाएक भावुक भयो ऊ।

'अर्काको वीर्यले जन्मिएको सन्तान आफ्नो सन्तान हुन्छ ? तपाईंकै दृष्टिमा त्यो सन्तान सधैं हेय र घृणाको पात्र बन्छ। कुन मुटुले भन्नु हुँदैछ तपाईं ?' ऊ थरर कामिरहेकी थिई।

'त्यसो भए तिमी आफ्नो लोग्नेलाई समाजमा जिन्दगीभरि नामर्द र नपुंसकको उपाधिले विभूषित गर्न चाहन्छ्यौ ? समय छ, प्लिज आवेशमा नआई सोच, आखिर तिमी र मबीचको गोपनीयता सधैं गोप्य नै रहन्छ।' अझै याचना गरिरहेको थियो ऊ।

'तपाईंको दृष्टिमा म कुनै पशु हुँ, जसलाई गर्भाधान गराउन तपाईं ममाथि कुनै साँढे वा बोका लाउन चाहनुहुन्छ।' सुनन्दाको कारुणिक भक्कानो अझ अनियन्त्रित बन्यो।

'गलत नसोच, यो हाम्रो बाध्यता हो, समाजमा प्रतिष्ठित जीवन बाँच्ने एउटा बाध्यता। म त्यो समाजका दृष्टिमा नामर्द भएर बाँच्न चाहन्नँ सुनन्दा। म अन्य जुनसुकै पीडा भोग्न तयार छु।' शिविर अझ अनियन्त्रित र उत्तेजित भयो।

'म एकपल्ट होइन हजारपल्ट घर र समाजबाट गिर्न तयार छु, तर तपाईंको दृष्टि र आफ्नो अन्तर्मनबाट म गिर्न सक्दिनँ। असम्भव ! तपाईंलाई मर्द प्रमाणित गर्न म आफ्नो अस्तित्वमा वेश्याको टाँचा लाउन सक्दिनँ, बिन्ती ! मलाई नामर्दकै स्वास्नी हुन दिनुस्।' लोग्नेको प्रस्तावप्रति तीव्र विरोध जनाउँदै क्वाँक्वाँ रुन थाली सुनन्दा। परास्त ऊ प्रतिवादमा केही बोल्न सकेन, आफूमाथिको दलिन हेर्दै टोल्हायो -मात्र टोल्हाइरहयो। ■

# गीत गाइदेऊ गाइने दाइ

**सँगैका साथीहरू** कोही विदेश गए त, कोही अन्य पेसा गरी विभिन्न ठाउँमा बसिरहेका छन् । गोरखाका नरबहादुर गन्धर्व भने नौ वर्षदेखि आफ्नो पुर्ख्यौली पेसा सारंगी बजाएरै जीवन गुजारा गरिरहेका छन् । बढ्दो आधुनिकरण र सहरको रमझमले उनलाई कुनै प्रभाव पारेको छैन । झन् उनी त बढ्दो आधुनिकता र पाश्चात्य संगीतको प्रभाव रहेको ठमेलमै बसेर पेसालाई निरन्तरता दिइरहेका छन् । नौ दाजुभाइमध्ये उनी मात्र पुर्ख्यौली पेसामा छन् यतिखेर । पुस्तौंदेखिको पेसा छोड्न नसकेको बताउने उनी भन्छन्, 'तर आजभोलिका युवा पुस्ताहरू यस्तो काम गर्न त्यति रुचाउँदैनन् ।'

'हे नि वरै...' भन्दै मिठो भाका हाल्दै सारंगीको तालमा गीत गाउने झलकमान गन्धर्व हुन् वा खिमबहादुर गन्धर्व, उनीहरूको मृत्युसँगै सारंगी र गाइने दाइ पनि कथामै सीमित बन्न थालेका छन् । सारंगी रेट्दै मिठो लोकभाकामा गीत गाउँदै हिँड्ने गाइने दाइहरू अहिले देख्नै मुस्किल भइसकेको छ । बढ्दो आधुनिकीकरण र समाजमा उनीहरूप्रति हेर्ने नकारात्मक दृष्टिकोणले उनीहरूको पेसासँगै गन्धर्व जातिको अस्तित्व संकटमा परेको छ ।

संगीतलाई पेसा बनाउने गन्धर्वहरूलाई हाम्रो समाजमा कथित तल्लो जातिको रुपमा लिनुका साथै उनीहरू सारंगी बजाउनै जन्मेका हुन् भन्ने धारणा छ । गाउँघरतिर सुखदुःख अनि विरह वेदनालाई लयबद्ध बनाई सारंगीको तालमा गीत गाउने गाइने दाइहरू देख्न मुस्किल छ अचेल । यही पेसाबाट जीविकोपार्जन गर्ने स्थिति नभएकाले गाइने दाइहरू लोप हुन लागेको गन्धर्वहरूको भनाइ छ । 'बाउबाजेको पालामा गाउँलेहरूले अन्नबाली र पैसा सहयोग गर्थे, आजभोलि त कसैले वास्ता गर्दैनन्', चितवनका मनोज गन्धर्व भन्छन्, 'कति मानिसले त काम गरेर खान सक्ने हुँदाहुँदै गीत गाउँदै गाउँ डुल्ने भनी व्यंग्य गर्दै गाली गर्छन् ।' गीत गाउँदै हिँड्ने भएकाले गाइने भन्दै अपमानित बन्नुपर्ने उनको अनुभव छ । त्यसो त केही गन्धर्वले राजधानीलगायत केही सहरहरूका दोहोरी रेस्टुरेन्टहरूमा सारंगी बजाएर जीविका गरिरहेका पनि छन् ।

पन्ध्र वर्षदेखि ठमेलमै सारंगी बजाएर जीविका चलाइरहेका रामजी गन्धर्व पनि गाउँलेहरूले अपमान र तिरस्कार गरेकाले काठमाडौं छिरेको स्विकार्छन् । अरू साथीहरूले विभिन्न काम गरे पनि आफूले पुर्खाकै पेसा अपनाएको बताउने रामजी भन्छन्, 'महिनामा ३ हजारदेखि ६ हजारसम्म कमाइ हुन्छ । यही पेसामा लागेर परिवार पनि पालिरहेको छु ।' नेपालीहरूले त्यति महत्त्व नदिए पनि विदेशीहरूले सारंगीको धुन मन पराउने उनको अनुभव छ ।

गन्धर्व जाति र सारंगी बजाउने प्रचलन कहिलेदेखि सुरु भयो यकिन भन्न कठिन भए पनि सत्य युगमा स्वर्गका अप्सराहरूलाई मोहित गर्न देवताहरूले सारंगीकै धुन प्रयोग गरेका धार्मिक ग्रन्थहरूमा पाइन्छ । पृथ्वीनारायण शाहले एकीकरण अभियानमा सांगीतिक आनन्द लिन मणिराम गन्धर्वलाई सँगै लगेका थिए भनिन्छ । नेपाली गीत संगीतको सुरु नै सारंगीबाट भएको बताउनेहरू पनि छन् । संगीतविज्ञ गोपालनाथ योगी भन्छन्, 'वास्तविक नेपाली लोकसंगीतको जननी सारंगी हो, तर बढ्दो पाश्चात्य गीत संगीतको प्रभाव परेकाले सारंगी र गाइने दाइ ओझेलमा परेको छ ।'

२०५८ सालको जनगणनाअनुसार गन्धर्व जातिको जनसंख्या ५,६५८ छ । कथित तल्लो जातको रुपमा हेरिने हुँदा गन्धर्वहरूमा आफ्नो थर परिवर्तन गर्ने क्रम बढ्दो छ । उनीहरूको जनसंख्या घट्दै गइरहेको पाइन्छ । गन्धर्वहरूको मुख्य बसाइँ रहेको दाङ, चितवन, गोरखामा पनि उनीहरूलाई पाउन गाह्रो हुन थालेको छ । चितवनका तीर्थ गन्धर्व भन्छन्, 'आजभोलि गाउँघरमा डुल्ने काम लोप भइसक्यो ।' नयाँ पुस्ताको आकर्षण निकै कम रहेको उल्लेख गर्दै तीर्थ भन्छन्, 'प्रायलाई सारंगी बजाउनै आउँदैन ।'

हिजोका दिनहरूमा सारंगी गन्धर्वहरूको पुस्तौनी पेसा थियो, तर आज सारंगी नै बजाउनु पर्छ भन्ने मान्यता तोड्दै गन्धर्वहरूले विभिन्न पेसा अपनाएका छन् । सामाजिक संस्थामा काम गरिरहेका डा. दीर्घ गन्धर्व भन्छन्, 'अरू जातिले आफ्नो पुर्ख्यौली पेसालाई निकै परिमार्जित गरिसके, त्यसैले पनि हामी पेसा परिवर्तनको अवस्थामा छौं ।'

जाति र संस्कृति बचाइराख्ने उद्देश्यले केही गन्धर्वले गन्धर्व सांस्कृतिक कला संगठन खोलेका छन् । अध्यक्ष नरबहादुर गन्धर्वका अनुसार नेपालभरि करिब तीन सय गन्धर्वहरू मात्र आफ्नो पेसामा सक्रिय छन् । उनीहरूको संगठनमा भने १ सय ५० सदस्य छन्, जो सारंगी बजाएरै जीविका चलाउँछन् ।

सारंगी रेटी गीत गाउँदै गाउँबस्ती चहार्दै मान्छे जम्मा पार्ने र दुःखसुख, विरह वेदना तथा पीडालाई मार्मिक रुपमा लयबद्ध ढंगले प्रस्तुत गर्ने गाइने दाइहरू समाजमा निकै लोकप्रिय छन् । झलकमान, खिमबहादुर, बिर्खबहादुर, जंगबहादुर, तीर्थमानमात्रै होइन, नयाँ पुस्ताका रुबिन पनि समाजमा उस्तै चिनिएका छन् । सारंगी बजाएरै जनप्रिय बनेका रुबिनले लोकतन्त्र प्राप्तिका लागि निकै ठूलो योगदान दिएका थिए ।

■ **रश्मिकिरण श्रेष्ठ/काठमाडौं**



# पश्चिममा नेपथ्य



**शान्तिका लागि** संगीत कार्यक्रम लिएर मुलुक यात्रामा निस्केको नेपथ्यले धनगढीका दर्शकलाई आफ्नो प्रस्तुतिले मोहित गर्नुअघि बुटवलमा युवायुवतीलाई मात्र हैन, स्कुले बालबालिकालाई पनि नचायो। उसको प्रस्तुति, सन्देश र आधुनिक प्रविधि सबैभन्दा तारिफयोग्य थिए।

नेपालय आयोजक र स्थानीय कालिका मावि बुटवल सहआयोजक रहेको कार्यक्रमले बुटवलमा दुई दिनसम्म दर्शक तताएको थियो। प्रस्तुतिका क्रममा बुटवलको कालिका चलचित्र मन्दिर खचाखच भरिएको थियो।

नेपथ्यको प्रस्तुतिमा मनोरञ्जन, शिक्षाको सन्देश र राष्ट्रभक्ति सबै विषयको कुशल संयोजन थियो।

पहिलो दिन स्कुले कलिला विद्यार्थी, अनाथ, असहाय बालबालिका र आमन्त्रितहरूलाई निःशुल्क र दोस्रो दिन टिकट सशुल्क कार्यक्रममार्फत नेपथ्यका कलाकारहरूले बुटवलवासीलाई अर्थपूर्ण सन्देशका साथ पूर्ण मनोरञ्जन दिएका थिए।

नेपथ्यका गायक अमृत गुरुङले मञ्चमा आफ्नो लामो चुल्ठो हल्लाउँद स्वर चर्काउन थालेपछि नै बुटवल तात्न सुरु गरेको थियो। उनले युद्धको चित्कार, मैनापोखरी घटनाको गीति वृत्तान्तदेखि आफ्नो ब्यान्डका चर्चित गीतहरू र गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ, तिमी देउ तिम्रा हातहरू म दिन्छु मेरा हातहरूसम्मका नचाउने, हँसाउने र रगत उमाल्ने खालका करिब एक दर्जन गीत सुनाएका थिए।

उनका गीतसँगसँगै बुटवलका युवा र विद्यार्थीहरूले उनलाई न्यानो साथ दिएका थिए।

बुटवललाई नचाएर हिँडेको यो समूह धनगढीवासीलाई पनि तताएर सुर्खेत हान्निएको छ। नारायणघाटबाट यात्रा सुरु गरेको समूहले दमक, धनकुटा, लाहान, हेटौंडामा कार्यक्रम सकेपछि बुटवलमा प्रस्तुति गरेको थियो। सुर्खेतपछि अर्घाखाँची, गुल्मी, पोखरा, लमजुङ, नुवाकोट, दोलखा हुँदै काठमाडौं पुगेर नेपथ्यको यात्रा समापन हुनेछ।

तीन वर्षदेखि मुलुकभर सांगीतिक प्रस्तुतबाट शिक्षा र शान्तिको सन्देश फैलाउँदै आएको नेपथ्यको संगीतयात्रा यो वर्ष सोचेभन्दा सफल र अर्थपूर्ण बनेको आयोजक नेपालयका अर्पण शर्मा बताउँछन्।

■ **दीपक ज्ञवाली/बुटवल**



# अविरल यात्रा

'रक्तकुण्ड लेख्ने तपाईं नै हो, होइन होला ?' अचेल पत्रकार कृष्ण अविरललाई नयाँ ठाउँमा परिचय दिँदा यस्तै प्रश्नहरू ओइरिने गर्छन्। 'हो, मै हुँ उनले उत्तर दिए पनि अधिकांशले पत्यार मान्दैनन् यसलाई। सानो काँटका अविरलको पछिल्लो उपन्यास 'रक्तकुण्ड' विषयका दृष्टिले गहन भएकाले पनि धेरैलाई पत्यार नलागेको हुन सक्छ।

लेखको समाचारका कारण सबैतिर छाइरहने पत्रकार अविरल अहिले उपन्यासकारको अवतारमा चर्चामा आएका छन्। उनी चर्चित हुनुको एउटै कारण हो- अहिलेसम्म कसैले पनि हात नहालेको विषयमा उनले कलम चलाएका छन्। उनको उपन्यास 'रक्तकुण्ड' अहिले बजारमा 'हटकेक' नै बनेको छ। विवादित र सबैको चासो बन्ने दरबारको भित्री कुरा समेटिएकाले पनि उपन्यासले एक सातामै बिक्रीको हिसाबले पछिल्लो समयमा



प्रकाशित साहित्यिक किताबहरूलाई उछिनेको छ।

प्रस्तुत उपन्यास रिपोर्ताज शैलीमै भए पनि खोजमूलक र गहन छ, धेरै जानकारी पाउन सक्छन् पाठकले। अविरल भन्छन्, 'दरबारभित्रका बेइमानी, धोखा, कपट, सामन्ती संस्कारलाई प्रतिबिम्बित गरेकाले पढ्न थालेपछि कुनै पाठकले नसिध्याउन्जेल छोड्न सक्दैन।' उपन्यासमा व्यक्तिगत गालीगलौज पनि छन्, जुन सिर्जनात्मक तत्त्वको हिसाबले आवश्यक थिएन।

दरबारभित्र हुने विभिन्न गतिविधिबारे आममानिसले चासो राख्छन्। त्यसो त दरबारभित्रका धोखा, षड्यन्त्र, यौनप्रकरणबारे आ-आफ्नै अनुमान र अड्कलबाजी पनि नसुनिएका होइनन्। राजसंस्था निलम्बित जस्तै अवस्थामा रहेका बेला पत्रकार अविरलले दरबार र राजपरिवार क्रियाकलापलाई यस उपन्यासमार्फत पर्दाफास गरेका छन्। अविरलको लेखनयात्रा अविरल होस्! ■





युवराज घिमिरे

# माघ १
# सकारात्मक र नकारात्मक सम्भावना

**फागुन ७,** पुस १ र कात्तिक २३ जस्तै नेपालको राजनीतिक क्यालेन्डरमा अब अर्को एउटा मिति थपिएको छ - माघ १ गते । अन्तरिम संविधानलाई आमूल परिवर्तनकारी राजनीतिक चिन्तन र आन्दोलनको विजयको दस्तावेजका रुपमा प्रस्तुत गरिएको छ, अन्तरिम संविधानलाई । मुलुक अझै पनि आठ दलबीचको अंशबन्डा र त्यसबाट उत्पन्न उल्लासबाट अग्रगमनमा जान सक्छ र शान्ति, प्रजातन्त्र र प्रगति सहजै प्राप्त गर्न सकिन्छ भन्ने अप्राकृतिक सोच पनि नवसत्ताधारीहरूमा निहित छ ।

तर राजनीतिक क्यालेन्डरमा यो दिन अत्यन्त गम्भीर चेतावनी र केही अपसगुन पनि लिएर आएको छ । स्वतन्त्र न्यायपालिकाको अस्तित्वलाई स्वीकार नगरिएकै अवस्थामा र अधिनायकवादी प्रधानमन्त्रीको अवधारणाका साथ स्थापित गरिँदै छ माघ १ लाई । महाभूकम्पको १६३ औं जयन्तीको पूर्वसन्ध्यामा जारी अन्तरिम संविधानको राज्यको अवधारणात्मक अस्तित्वका लागि चुनौती नबन्ला ? सरकार र अन्तरिम संसद्मा आपसी सहमतिकै आधारमा एकाधिकार जमाएका आठ दलहरूले सचेत भएर अन्तरिम संविधानका गम्भीर त्रुटिहरूलाई सच्याएनन् भने परिणति अवश्य पनि खतरनाक हुनेछ ।

मुलुकले राज्यका चरित्रहरू लगभग गुमाइसकेको छ । कानुन व्यवस्थाको स्थिति दयनीय छ । राज्यको उपस्थिति समाप्त जस्तै छ । कर उठाउने उसको एकाधिकार द्वन्द्वको अवस्थामा मात्र हैन, शान्ति सम्झौता घोषित भएको यति लामो समयसम्म पनि स्थापित हुन सकेको छैन । उता राज्य बलियो र आधिकारिकतापूर्ण रहेको अवस्थामा उसको प्रतिनिधित्व गर्ने सरकारलाई संवेदनशील, थप सक्रिय र जनमुखी बनाउन सहायक राज्यका प्रतिपक्षी शक्तिहरू राज्यको अस्तित्वलाई चुनौती दिँदै अति शक्तिशाली बन्न पुगेका छन् । अन्तरिम संविधानको न्याय प्रदान गर्ने राज्यको न्यायिक अंग - न्यायपालिका कार्यपालिकाको खटनको अंग बनी उसको अस्तित्व संकटमा पर्दा राज्यबाट न्याय पाइने आशा पनि जनताले गर्न नसक्ने अवस्था सिर्जना भएको छ ।

**मुलुकले राज्यका चरित्रहरू लगभग गुमाइसकेको छ । कानुन व्यवस्थाको स्थिति दयनीय छ । राज्यको उपस्थिति समाप्त जस्तै छ । कर उठाउने उसको एकाधिकार द्वन्द्वको अवस्थामा मात्र हैन, शान्ति सम्झौता घोषित भएको यति लामो समयसम्म पनि स्थापित हुन सकेको छैन । उता राज्य बलियो र आधिकारिकतापूर्ण रहेको अवस्थामा उसको प्रतिनिधित्व गर्ने सरकारलाई संवेदनशील, थप सक्रिय र जनमुखी बनाउन सहायक राज्यका प्रतिपक्षी शक्तिहरू राज्यको अस्तित्वलाई चुनौती दिँदै अति शक्तिशाली बन्न पुगेका छन् ।**

राज्यका प्रतिनिधिहरू राज्य अवधारणाका प्रतिपक्षी शक्तिहरूको प्रतिनिधिका रुपमा स्थापित हुने अभियानमा देखिनु सत्ता परिवर्तनको मात्र नभएर राज्यको अस्तित्व संकटमा पर्न लागेको परिचय हो । यसका चार प्रतिनिधि उदाहरणलाई लिऊँ । डा. देवेन्द्रराज पाण्डे संस्कार र पारिवारिक पृष्ठभूमिका आधारमा राणा शासनदेखि नै सत्ताका प्रतिनिधि हुन् । पञ्चायत व्यवस्थामा उनी श्री ५ को सरकारका सचिव बने, ०४६ को आन्दोलनपश्चात् मन्त्री र अहिले नयाँ नेपालको निर्माणमा सक्रिय नागरिक आन्दोलनका अगुवा ।

डा. महेश मास्के वर्तमान सत्तामा उपप्रधानमन्त्री रहेका व्यक्तिका सरकारी सल्लाहकार हुन्, जसले सरकारी ढुकुटीबाट तलब खान्छन् । तर, उनी नागरिक समाजका अगुवा मानिन्छन्, त्यही रूपमा सार्वजनिक हुन्छन् र विरोध प्रदर्शनमा भाग लिन्छन् ।

कृष्णजंग रायमाझी पञ्चायत कालमा जर्नेल दानगम्भीरसिंह रायमाझी र काका केशरजंग रायमाझीको प्रभावबाट न्यायिक सेवामा घुसेका व्यक्ति हुन्, जो बहुदलीय प्रजातन्त्रमा सर्वोच्चका न्यायाधीशसम्म बन्न पुगे । अवकाशपछि उनी नागरिक समाजका सक्रिय सदस्य हुँदा नै न्यायिक जामा ओढाइएको राजनीतिक छानबिन आयोगका अध्यक्ष बन्न पुगे र अहिले आयोगको राजनीतिक चरित्रका बाबजुद नागरिक समाज र केही मानवअधिकारवादीहरू उनको प्रतिवेदनमाथि आँखा चिम्लेर कारबाही गर्न सरकारमाथि दबाब दिइरहेका छन् ।

र, चौथा व्यक्ति हुन् निरीह राज्यका सर्वशक्तिशाली गृहमन्त्री कृष्णप्रसाद सिटौला । राज्यले मन्त्रीका रुपमा प्रदान गरेको वैधानिक हैसियतका आधारमा नभएर रायमाझीसँगको साँठगाँठबाट उनले सरकारका सुरक्षानिकायहरूमा धाँधली मात्र गरेनन्, अहिले प्रधानमन्त्रीलाई धम्क्याउन पनि उनी राज्यका प्रतिपक्षी शक्तिहरूसँगको आफ्नो सामीप्यलाई प्रयोग गर्ने गर्छन् । राज्यका प्रतिनिधिले राज्यको आधिकारिकताबाटभन्दा प्रतिपक्षीका शक्तिबाट वैधानिकता हासिल गर्नु राज्य कमजोर भएको प्रमाण हो । पाण्डे, रायमाझी, मास्के र सिटौलाको राज्यका प्रतिपक्षी शक्तिहरूका रुपमा स्वीकार्यताले राज्य धराशायी हुन लागेको जनाउँछ । अर्थात् माघ १ गतेको ऐतिहासिक गन्तव्यमा पुग्दासम्म नेपाल लिओ रोज र भुवनलाल जोशीले भनेजस्तै 'बदला र आत्मरति'कै राजनीतिमा छ ।

आठ दल र नागरिक समाज बदलाको राजनीतिसँगै आत्मरतिमा लिप्त छन्, तर राज्य धराशायी हुन लागेको संकेत बुझ्न सकिरहेका छैनन् ।

अधिनायकवादले निम्त्याउने जनआक्रोश राज्यसत्ता परिवर्तनको सीमासम्म सकारात्मक उपलब्धिको कारक बन्न सक्छ, तर अधिनायकवादको विकल्पका शक्तिहरूले स्वयं अधिनायकवादी चरित्र धारण गरेमा त्यसले राज्यलाई संकटमा पार्दै अराजकता जन्माउँछ वा ऊ स्वयंले अधिनायकवादको स्वभाविक नियति भोग्न पुग्छ । सत्तामा आठ दलबाहेक अरूलाई साझेदारीबाट वञ्चित गर्ने सहमतिले आठ दल अधिनायकवादका नयाँ प्रतीक बन्ने खतरा उत्पन्न भएको छ । न्यायपालिकाप्रतिको उनीहरूको व्यवहारले त्यो आशंकालाई अझ प्रबल बनाएको छ ।

त्यसैले माघ १ गते र त्योसँग जोडिएको अन्तरिम संविधान, त्योसँग देखिएका आठ दलहरूको एकाधिकार अनि नागरिक समाजको राज्यसत्तासँगको अप्राकृतिक सम्बन्धबारे तत्काल पुनर्विचार हुनु आवश्यक छ ।

चिकित्साशास्त्रको भाषा प्रयोग गर्दा राज्य र नागरिक समाजको सम्बन्ध शरीर र 'एन्टी बडिज'को जस्तो हुनुपर्छ, तर शरीर ध्वस्त भएमा रोगनिरोधक एन्टी बडिज पनि स्वतः समाप्त हुनेछन् । ■